# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ५ पूर्णाङ्क १०३ | २०७५ असार ३२ गते सोमबार | Monday, July 16, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## डा.केसीको जीवन रक्षाको माग

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट बुद्धिजीवी, प्राध्यापक, जनसाँस्कृतिक/पत्रकार महासंघले संयुक्त रूपमा एक वक्तव्य जारी गरी गत १४ दिनदेखि चिकित्सा शिक्षा क्षेत्र सुधारको माग राखी अनसनरत डा. गोविन्द केसीका जायज मागहरूप्रति सरकारले देखाएको उदासिनताप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै डा. केसीका जायज माग पूरा गर्न जोडदार माग गरेका छन् ।

नेपाल राष्ट्रिय प्राध्यापक संगठनका केन्द्रीय अध्यक्ष प्रा.डा. जगदीश चन्द्र भण्डारी, अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष ईश्वरचन्द्र ज्ञवाली, राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च, नेपालका संयोजक हुकुमबहादुर सिंह र क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले संयुक्त रूपमा जारी गरेको वक्तव्यमा भनिएको छ, 'गत १४ दिनदेखि चिकित्सा शिक्षा क्षेत्र सुधारको माग राखी जुम्लामा अनशनरत डा. गोविन्द केसी राखेका जायज मागहरूप्रति सरकारले देखाएको उदासिनताप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको ...बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीका प्रदेश समितिका बैठकहरू सम्पन्न हुँदै

# संघर्षका योजना निर्माणमा केन्द्रित

● वर्गदृष्टि संवाददाता

काठमाडौं । असार १२ देखि १६ मा सम्पन्न पार्टीको केन्द्रीय समितिको बैठकले लिएका निर्णयहरू अनुरूप स्थानीय संघर्ष उठानका लागि नेकपा (क्रान्तिकारी माओवादी) अहिले व्यूरो, प्रदेशको बैठकमा जुटिरहेको छ । प्राप्त समाचार अनुसार १ नं. व्यूरोको बैठक २६ र २७ असारमा सिरहाको लहानमा सम्पन्न भएको छ भने १ नं. प्रदेशको बैठक २८ र २ ९ असारमा सुनसरीको धरानमा सम्पन्न भएको छ । त्यसैगरी प्रदेश २ नं.को बैठक ३० र ३१ असारमा सम्पन्न भएको छ । २ नं. व्यूरोको बैठक २८, २९ र ३० असारमा काठमाडौंमा सम्पन्न भएको छ भने ३ नं. प्रदेशको बैठक ३१ र ३२ असारमा सम्पन्न हुँदैछ । बाँकेबाट प्राप्त समाचार अनुसार ४ नं. व्यूरोको बैठक बाँकेको कोहलपुरमा २७ असारमा सम्पन्न भएको छ भने ७ नं. प्रदेशको बैठक ३१ असारमा सम्पन्न भएको छ । ६ नं. प्रदेशको बैठक भने १४ साउनमा सुर्खेतमा बस्ने भएको छ । बुटवलबाट प्राप्त समाचार अनुसार ३ नं. व्यूरोको बैठक ३ र ४ साउनमा बुटवलमा राखिएको छ भने त्यसलगत्तै ४ र ५ नं. प्रदेशको बैठक बस्ने बताइएको छ ।



बैठकहरूबाट क्रान्तिकारी माओवादीले प्रदेश, जिल्ला तथा स्थानीय तहका संघर्षमा विशेष जोड दिएको छ । केन्द्रीय समितिको बैठकले जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संघर्षको तयारी गर्ने निर्णय गरेनुरूप ७ वटै प्रदेशहरूमा त्यस्ता संघर्षहरू स्थानीय संघर्षको रूपमा विकास गर्ने निर्णय व्यूरो र प्रदेश बैठकले गरेको छ । पार्टीको स्थिति अनुसार जिल्लाहरूको वर्गीकरण गरी संघर्षका योजना निर्माणमा बैठकहरू केन्द्रित भएका छन् ।

प्राप्त समाचार अनुसार मजदुर, सुकुम्बासी, किसान, युवा, विद्यार्थी, आदिवासी जनजाति, मधेशी, मुस्लिमलगायतका मोर्चाका ठोस मागलाई सम्बन्धित तहमा पार्टी र जबस मोर्चाहरूद्वारा सूत्रबद्ध गरी संघर्षको उठान गर्ने ती बैठकबाट निर्णय गरिएको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका जल्दाबल्दा विषय, भ्रष्टाचार, महंगी, विभिन्न उत्पीडन, अन्याय-अत्याचारको विरोधसित सम्बन्धित रहेर त्यस्ता संघर्षहरूको उठान गर्ने निर्णयहरू गरिएका छन् ।

सिंहदरबारको भ्रष्टाचार र अनियमितता प्रदेश, जिल्लाहुँदै स्थानीय तहसम्म संस्थागत रूपमा फैलिएको, महंगी र कालोबजारी बढेर गएको, दिनदिनै बेरोजगार युवाहरूको संख्या बढ्दै गएको, लैङ्गिक हिंसा बढेको, राष्ट्रिय स्वाधीनताको मुद्दा विकराल बन्दै गएको विश्लेषण गर्दै यी समस्या समाधानका लागि संघर्ष निर्विकल्प रहेको निष्कर्ष निकालिएको छ । स्थानीय जनताले भोग्नु परेका समस्याहरूलाई सुत्रबद्ध गरी ती समस्या समाधानका लागि स्थानीय तहका सरकारी निकायमा ज्ञापन पत्र बुझाउने र माग पूरा गराउन ...बाँकी ५ पेजमा

## अखिल (क्रान्तिकारी) काठमाडौं जिल्लाको विशेष भेला सम्पन्न



यही असार २९ गतेको दिन अखिल (क्रान्तिकारी) काठमाडौं जिल्ला संगठन समितिको विशेष भेला प्रदर्शनीमार्ग, काठमाडौं स्थित नेपाल ल क्याम्पसमा सम्पन्न भयो । संगठनका महासचिव राम नेपालीको प्रमुख आतिथ्य, देजमो नेपाल काठमाडौंका अध्यक्ष क. खगेन्द्र छन्त्यालको विशेष आतिथ्य तथा संगठनका पदाधिकारी पेसल दाहाल, ज्ञानु खतिवडा, कोषाध्यक्ष शिलु न्यौपाने लगायतका नेताहरूको उपस्थिति रहेको थियो । भेलाको सभाअध्यक्षता संगठनका जिल्ला अध्यक्ष महेश श्रेष्ठ गर्नु भएको थियो भने अस्मिता श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नु भएको थियो । भेलाले सन्तोष दाहाल "संघर्ष"को संयोजकत्वमा ३१ सदस्यीय जिल्ला समिति निर्माण गरेको छ ।

सन्तोष दाहाल "संघर्ष" को संयोजकमा प्रतिभा सुवेदी, जितेन्द्र लम्साल, कपिल भट्ट, विनोद के.सी., रमेश खनाल, सुजन सापकोटा, मनोविज्ञान शर्मा, बासु न्यौपाने, कमल चौलागाई, सिताराम शर्मा, हेमराज शर्मा, समिर आचार्य, सुरज आचार्य, ...बाँकी ५ पेजमा

# प्रतिरोध संघर्ष सञ्चालन गर्दै विशेष राष्ट्रिय भेलाको तयारीमा अखिल (क्रान्तिकारी)

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट विध्यार्थी संगठन अखिल (क्रान्तिकारी)ले प्रतिरोध संघर्ष सञ्चालन गर्ने निर्णय गरेको छ । देशमा बहुमतप्राप्त वाम भनिनेहरूको सरकार आएपछि शैक्षिक क्षेत्र झन् अस्तव्यस्त हुन पुगेको छ ।

सामुदायिक विद्यालयहरूको व्यवःथापनका लागि सरकारले न त उचित बजेट नै छुट्याएको छ, न त बजेट बनाउन दिने गरी अधिकार नै जिल्ला समन्वय समिति तथा ःथानीय सरकारहरूलाई नै दिएको छ । यसले गर्दा सरकारी विद्यालयहरूमा पनि भौतिक पूर्वाधार निर्माण तथा निजी दरवन्दीमा राखिएका शिक्षकहरूको तलबका लागि अहिले पनि भर्ना शुल्क लिइँदै गरेको छ । त्यसलाई विद्यालय व्यवःथापन सेवा शुल्कका नाममा पनि लिने गरिएको देखिएको छ ।

देशमा वाम बहुमतको सरकार गठन भएपछि महंगी झनै आकाशिएको छ । एकमना सरकारको पालामा जनजीविकाका समःयाहरू निकै विकराल बन्दै गएका छन् । राष्टघाती सन्धि र सम्झौताहरू विनापुरावलोकन कार्यान्वयन गरिने प्रतिबद्धता जाहेर गरिएका छन् । खाद्य पदार्थहरूमा अखाद्य वःतुहरूको मिसावट मात्र नभएर विषादीहरू पनि निकै प्रयोग गरिएको छ । यसले जनता र उपभोक्ताहरूको जीवनमा नराम्रो असर पुर्याएको छ । नक्कली बजार अनुगमन गर्दै तर्साउँदै र घुस लिँदै गरिहेका छन् मन्त्रीहरू र सरकारी मानिसहरू ।

यी समःयाहरूलाई लिएर अखिल (क्रान्तिकारी)को आइतवार समपन्न केन्द्रीय समितिको बैठकले ःथानीय विशिष्टताका आधारमा संघर्षका कार्यक्रमहरू अघि बढाउने निर्णय गरेको छ । संघर्षका कार्यक्रमहरूलाई संगठन निर्माणको कडीसँग जोडेर लगिने बताइएको छ । संघर्ष प्रत्येक प्रदेश र जिल्लाका संयोजकहरूको नेतृत्वमा अघि बढाइने तय भएको छ ।

संगठनले गरेको निर्णय अनुसार यही असोज ५ र ६ गते काठमाडौंमा संगठनको विशेष राष्ट्रिय भेला सम्पन्न गरिने छ । उक्त विशेष राष्ट्रिय भेला तयारीका लागि पाँचवटा उपसमितिहरू निर्माण गरिएको छ । समितिहरूमा ललितजंग थापाको संयोजकत्वमा विध्यार्थी परिचालन उपसमिति, ज्ञानु खतिवडाको संयोजकत्वमा प्रचार प्रसार उपसमिति, शिलु न्यौपानेको नेतृत्वमा आर्थिक ...बाँकी ७ पेजमा

## नयाँ मापदण्डका आधारमा तलबमान निर्धारण नगरिए देशव्यापी संघर्षमा उत्रने मजदुर संगठनहरूको संयुक्त चेतावनी

काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले हालै सार्वजानिक गरेको मजदुरहरूको न्युनतम पारिश्रमिक र दैनिक ज्याला निर्धारणप्रति गम्भीर असहमति प्रकट गर्दै चारवटा मजदुर संगठनहरूले एक संयुक्त प्रेस विज्ञप्ति जारी गरेका छन् । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष ईश्वर तिमिल्सिना, नेकपा (विप्लव) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष अमर झाक्री, नेकपा (माओवादी केन्द्र) निकट क्रान्तिकारी ट्रेड युनियन महासंघ नेपालका अध्यक्ष राजन तिमल्सिना र नेकपा (माले) निकट प्रगतिशील नेपाल स्वतन्त्र ट्रेड युनियन महासंघका अध्यक्ष केदार गिरीद्वारा संयुक्त हस्ताक्षरित विज्ञप्तिमा यदि सरकारले नयाँ तलवमान निर्धारण नगरेमा देशव्यापी संघर्षमा उत्रने चेतावनी पनि दिइएको छ ।

विज्ञप्तिमा भनिएको छ- 'श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले हालै सार्वजानिक गरेको मजदुरहरूको न्युनतम पारिश्रमिक रु. १३४५०।- र दैनिक ज्याला रु.५१७।- रूपैयाँ निर्धारण गरेको प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । सरकार रोजगारदाता र ट्रेड यूनियनका प्रतिनिधिसहित सहभागी रहेको भनिएको न्युनतम वेतन निर्धारण समितिले गरेको सो निर्णय र प्रक्रियाप्रति हाम्रो गम्भीर असहमति रहेको छ ।'

देशमा वाम भनिनेहरूको बहुमतको सरकार गठन भएको र मजदुरहरूको भलाइ र हितलाई सर्वोपरि राखिने भनी अपेक्षा गरिएको बेला मजदुरविरोधी तलवमान कायम गरिएको कुरालाई उजागर गर्दै विज्ञप्तिमा भनिएको छ- 'कम्युनिष्ट ...बाँकी ७ पेजमा

## 'प्राज्ञिक तथा बौद्धिक स्वतन्त्रतामाथि ठाडो हस्तक्षेप गरियो'

नेपाल राष्ट्रिय प्राध्यापक सङ्गठनका अध्यक्ष प्रा.डा.जगदीशचन्द्र भण्डारीले संस्कृत विश्वविद्यालयका उपकूलपति प्रा.डा.कुलप्रसाद कोइरालालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट साधा पोसाकका प्रहरीहरूले भ्यानमा राखेर बालुवाटारमा पुर्‍याइएको घटनालाई प्राज्ञिक तथा वौद्धिक स्वतन्त्रतामाथि ठाडो हस्तक्षेप भनेका छन् । उनका अनुसार प्राज्ञिक तथा वौद्धिक क्षेत्रमा भएको यो हस्तक्षेप स्वायत्त संस्थामाथिको हस्तक्षेप पनि हो । कूलपति र उपकूलपतिका बीचमा यति ठूलो 'कम्युनिकेशन ग्याप' रहन जानु देश, जनता र नेपालको समग्र शैक्षिक तथ वौद्धिक जगतका लागि अशोभनीय कुरा पनि हो ।

देशभित्ररहेका राजनीतिक पार्टीका विचार र मतमतान्तरहरू तथा अन्तरविरोधहरू आफ्ना ठाउँमा रहन सक्छन् । तर त्यो घरेलु असमझदारी यसरी अन्तर्राष्ट्रिय र त्यो पनि अझ वौद्धिक र प्राज्ञिक क्षेत्रमा यसरी छताछुल्ल हुनु पुग्नु हामी नेपालीका लागि निकै लज्जाको विषय हो ।

विदेश जानु अघि कुलपति र उपकुलपतिका बीचमा सम्वाद मात्र होइन, के एजेण्डा वा कुरा लिएर जाने भनेर विस्तृत छलफल हुनु पनि जरुरी छ । किनकि, उपकुलपति कोइराला शनिबार अपरान्ह क्यानडामा आयोजना हुन लागेको १७ औं विश्व संस्कृति सम्मेलनमा सहभागी हुन जान लागेका थिए । उनको यो सहभागिता देशको सहभागिता र इज्जतको कुरा पनि थियो ।

यस्तो बेला उपकूलपतिलाई विदेश जान नदिनु ...बाँकी ७ पेजमा

# ओली–प्रचण्ड कम्पनी र ठेकेदारहरूको सम्बन्ध

आज नेपाल कम्युनिस्ट पार्टी (ने क पा)का अध्यक्षद्वय केपी ओली र प्रचण्डले ठूला व्यापारीहरू र ठेकेदारहरूको घरमा गोप्य बैठक बस्ने, भोज खाने गरेका समाचारहरू मिडियाहरूमा प्रशस्तै आइरहेका छन् । संसदीय व्यवस्था, ठूला कर्पोरेट कम्पनीहरू, बैंकहरू, ठेकेदारहरू र संसदीय व्यवस्थाद्वारा विकास समृद्धिका कुरा गर्ने पार्टी र नेताहरूको बीचको सम्बन्ध कस्तो हुन्छ भन्ने विषयमा प्रष्ट हुन जरुरी छ । यस सम्बन्धमा लेनिनले आफ्नो प्रशिद्ध रचना राज्य र क्रान्तिमा लोकतान्त्रिक गणतन्त्रको विषयमा एंगेल्सको विचारलाई प्रस्तुत गर्नु भएको छ । त्यसमा भनिएको छ "एंगेल्स अगाडि भन्नु हुन्छ- प्रजातान्त्रिक गणतन्त्रमा" धनसम्पतिले अप्रत्यक्ष रूपमा तर बढी भरपर्दो ढंगले आफ्नो सत्ताको प्रयोग गर्दछ, अर्थात् प्रथमतः "पदाधिकारीहरूलाई

**अहिलेको सरकार र त्यसका मन्त्रीहरू, सांसदहरूको गतिविधिलाई राम्ररी नियाल्ने हो भने एगेल्स र लेनिनले भनेझैं अप्रत्यक्ष र पर्दा पछाडिबाट होइन कि प्रत्यक्ष र खुल्ला रूपमा दलाल तथा नोकरशाही पुँजीपति, ठूला ठेकेदारहरूबाट परिचालित भएको दिनको घामझैं छर्लङ्ग छ । सरकारका मन्त्रीहरू ठूला कर्पोरेट कम्पनी र ठेकेदारहरूको कारिन्दा बनेका छन्**



● रामसिंह श्रीस ●

सोझै घुस खुवाएर किन्ने माध्यमले (अमेरिका), र द्वितीयतः "सरकार तथा शेयर बजारको बीचमा गठबन्धनको" माध्यमले (फ्रान्स र अमेरिका) । लेनिन राज्य र क्रान्ति पृ.२० ।

एंगेल्सले आजभन्दा १२३ वर्ष भन्दा अगाडि यो कुरा भन्नु भएको थियो । लोकतान्त्रिक गणतन्त्रको बारेमा एंगेल्सले यस प्रकार प्रष्ट र सिधा विचारहरू राख्दाराख्दै पनि उहाँको निधनपछि अवसरवादीहरू र संशोधनवादीहरूले मार्क्स, एंगेल्सहरूका भनाइहरूलाई तोडमोड गर्ने विकृत ढंगले प्रस्तुत गर्ने कामहरू गर्न थाले । संशोधनवादीहरूको यस प्रकारको प्रस्तुतीले क्रान्तिकारीहरूमा एक प्रकारको भ्रम र अन्यौलता उत्पन्न भयो । त्यस प्रकारको अन्यौल र भ्रमहरूलाई चिर्न एंगेल्सको मृत्यु भएको २२ वर्ष पछि अर्थात् आज भन्दा १०१ वर्ष पहिले सन् १९१७ मा क. लेनिनले 'राज्य र क्रान्ति' भन्ने पुस्तक लेख्नु भयो । त्यसमा प्रजातान्त्रिक गणतन्त्र अर्थात् संसदीय व्यवस्था पुँजीले कसरी चलाउँछ भन्ने विषयमा लेख्नु भएको छ "अमेरिकादेखि स्वीट्जरल्याण्डसम्म, फ्रान्सदेखि इंग्ल्याण्डसम्म, नर्वेदेखि अन्य देशहरूसम्म संसदीय व्यवस्था भएको जुनसुकै मुलुकमा पनि नजर लगाउनुहोस्- वास्तविक "राजकीय" कार्य त पर्दा पछाडिबाट हुन्छ, विभिन्न विभागहरू, कार्यालयहरू, अड्डाखानाहरूले त्यो कार्य पूरा गर्दछन् । संसदहरूमा चाँही "सर्वसाधरण जनताको" आँखामा छारो हाल्ने विशेष उद्देश्य राखेर खाली गफ मात्रै हाँकिन्छ ।" (भ्ला.इ.लेनिन संकलित रचना भाग ४ पृ.५७)

एंगेल्स र ...बाँकी ७ पेजमा

## सम्पादकीय

### दाहाल समर्थक शुभचिन्तकहरू जेल नहाल

पछिल्लो पटक पुष्पकमल दाहालले 'सर्वोच्च अदालतको फैसलाको सम्मान' को नाममा जनयुद्ध कालमा शिक्षक कृष्णप्रसाद अधिकारीको हत्याका आरोपित छविलाल पौडेललाई अदालत समक्ष आत्मसमर्पण गर्न निर्देशन गरे । उनको आज्ञालाई शिरोपर गरी ८२ वर्षीय बृद्ध पौडेल सर्वोच्च अदालतमा आत्मसमर्पण गर्न पुगे । सर्वोच्चले उनलाई कारागार चलान गऱ्यो । उनीहाल काठमाडौंको कारागारमा बन्दी जीवन बिताइरहेका छन् ।

एकताकाका 'क्रान्ति नायक' पुष्पकमल दाहालले अदालत तथा तात्कालीन राज्य सत्ताका आज्ञा तथा निर्देशनहरूलाई एउटै मात्र वक्तव्य मार्फत् खारेज गर्दथे । उनी त्यो हैसियत राख्दथे पनि । देशका सबै जनताले उनलाई आदर्शका रूपमा हेर्दथे । उनको एक 'कासन'मा हरेक सदस्य तथा समर्थक र शुभचिन्तक पनि मर्नबाट समेत् पछि हट्दैन थे ।

आज परिस्थिति ठीक उल्टो भएको छ । दाहाल विचार, बलिदान र समर्पणको बाटो त्यागेर आत्मसमर्पणको दिशामा कल्पना नै नगरेको गतिमा अघि बढेर सिद्धिएका छन् । उनी २०५२ सालमा जुन संसदीय व्यवस्थाका विरुद्ध लडेका थिए, त्यही संसदीय व्यवस्थाको एउटा राजनीतिक दलको एक तुच्छ गोटीका रूपमा काम गरिरहेका छन् ।

देख्न र देखाउनमा उनी एटा ठूलो संसदीय पार्टीका द्वितीय अध्यक्ष पनि हुन् । र, पुरानै संसदीय व्यवस्था भित्रका सत्ताधारी नेता पनि । तर उनी स्वयम् लगातार बिक्रि हुँदै र आफ्ना समर्थक तथा शुभचिन्तकहरूलाई एकपछि अर्को गरी बेच्दै गरिरहेका छन् । अधोगतिको उनको यो यात्राले सामान्य जनतालाई पनि थप सास्ती दिँदै गएको छ । अहिले उनी समर्थक र शुभचिन्तकहरूलाई बेच्ने  र जेल पठाउने काममा लागेका छन् ।

उनले सशस्त्र आन्दोलन वा जनयुद्ध बेचे । जनसत्ता र जनअदालतहरू बेचे । जनमुक्ति सेनाका पल्टनहरू पनि बेचे । अनि बेचे, नेता र पार्टी संगठन पनि । जनवर्गीय संगठनहरू सबै बेचे । अब उनी हरिकंगाल भए । उनीसँग बेच्नका लागि अब केही पनि बाँकी छैन ।

त्यसैले, उनले जनयुद्धले ठूलो धक्का खाएपछि अगाडितिरको भविष्य केही पनि नदेखेर निराश भई घरघरमा खुम्चिएर बसेका समर्थक तथा शुभचिन्तकलाई बेचेर खान थालेका छन् । यो ममलाको सिकार पछिल्लो पटक ८२ वर्षे छबिलाल पौडेल हुन पुगेका छन् । उनले जीवनभर समाज परिवर्तन, क्रान्ति र आन्दोलनका काममा आफूलाई समाहित गरे । जनयुद्ध कालमा ठूलो योगदान पुऱ्याए ।

युद्ध सिद्धियो । वृहत् शान्ति सम्झौता गरियो । सत्य निरूपण तथा मेलमिलाप आयोगले युद्धकालका मुद्दा र झैझगडाहरू मिलाउने जिम्मा लियो । पुष्पकमल दाहाल सरकारमा विराजमान भए । तर देश र जनताका समस्याहरू जहाँको त्यहीं मात्र रहेनन् । बरु उल्टो दिशातिर फर्किए । दाहालले आफ्नै पार्टी माओवादी केन्द्र र २०५२ सालको माओवादी धारको मूल सांगठनिक हिस्सा एमालेमा लगेर विलय गरिदिए ।

नेपाली समाज परिवर्तनको आन्दोलनको इतिहासमा नेपाली कांग्रेसको २००७ सालको आन्दोलनको धार नेपाली कांग्रेसले हालसम्म बचाइ राखेको छ । भलै यसपछि त्यो त्यही रूपमा वा धारमा रहिरहन सक्छ वा सक्दैन, उसको आन्तरिक अन्तरविरोधका कारणले । तर बाहिर हेर्दा हालसम्म २००७ सालको कांग्रेसी धार यो वा त्यो रूपमा कायम रहेको देखिएको छ । २०२८ सालको माले वा एमालेको हालको धार पनि सतहमा ठूलै बनेर देखिएको छ । तर यति बेला पुष्पकमल दाहालका कारण २०५२ सालको माओवादी धार सतहमा पातलिएर गएको छ । वैचारिक रूपमा यो धारको रक्षा गर्दै मोहन वैद्य 'किरण'ले नेतृत्व गरिरहेको क्रान्तिकारी माओवादी अघि बढिरहेको छ । यसले नेकपा (विप्लब), नेकपा (ऋषि कट्टेलसमूह) तथा नेकपा (मसाल) आदि जनवादी क्रान्तिका पक्षधर धारहरूसँग ध्रुवीकरण र सहकार्यलाई अघि बढाइरहेको छ ।

तर सांगठनिक रूपमा ठूलो पार्टीका रूपमा रहेको पुष्पकमल दाहालले नेतृत्व गरेको माओवादी केन्द्र भने घोर दक्षिणपन्थी धार एमालसँग मिसिएर प्रतिक्रियावादी र फासिवादी बन्दै गएको छ । यसका हालका द्वितीय अध्यक्ष तथा नेता दाहाल अझैं पनि जनयुद्धका मुद्दाहरूका नाममा गाउँघरका सर्वसाधरणहरूलाई आत्मसमर्पण गराउँदै र जेल पठाउँदै गर्ने काममा निर्लिप्त भएर लागिरहेका छन् । दाहाल स्वयम् अझै पनि बिक्रिहुँदै र पाएसम्मका निर्दोष समर्थक शुभचिन्तकहरूलाई बेच्दै हिंडिरहेका छन् ।


## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# जनाधार निर्माण र क्रान्तिकारी पत्रकारिता


पुष्पगोपाल श्रेष्ठ

*साप्ताहिक "वर्गदृष्टि" मा एकाएक अमर्यादित ढङ्गले आडम्बरीपूर्ण रवाफ जमाई अनाधिकार लेखमा छाँटकाँट गरी, लेखकको मानमर्दन गर्ने र अखबारको अस्तित्वमाथि धावा बोल्ने किसिमले आफ्नो ध्वाँसे विदुरता छाँक्न आउनु जस्ता गलत प्रवृत्तिलाई सामान्य मानी छुट दिनुले, उनलाई हौसला मिल्न पुगेको छ । र फेरि पनि त्यो गलत प्रवृत्ति दोहऱ्याउन आइपुगेको छ । वास्तवमा यस्तो कार्यविधि भनेको क्रान्तिकारी पार्टीको क्रान्तिकारी उद्देश्य बिपरित हरतरहले क्रान्तिलाई नोकसान पुऱ्याउनु नै हो*

विश्वमा अहिले साम्राज्यवादी शक्ति कमजोर र अस्थिर अवस्थामा रहेको भए पनि मजदुर र क्रान्तिकारी वर्ग कमजोर हुनपुग्दा क्रान्तिमा गम्भीर धक्का लागेको स्थिति छ । त्यसै गरेर नेपालमा सशस्त्र जनयुद्ध हाँकेर आइरहेको नेकपा माओवादी दक्षिणपन्थी अवसरवाद हाबी भएर नव संशोधनवादी कित्तामा उभिन नपुगेको भए अहिले माओवादी आन्दोलन धेरैमाथि उठ्न सक्दथ्यो, अर्थात् जनवादी क्रान्ति पूर्ण रूपले सफल भइसकेको हुन्थ्यो । तर पार्टीका ठूलो हिस्साले क्रान्तिप्रति गद्दारी गर्दै पतन हुन पुग्यो ।

हामी भन्ने गर्थ्यौं, क्रान्तिकारी पार्टीलाई ध्वस्त गर्न क्रान्तिविरोधी दक्षिणपन्थी नवसंशोधनवादी, बिस्तारवादी, तथा प्रतिक्रियावादीहरूले सरलक्क घेरिराखेको छ । तर त्यो घेरा भन्दा पनि हामीभित्रै गलत पद्धति, भन्नुको मतलव क्रान्ति विरोधि क्रियाकलाप अपनाउने र अपनाउन प्रोत्साहित र वाध्यपार्न, पार्टीभित्र लुकिछिपी बस्न सफल ती ठूलो हिस्साका अम्सियारहरू, जसको कार्यविधि भन्नु नै पार्टी सिद्धान्त र पार्टी अनुशासन तोड्ने र अस्वीकृत गर्ने गराउने काम कहाँ सम्म पुगेछन् त भन्ने कुरा बुर्जुवा वर्गको हितार्थ सर्वहारावर्गलाई नग्याउनुको सँगै पूर्णतः बैचारिक रूपले निसशस्त्र पार्नु र पार्टी संगठनलाई भताभुङ्ग पार्न, युवावर्गको दिमागमा क्रान्तिविरोधी भुस थोपारेर मानसिक रूपले अस्थिर बनाई संयम् , एकता र संगठित जस्ता महत्वपूर्ण विषय वस्तुदेखि उदासिन बनाई (बिरक्त्याई) पूरै अपाइज बनाउन लालायित, यस्ता छद्मभेषी क्रान्तिकारीहरू पार्टीको विभिन्न निकायहरूमा देखावटी रूपमा बडो उल्लासपूर्ण क्रान्तिकारी रोव जमाई आइरहेको स्थितिले गर्दा, सच्चा क्रान्तिकारीहरूको  कियाकराया सब छाँयामा परेको हो कि भन्ने जबरजस्त अनुभुति हुन आइरहेको वर्तमान स्थितिमा, फेरि पनि त्यस्ताले बेफिकर आफ्नै सोचअनुरूप काम कुरो गर्न प्रोत्साहन पाइनै रहने हो भने, अवश्य पनि सर्वहारा क्रान्ति अर्थात् सशस्त्र जनविद्रोहको कार्यदिशालाई नष्ट पारेरै छाड्ने छन् ।

त्यस्तो कार्यविधिलाई निर्मूल पार्न पार्टीभित्र प्रत्येकले प्रत्येकको कार्यविधि तथा चालचलनमाथि सचेत ढङ्गले निगरानी राख्दै गर्नु पार्टीको हितार्थ नितान्त जरुरी छ । तर खराब अर्थमा होइन । साथ-साथै, अहिलेसम्म देशव्यापी रूपमा जहाँजहाँ जेजति पार्टी संगठन निर्माण भइसकेका छन्, ती सबै संगठनहरूलाई कामयावी बनाई क्रान्तिकारी क्षेत्रमा सक्रिय बनाइ राख्न, आजको आवश्यकताअनुरूप क्रान्तिकारी कार्यक्रम तर्जुमा गरी, क्रान्तिकारी युद्धको तयारी अभियानमा जुझारु ढङगले सम्लग्न गदैलानु अत्यावश्यक छ ।

नेपालमा हिजोआज बढ्दो वामपन्थी अवसरवादीहरूले गर्दा, युवा बौद्धिक वर्गमा पनि वाम्पन्थी विचलन बढ्दो छ । त्यसै गरी पार्टीभित्र पनि हाम्रो कतिपय कमरेडहरूमा चर्चा र शक्तिको पछि लागि पर्दै हिंडेको देख्नमा आउनु क्रान्तिकारीहरूको निमित्त दुखद कुरो हो । वास्तमा भन्नुपर्दा यो सबै बुर्जुवा मानसिकता हो । यो समस्यालाई हामीले बेलैमा समाधान गर्न सकेनौ भने, हामीले हाम्रो उद्देश्यपूरा गर्न सक्दैनौ । हामीले हाम्रो कामगर्ने शैलीलाई अविलम्व सुधार्नु पर्छ । इमान्दारिता पूर्वक बोल्नु पर्छ , हाम्रो कार्यमा हामी अगाडि हुनुपर्छ र हामीभित्र कहि कतै कुना काप्चामा अल्झिरहेका कुण्ठाग्रस्त मनोदसा र हाम्रो अघि आउने सबै बाधा अर्चनलाई बढारी पठाउने जोश र जाँगरका साथ शिखर चुम्न अघि बढ्ने जमर्को गर्नुपर्छ । यसो गर्नलाई हामीमा मार्क्सवाद-लेनिनवाद-माओवादको राम्रो अध्ययन र हाम्रो कामको अन्तरविरोधहरूको राम्रो जानकारी हुनुपर्छ । तर, हाम्रा कतिपय कमेरडहरूमा त्यो महत्वाकांक्षा देखिदैन, बरु उहाँहरू आफै सबै कुराको जानकार जस्तो देखाउन चाहनु हुन्छ । यो राम्रो होइन ।

यसै सन्दर्भमा भन्नु पर्दा पत्रकारिताको क्षेत्रमा, क्रान्तिकारी उद्देश्यलाई अग्रस्थानमा राखी प्रकाशन हुँदै आइरहेको अखबार साप्ताहिक "वर्गदृष्टि" मा एकाएक अमर्यादित ढङ्गले आडम्बरीपूर्ण रवाफ जमाई अनाधिकार लेखमा छाँटकाँट गरी, लेखकको मानमर्दन गर्ने र अखबारको अस्तित्वमाथि धावा बोल्ने किसिमले आफ्नो ध्वाँसे विदुरता छाँक्न आउनु जस्ता गलत प्रवृत्तिलाई सामान्य मानी छुट दिनुले, उनलाई हौसला मिल्न पुगेको छ । र फेरि पनि त्यो गलत प्रवृत्ति दोहऱ्याउन आइपुगेको छ । वास्तवमा यस्तो कार्यविधि भनेको क्रान्तिकारी पार्टीको क्रान्तिकारी उद्देश्य बिपरित हरतरहले क्रान्तिलाई नोकसान पुऱ्याउनु नै हो । तसर्थ, यस्तो सोच र अवाञ्छनीय क्रियाकलापलाई समयछँदै नियन्त्रण गरी पूर्ण अनुशासित तुल्याई क्रान्तिकारी पत्रकारिताको दायराभित्र ल्याउनु सक्त जरुरी छ ।

क्रान्तिकारी पत्रकारिता र ...बाँकी ८ पेजमा

झर्रोटर्रो कैलुब्राह

# समृद्धिका खजाना

**१.धान दिवस**

अचेल नेपाल मण्डलमा असारे पन्ध्रमा धान दिवस मनाउने चलन आ'छ । सरकारका हरेक अड्डाखानाहरूमा धान दिवस धुमधडकाका साथ मनाइन्च । दही च्युरा खाएर गमला समलामा धान रोपेर उल्लासपूर्ण वातावरणमा मनाइन्च । एनजिओ र आइएनजिओहरूको त डलर फलाउने महत्वपूर्ण अवसर र खेती हो यो धान दिवस । उनीहरूले झन् नमनाउने कुरै भएन । सरकारवादी राजनीति गर्ने पाटीहर्ले पनि यस्लाई उत्सवका साथ आफ्ना चवन्नी कार्यकर्तासम्मलाई सर्कुलर गरेर अनिवार्य मनाउँचन् । यसरी देशैभरी जतातते धान दिवसै दिवस हुन्च । धान दिवसले गर्दा हाम्रो देश संसारलाई पुऱ्याउने धान उत्पादन गर्च ।

पैला पैला नेपाली जनमनलाई खान पुग्ने धान नेपालका मैदानी भागमै उत्पादन हुन्थ्यो । अझ पाहाडी भागमा पनि फोगटाफागटीमा धान खेती गरिन्थ्यो । त्यसैले नेपालले धान बेच्न सक्थ्यो । नेपाली जनको अर्थतन्त्र खेतिपातीमै निर्भर थ्यो' । खेतिपाती नै धेरै भएको हुनाले नेपाल मण्डललाई कृषिपर्धान देश भनेर प्रचार गरिन्थ्यो । तर पनि त्यो बेला धान दिवस मनाउने चलन आ'थेन । गाउँमा हलो जोत्ने तन्नेरीहरू सस्तै भेटिन्थे । जतातै खेतिपातीको चटारोले किसानलाई यो धान दिवस मनाउने फुर्सदै हुन्नथ्यो । मानो छरेर मुरी फलाउने मौसममा बरालिएर उपद्रो गर्ने चासो पनि थे'न ।

ऐले घरघडेरीको ब्यापार गर्नेहर्लाई सम्मो ठाउँ देख्नै हुन्न । डोजर लगेर नालासाला कोरकार पार्चन् र बगर लगेर खन्याई हाल्चन् । सम्मो ठाउँमा घरैघर मात्रै फलेका छन् । त्यै भ'र धान रोप्ने खेत जति सबै घरघडेरीमा विकास भए । यो हाम्रो देशको सबैभन्दा ठूलो विकास हो । अब कृषिपर्धान हैन घडेरीपर्धान देशको रूपमा विकास भयो । अघि कृषिपर्धान देश हुँदा देशको राजस्व कृषिबाट धेरै आउँथ्यो । अब घडेरी किनबेच गर्दा राजस्व धेरै उठ्छ । त्यसैले अब नेपाल मण्डललाई घडेरीपर्धान देश भन्नु सोह्रैआना मुनासिव ठहर्च । अलिअलि बचेखुचेका खेतमा पनि धान रोप्नलाई खेती गर्ने मनुखे पनि छैनन् । तन्नेरी जति खाडितिर छिरे । पैसा हुने जति अम्रिका, अस्ट्रेलिया, नर्वे, क्यानाडा, बेलायत कताकता पुगेका छन् । पाखुरा हुने जति खाडितिर, मलेसिया, कोरियातिर भासिएका छन् । देशमा त बूढाबूढी, अर्धअपाङ्ग, बालबच्चा र सत्ता चलाउने ठेकेदार नेताहरू मात्रै छन् । देशै बृद्धाश्रममा बदलिसकेको छ । त्यसैले सर्खारले पैलापैलाको कृषिकार्य सम्झेर त्यसको सम्मान गर्नका लागि गमलामा धान रोपेर, मन्त्रीका टाउका र रोपार्नीका छातीमा धान रोपेर धान दिवस मनाइन्च ।

**२.असारे विकास**

नेपाल मण्डलको विकास गर्ने काइदा पनि गजबको छ । यहाँको सर्खारका मन्तरी र मान्नेहरू, सर्खारी कारिन्दाहरू, ठेकेदारहरू, इञ्जिनियरहरू एघार मैनासम्म देश देशाटन घुमेर, विभिन्न कार्यक्रमहरूमा भाषण भिषण गरेर, दिवसहरू मनाएर, बड्डे मनाएर बिताउँचन् । जब असार मैना आउँच त्यसपछि धमाधम विकासका मूल फुट्छन् । असारे झरीले असारे पानीका मूल र विकासे मूल फुट्ने होडबाजी नै हुन्च । असारमा मात्रै त देशको सम्पूर्ण विकासे बजेट सकिन्च भने बाह्रै मैना खर्च गर्ने बजेट हुने हो भने नेपाल मण्डलको विकास त संसारमा सबै भन्दा बढि हुने थियो । यो मण्डल संसारमै पैला हुने थियो । हामी नेपाली रैतीहरू गरिब भएको त विकास गर्ने पैसो नै नभएर हो । जम्मा एक महिनालाई पुग्ने विकासे बजेट हुन्च हाम्रो सर्खारसित । यहाँ काम नपाएर नै हाम्रा तन्नेरीहरू सबै विदेश भासिन रुचाएका हुन् भन्ने कुरा त जगजाहेरै छ ।

एक मैनामा बजेट सक्यो सर्खारले भनेर पत्रकारहर्ले कोकोहोलो मच्चाउचन् । बिनासित्ती कुरो नबुझिकन भँगेरा टाउके अक्षरमा वान्ता गरेर छाप्नी, घोक्रो च्यात्तिने जोरसित रेडियो र टिभीबाट खोक्नी गर्चन् । बाह्रै मैनालाई पुग्ने न हामीसित काम छ न खर्च गर्नी दाम छ । एकै मैनामा सफाचट भैहाल्च भने बाह्र मैनासम्म किन समय खेर फाल्नु । भुक्ने कुकुर भुक्दै रन्च हात्ती आफ्नै चाल । लौ है सर्खार कसैको विरोध सिरोधका खोकखाक नसुन्नू विकास त असारमै गर्ने चलन छोड्न हुन्न । यो त हाम्रो नित्तान्त मौलिक संस्कृति पनि त हो । मौलिक संस्कृतिको जगेर्ना गरे पो त्यो हेर्न खैरे कुइरेहरू आउँचन् । यो त हाम्रो पर्यटक भित्र्याउने गजबको अवसर पनि हो । यसलाई सदासर्वदा बाचर्य राख्न पर्च ।

**३. स्मार्ट सहर**

गएको वर्ष रैथाने चुनाउमा सरकारवादी पाटीले स्मार्ट सहर बनाउने घोषणा पत्र जारी गरेका थिए । काठमाण्डु महानगरका मुखियाले स्मार्ट गराउँचु भनेर पैला घोषणा गरे । त्यसपछि ललितपुर, पोखराका, हुँदै देशै भरीका मुखियाहरूले स्मार्ट बनाउँचम् भनेर बाचा कवोल खाए । अहिले देशैभरीका सहर स्मार्ट बनेका छन् । सबै भन्दा राम्रो स्मार्ट सहर काठमाण्डु भएको छ । अझ त्यसमा पनि पर्धानमन्तरीले गुज्जर भैयासित पानीजहाज चलाउने सम्झौता समेत गरेको र मान्नेहरूलाई पुसबाट पानीजहाज चढ्न तयार हुन निर्देशन समेत दिए । अहिले राजधानीमै जलमग्न भएर पानीजहाज काठमाण्डुसम्मै आउने व्यवस्था भएको छ । प्रत्येकका घरघरमा पानीजहाज जान सक्ने व्यवस्था हुनु स्मार्ट सहरको पहिलो नमुना हो । संसारका समुन्द्रको किनारामा भएका सहरमा समेत घरघरमा पानीजहाज जान सक्दैनन् । तर हाम्रो देशाँ त पाहाडै छिचलेर राजधानीमा समेत प्रत्येकका घरघरमा पानीजहाज आउन सक्ने भएको छ ।

अस्ति थाइलैण्डका केटाकेटीलाई गोताखोर हरूले पानीभित्रको गुफाबाट उद्धार गरेको भन्ने समाचार आ'थ्यो । यहाँ पनि पानीजहाज आयो र कहिले भन्दा जहाज समुन्द्रमा डुब्यो भने उद्धार कसरी गर्ने भनेर त्यसको परीक्षण तालिम समेत गरियो । भक्तपुर, चावहिल र बौद्धमा उद्धारकार्यको पूर्व तयारीको तालिम गर्ने व्यवस्था यहाँको स्मार्ट सहरको निर्माणकर्ताले गरेका थिए । अहिले काठमाण्डु लगायत देशका थुप्रै सहरहरूमा ढल निर्माण गर्ने, बाटो पिच गर्ने, नाला खन्ने, बिजुली, खानेपानी, टेलिफोनका तारहरू जमिनभित्रबाटै लैजाने व्यवस्था भइरहेको छ । सहर होस् त काठमाण्डु जस्तो भनेर विश्वभरी देखाउन मिल्ने स्मार्ट सहर बनेको छ ।

**४. सगरमाथाको पानी**

सर्खारका खानेपानी मन्तरीले हाम्रो सगरमाथाको पानी संसारभरी बेचेर देशलाई समृद्ध बनाउने घोषणा गरेकी छन् । यो सर्खारको मुख्य योजना नै देशलाई समृद्ध बनाउने भएको हुनाले समृद्ध बनाउन धेरै पैसा चाहिन्छ । त्यो पैसा जम्मा गर्ने महत्वपूर्ण आम्दानी सगरमाथाको पानी हुने भएको छ । उदार पूँजीवादले सरकारी उद्योगधन्दा जति सबै बेचेर पूँजीवादको विकास गरिसकेको थियो । कृषिपर्धान देश भएकाले पहिला कृषि उपज बेचेर विदेशी पैसा आउँथ्यो । अहिले खेतीपाती हुँदैन । रासन र तरकारीसमेत विदशबाट आउँछ । भएका प्राकृतिक साधनश्रोत पनि अरूले नै कब्जा गरिसकेका छन् । त्यसैले नेपालबाट विदेशमा निर्यात गर्ने एक मात्र भरपर्दो जिनिस भनेको सगरमाथाको पानी नै हो । अब त्यो पानी वोतल र जारहरूमा भरेर संसारभरी फैलाउन सकियो भने देश त एकै वर्षमा अम्रिका जापान, चाइना, बेलायत जस्ता देशलाई उछिन्न सकिन्छ । त्यसपछि त देश समृद्ध बनिहाल्च ।

*३० असार २०७५*

kailubraha73@gmail.com

# 'दर्शनको अध्ययनले दृष्टिकोणलाई फराकिलो पार्छ'

***पछिल्लो समय कस्ता किताबहरू पढ्दै हुनुहुन्छ ?***

मैले पढ्ने किताब भनेको राजनीति र दर्शनबारे हो। आफूले भ्याउने (समयका कारण) किताब पढ्ने हो। पढ्छु भनेर मात्रै पनि भएन।

***कुन–कुन भाषामा लेखिएका किताब पढनुहुन्छ ?***

बढी त नेपाली भाषामा लेखिएका किताब नै पढिन्छ। अंग्रेजी, हिन्दी, संस्कृत भाषाको किताब पनि पढ्छु।

***तपाईंले लेख्नुभएको पुस्तक 'हिमाली दर्शन' मा पनि संस्कृतका कैयन श्लोकहरू राखिएका छन्। त्यसैबाट थाह हुन्छ, तपाईं संस्कृत भाषाको जानकार हुनुहुन्छ। संस्कृत भाषासँग तपाईंको सम्बन्ध कसरी गाँसियो ?***

स्कुलमा पनि मैले संस्कृत नै पढें। मेरा पिताजी पण्डित भएका कारणले उहाँबाट पनि मैले संस्कृत सिकें। दाङको संस्कृत महाविद्यालय, बिजौरीबाट मैले शास्त्री उत्तीर्ण गरें। पछि काठमाडौं आएर नेपाली भाषामा स्नातकोत्तर गरें।

***तपाईं त सानैदेखि संस्कृत भाषासँग घुलमिल भएर हुर्किनुभएको रहेछ।***

हो। स्कुलको पढाइ सकेपछि पनि मैले दर्शन विषय पढें। त्यसक्रममा पनि संस्कृत पढें। पश्चिमा दर्शन, मार्क्सवादी दर्शन पनि पढें। मैले पढ्दै जाँदा थाहा पाएँ– संस्कृत त पश्चिमाहरूले पनि पढ्दा रहेछन्। जनयुद्धअघि नै मैले यस्तो कुरा थाह पाएँ। म्याक्स मुलर भन्ने जर्मन विद्वानले यहाँको दर्शनको बारेमा किताब नै लेखेका रहेछन्। पूर्वीय र बुद्ध दर्शनको बारेमा थुप्रै किताब लेखिएको रहेछ। यहाँका मान्छेको आँखा भने खाली पश्चिमा दर्शनतिर गयो। तर, पश्चिमाहरूको आँखा भने यहाँ पर्दो रहेछ। पूर्वीय दर्शनको पनि महत्व रहेछ भन्ने मलाई त्यतिबेला थाह भयो। संस्कृत भाषाले त्यसलाई मद्दत गऱ्यो।

***संस्कृत भाषा, साहित्य र दर्शनको अझै हामीकहाँ गम्भीर अनुसन्धान भएको छैन भन्न खोज्नुभएको हो ?***

दर्शनको कुरा त विकास हुँदै जान्छ। पश्चिमले बढी विकास गर्दै गयो। मार्क्सवादी दर्शन त पश्चिममै विकास भयो। त्यो आफ्नो ठाउँमा छ। पूर्वीय दर्शन खासगरी हिमाली क्षेत्र भन्नुस्- भारत, चीन र नेपालमा पनि संस्कृत दर्शनको विकास भएको छ। हाम्रो दर्शनको जग पनि संस्कृत भाषामा उभिएको छ। बुद्ध धर्म विश्व धर्म हो। बुद्ध धर्मको जननी नेपाल हो। राजा जनकको शासनकालमा देखा परेका दार्शनिक हुन्- याज्ञवल्क्य। उनले पनि दर्शनको विकास गरे। कपिलबस्तुमा बुद्धभन्दा अझ अघि सांख्य दर्शनको विकास भइसकेको रहेछ। महर्षी कपिलको नामबाट कपिलबस्तु नाम रहेको रहेछ। सांख्य र बुद्ध दर्शनको विकास, मैथिली क्षेत्रमा न्याय दर्शनको विकास भइसकेको रहेछ। कैयन दार्शनिकहरू नेपालकै रहेछन्। यसबारे अझै खोजबिन जरुरी छ।

***तपाईंले यो पुस्तक लेख्दा संस्कृतमा लेखिएका कैयन पुस्तकहरूको अध्ययन गर्नुभएको देखिन्छ। संस्कृत भाषाको जग नभएको भए तपाईंलाई यो किताब लेख्न कत्तिको सजिलो पर्थ्यो ?***

मलाई गाह्रै हुन्थ्यो। भाषाको पनि जग भयो। विषयवस्तु पनि यही पढें। भाषामा पारंगत हुन त गाह्रो पर्छ। तर, संस्कृत जानेकाले धेरै सजिलो भयो।

***संस्कृत भाषाको यति धेरै महत्व तपाईं आफैंले भर्खरै बताउनुभयो। तपाईंसमेत सम्मिलित जनयुद्धकालमा माओवादीले संस्कृत विषयका किताब किन जलाएको होला ?***

संस्कृत भाषाका सबै किताब जलाएको कुरा त थाह भएन। तर, साना विद्यार्थीहरूले पढ्दाखेरी संस्कृत भाषालाई अनिवार्य रूपमा राख्ने जुन सरकारी नीति रह्यो, त्यसको विरोध गरेको हो। भाषा त संस्कृत भाषा पनि हो, त्यसको सम्मान गर्नुपर्छ। तर, अरू मैथिली, भोजपुरी, अवधी, तामाङ, नेवार, लिम्बुजस्ता मातृ भाषालाई उपेक्षा गर्ने र संस्कृत भाषालाई अनिवार्य गर्ने तरिका त गलत भयो नि। संस्कृत ऐच्छिक विषय राखेको भए हुन्थ्यो। साना विद्यार्थीहरूलाई संस्कृत पढ्न बहुतै गाह्रो हुन्छ।

***त्यसो भए तपाईंहरूले संस्कृत विषयका किताब जलाएको विषयलाई फरक ढंगले प्रचार गरिएको हो ?***

त्यही आन्दोलनको बीचमा जलाए। आन्दोलनका बेला केही राम्रा कुरा पनि हुन्छन्, केही कमी कमजोरी पनि हुन्छन्। तर, संस्कृत जलाइयो भनेर अलिक दुष्प्रचार पनि बढी भयो। कतिपयले भन्छन्, माओवादीले संस्कृत विषयको किताब जलाएकाले भाषाको जग कमजोर भयो। तर, त्यही माओवादी हाँक्ने नेता भने संस्कृत विषयका ठेली पढेर किताब लेख्दै छ। यस्तो भनाइमाथि तपाईंको के*ही टिप्पणी रहन्छ ?*

संस्कृत भाषा 'ऐच्छिक' राखे त भइहाल्यो नि भन्ने कुरा मात्रै हो। जबर्जस्ती गर्नु त हुन्न नि।



दोस्रो कुरा संस्कृत पढ्नै हुन्न भनेको त होइन नि। संस्कृत पढाउने परम्परा हाम्रोमा गलत छ। संस्कृत पढाउँदाखेरि 'ब्राह्मणवाद' पढाउने, पण्डित्याइँका लागि पढाउने ? त्यो त होइन नि। कैयौं लेखले के भन्छ भने संस्कृत भनेको ब्राह्मणवाद हो। तर, संस्कृत भने ब्राह्मणवाद पनि हो, ब्राह्मणवाद मात्रै होइन पनि। त्यहाँ भौतिकवाद पनि छ, द्वन्द्ववाद पनि छ। जीवनोपयोगी कुरा पनि छन्। ती कुरातर्फ आवश्यक ध्यान दिने कुरा भएन। संस्कृत भाषालाई पुरोहितसँग मात्रै जोडेर हेरियो। त्यसलाई त म दृढतापूर्वक विरोध गर्छु। भाषासँग हेला गर्ने कुरा होइन। भाषालाई कसरी प्रयोग गरियो भन्ने कुरा हो। ब्राह्मणवाद बराबर संस्कृत भाषा भन्ने कुरा गलत हो। संस्कृत राम्रो तरिकाले पढ्नुपर्छ। त्यहाँ राम्रा कुरा पनि छन्, खराब कुरा पनि छन्।

***तपाईं दर्शनको अध्ययता। साहित्यको पनि पारखी हुनुहुन्छ। अहिलेको नेपाली साहित्यलाई कसरी हेर्नुभएको छ ?***

म साहित्यको पनि विद्यार्थी हो। नेपाली साहित्य पनि पढछु। समालोचना पनि पढ्छु। मैले सौन्दर्य चिन्तनको बारेमा पनि लेखेको छु। मैले नेपाली साहित्यमै स्नातकोत्तर गरेको हुँ। जनयुद्धको पछिल्लो कालमा आन्दोलनमा आरोह-अवरोह आयो। दसवर्षे जनयुद्धले चाहेको कुरा गर्न सकिएन। यो परिवेशमा प्रगतिवादी साहित्यको धारा थोरै कुण्ठित भएकोजस्तो देखिन्छ। अहिले पश्चिमा साहित्यको प्रभाव नेपाली साहित्यमा बढ्दै गएको छ।

***पछिल्लो समय तपाईंले पढेका नेपाली साहित्यका किताब कुन–कुन हुन् ?***

म उपन्यास पनि पढछु। पछिल्लो समय 'सेतो धर्ती' आयो। समर गाथा, रातो आकाशजस्ता उपन्यास आए। केही कविताहरू पनि आए। अलिअलि पढछु। पछिल्लो समय मदनमणि दीक्षितको 'माधवी' पनि पढें।

***हालै मात्र तपाईंको किताब मदन पुरस्कार गुठीले सार्वजनिक गरेको श्रेष्ठ आठ पुस्तकको सूचीमा पनि परेको छ। कस्तो लागिरहेको छ ?***

यो कस्तो भन्नुहुन्छ भने अब मसँग सम्बद्ध विषय अलिक भएन। यो विषयमा म सम्बन्धित पनि छैन। पुस्तक साझा प्रकाशनले छाप्यो। साझाले छापेपछि दियो होला भन्छु, मदन पुस्तकालयमा। हेरे पनि होलान्। मेरो पुस्तक त्यहाँ राखिएको रहेछ, आठको सूचीमा। श्रेष्ठ आठमा परेछ भनेर सकारात्मक लाग्नु त स्वाभाविक नै भयो, लेखक भएकाले। यहाँ कुरा कस्तो भयो भने मदन पुरस्कार गुठीले दिएको पुरस्कार लिन थालियो भन्ने टिप्पणीहरू पनि आएका छन्। त्यो पनि मैले सुनेको छु। कुरा के हो भने, म पुरस्कारसँग सम्बन्धित विषयमा संग्लन र सम्बद्ध छैन। न मैले यो किताब दिएको हो, न मलाई पुरस्कार चाहिन्छ भनेर निवेदन हालेकै हो। यो विषयमा म सम्बन्धित छैन। मेरो अनुरोध के भने मलाई पुरस्कारसँग नजोडियोस्।

***मदन पुरस्कार प्राप्त कृतिहरूको चर्चा पनि बढी नै हुने गर्छ। तपाईंले मदन पुरस्कार प्राप्त कुन–कुन किताब पढनुभएको छ ?***

पढियो होला। पारिजातको किताब पनि पढियो। विभिन्न पुरस्कारहरू छन्। आ-आफ्नो मूल्य र मान्यताहरू गर्छन्। त्यही-त्यही ढंगले गर्छन्। कुन संस्था उत्कृष्ट हो र कुन संस्था होइन भन्ने कुरामा पनि एउटा ऐतिहासिक सन्दर्भ छ। ऐतिहासिक परम्परा छ। मूल्याकंन गर्ने आ-आफ्ना आधारहरू छन्। मदन पुरस्कार पाएको हो, यो एकदमै उत्कृष्ट हो भनेर लाहाछाप लाग्ने कुरा पनि त भएन नि त कसैको पनि। थुप्रै छन्। तिनका आ-आफ्ना उद्देश्यहरू छन्। मदन पुरस्कार मात्रै होइन कि अरू पुरस्कारको विषयमा पनि यहाँ कुरा नगरौं।

***'हिमाली दर्शन' लेख्दाका दुःख–सुख बताइदिनुस् न ?***

मेरो दिमागमा त वर्षौंपहिले यो किताब लेख्ने कुरा आएको थियो। जनयुद्धअघि नै मलाई यस्तो किताब लेख्नुपर्छ भन्ने लागेको थियो। पश्चिमा दर्शन, मार्क्सवादी दर्शन पढेदेखि नै त्यस्तो सोच आएको थियो। संस्कृत दर्शनको किताब पनि पढियो। शान्ति प्रक्रिया सकिएपछि किताब लेख्ने विषयमा ठोस रूपमा लागिपरें। घनीभूत रूपले किताब नै लेख्न थालेको पछिल्लो ५ र ६ वर्षयता हो। निरन्तर लेख्न पाएको भए यतिका समय लाग्दैनथ्यो। पार्टीमा निरन्तर काम गर्ने मान्छे भएकाले समयको अभाव भयो। पुस्तकको पनि अभाव भयो।

***यो पुस्तकमा धेरै सन्दर्भ सामग्रीको प्रयोग भएको छ। प्राचीन पुस्तकहरूको खोजी कत्तिको सजिलो भयो ?***

कैयन किताब पाउनै मुस्किल भयो। केही किताब माइतीघरको धार्मिक किताब पाइने रत्नपुस्तक भण्डारबाट ल्याएँ। केही किताब वाल्मीकि क्याम्पसबाट ल्याएँ। बौद्ध दर्शनको केही किताब पाउन मुस्किल पऱ्यो। पटक्कै पाइनँ। दार्शनिक दिङ्नागले लेखेको बुद्ध दर्शनसम्बन्धी पुस्तक प्रमाण समुच्चयको मूल प्रति पाउनै सकिनँ। यो किताब भारतमा खोज्दा पनि पाइएन। यो किताब तिब्बती भाषामा अनुवाद भएको रहेछ जसलाई राहुल सांकृत्यायनले खोजी गरेर अनुवाद गरेका रहेछन्। कैयन अरू पुस्तकको मूल प्रति खोज्दा पाइनँ। होलान्, कुनै पुस्तकालयमा। तर, मेरो पहुँच भएन। बुद्ध दर्शनसँग सम्बन्धित किताबहरू नेपालमा खोज्दा नपाइनु दुःखलाग्दो कुरा हो।

***पछिल्लो समय किताब लेखन र अनुसन्धानतिर बढी लाग्नुभएको छ। कतिपयले तपाईंलाई अब राजनीति छाडेर किताब नै लेख्न लाग्नुभयो कि भन्छन् ?***

त्यो होइन। मैले पूरै राजनीति छाडेर किताब लेखेको होइन। राजनीति गर्दागर्दै समय निकालेर किताब निकालेको हो। राजनीति गरेरै किताब लेख्न ढिलो भएको हो। मैले अरू किताब पनि लेखेको छु। म लेखकसहितको राजनीतिज्ञ हो। बरु कुरा के हो भने राजनीति गर्ने साथीहरूले पढ्ने र लेख्ने पनि गर्नुपर्छ। बिनासुझबुझको राजनीति हुँदैन।

***नेपाली समाजका यतिका धेरै समस्या छन्। जनजीविकाका यति धेरै सवालहरू ज्युँका त्युँ छन्। ती विषयमा पो किताब लेख्नुपर्ने, अध्ययन–अनुसन्धान गर्नुपर्ने। कहाँबाट तपाईं दर्शनको विषयमा किताब लेखिरहनुभएको छ ?***

दर्शन नभई दृष्टिकोण बन्दैन। 'भिजन' बनेन भने त समाजलाई कसरी अगाडि लैजाने ? दर्शनले दृष्टिकोण बनाउँछ। दृष्टिकोणलाई फराकिलो बनाउन किताब पढ्नुपर्छ।

***अरू किताबको तयारीमा पनि लाग्नुभएको छ कि ?***

लेखेकै रचनाहरूको संकलन गर्ने हो भने त एउटा समालोचनाको किताब तयार हुन्छ होला। फुटकर संकलन निकाल्दा त दुई-तीनवटै हुन सक्ला। तर, अहिले म एउटा समालोचनाको किताब निकाल्न पाए हुन्थ्यो कि भन्ने सोचमा छु।

*(२०७५ साउन ३० गते शनिवार कान्तिपुर कोसेलीका लागि पत्रकार जनकराज सापकोटाले गरेको कुराकानीबाट साभार)*

# डलरको खेती गरेर विचार राजनीतिबाट अलगावमा पारी महिला नेतृत्व सिध्याइयो



❑ **लक्ष्मी मुडभरी,** अध्यक्ष, अखिल नेपाल महिला संघ (क्रान्तिकारी)

***अनेमसंघ (क्रान्तिकारी) को अध्यक्षको हैसियतले सांगठनिक गतिविधि कसरी अघि बढाउने सोच्नु भएको छ ?***

अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को वैठक बस्ने तयारीमा छौं। हालै संगठन सुदृढीकरण तथा जनपरिचालन अभियानमा स्थानीय स्तरमा केही संगठनहरू निर्माण पनि भएका छन्। निर्मित ती संगठनहरूलाई गति दिन वैठकले केही ठोस निर्णयहरू लिने छ। त्यसपछि अलि केही नयाँ ढंगले गतिविधिहरू अघि बढाउने छौं।

***क्रान्तिकारी महिला संगठनको केन्द्रमा सधैं नेतृत्वको समस्या परिरहनुका पछाडिको कारण के हो ?***

नेतृत्व भनेको जुनसुकै संगठनमा पनि संघर्ष, आन्दोलन र वैचारिक छलफल तथा बहसबाट मात्र बन्दो रहेछ। नेपालमा ठूलाठूला आन्दोलन र युद्धहरू हुने तर छोटो समयमा नै ती बिघटनतिर जाने र विसर्जित हुने गरेका छन्। यसको प्रभाव सबै खाले संगठनहरूमा परेको पाइन्छ। तर सबैभन्दा बढी प्रभाव नेपालको महिला संगठनमा पर्न गएको देखिन्छ।

समाजको आधारभूत हिस्सा र तप्का भएका कारणले महिला क्षेत्रमा यो समस्याले त घर नै गरेको देखिएको छ। महिला नेतृत्वको विकासको समस्या भनेको जुनसुकै भए पनि हरेक संगठनभित्रको आधा हिस्साको समस्या हो। यो समस्याको हल भनेको समग्र आन्दोलन जसलाई हामी वर्गीय आन्दोलन भन्छौं, त्यसैको हलबाट मात्र संभव छ।

अहिले क्रान्तिकारी वृत्तमा मात्र होइन, जहाँ पनि महिला नेतृत्वको खडेरी छ। यो भनेको मूलतः वर्गीय आन्दोलनले धक्का खाँदै जानु र प्रतिगमनकारी तथा पश्चगामी व्यवस्थाको पुनर्थापना हुँदै जानु आदि कारणले हो।

***त्यसो भए आन्दोलनले मात्र बनाउँछ नेतृत्व ?***

आन्दोलन र सङ्घर्षका बेला संभावित महिला नेतृ तथा नेतृत्वको पङ्क्ति नै देखा पर्दछ। तर जब आन्दोलन सेलाउँछ, नेतृत्वले धोखा दिन्छ र वा परिवर्तनशील, अग्रगामी तथा क्रान्तिकारीहरूको हार हुन्छ, सबै ठाउँमा नेतृत्वको संकट पैदा हुन्छ। महिला हिस्सामा त अभाव जस्तै हुन जान्छ। तर एउटा सोचनीय विषय के हुन गएको छ भने पुरुष नेतृत्वको पनि अभाव हुन गएको छ। धेरै मानिसहरू यो आन्दोलनबाट पलायन भएका छन्। यसका साथै आर्थिक समस्या पनि अर्को कारकका रूपमा रहन गएको छ।

***महिला नेतृत्वको उठान कसरी होला ?***

महिला नेतृत्वको उठानका कुरा वर्ग संघर्षको उठानसँग जोडिएको छ। संसारको आधा हिस्सा ओगटेका महिला वर्गका हिसाबले शोषित र उत्पीडित वर्गका हुन्। यिनको मुक्तिको प्रश्न यस अर्थमा सिधै वर्गीय मुक्तिसँग गाँसिन पुगेको छ। माओवादी पार्टीले वर्ग संघर्षको उठान गर्दा एक हदसम्म साचो अर्थमा महिला र महिला आन्दोलनको उठान भएकै हो।

तर यसले सेटव्याक खाइसकेपछि चौतर्फी रूपमा दक्षिणपन्थीहरूको दबदबा बढेर गएको छ। यसले महिला, जनजाति, दलित र अन्य नेतृत्वहरूलाई निकै किनारामा पुऱ्याएको छ। वास्तविक अधिकार प्राप्तिका लागि आन्दोलनको उठान नहुँदासम्म महिला नेतृत्वको विकास असंभव जस्तै छ। कसैले दिएको आरक्षण, कोटा वा समावेशिताका कारणले महिला नेतृत्वको विकास असंभव छ। सचेत पहलकदमी जरुरी छ।

***केही सोच्नु भएको छ महिला नेतृत्वको ग्यारेन्टीका लागि ?***

साँचो हो, महिला नेतृत्व निर्माणको विषय अहिले असाध्यै खड्किएको विषय हो। महिला नेतृत्वलाई वनाउने, बचाउने र अघि बढाउने कुरा निकै महत्वको विषय हो। हाललाई हामीले चितवनको वैठकबाट केही साचेका पनि छौं। व्यवस्थापनको पक्षमा केही कुरा जोडिएको पनि छ। यसलाई पनि लिएर जाने र संगठन निर्माण तथा परिचालनका लागि जनस्तरमा पुग्ने पनि कार्यक्रमहरू बनाइएको छ।

टिम निर्माण र टिम रक्षाको कुरालाई पनि ख्याल गर्दै राजनीतिक, वैचारिक, सांगठनिक तथा साँस्कृतिक रूपमा कार्यक्रमहरू निर्माण गरिने सोचिएको छ। आजको सामाजिक परिवेशमा अल केही नयाँ ढंगको उत्पादन प्रक्रियासँग जोडिएर पनि महिला नेतृत्वको विकास गर्न सकिन्छ कि भनेर सोचिएको छ। धेरैधेरै विकल्पहरू बारेमा पनि सोचिएको छ।

***जनयुद्धको पछिल्लो चरणमा आएर केही साम्प्रदायिक प्रकृतिका आन्दोलन पनि देखा परे। महिला नेतृत्वका सन्दर्भमा यसले कत्तिको प्रभाव पाऱ्यो ?***

माओवादी पार्टीले आफ्ना जातिय मुक्ति र क्षेत्रीय मुक्ति र लिंगीय मुक्तिका केही एजेण्डाहरू छोड्न पुग्दा यस्तो अवस्था सिर्जना हुन गएको हो। यसले गर्दा जनयुद्धमार्फत् स्थापित गरिएका मुद्दाहरू ओझेलमा पर्न गए। ती एजेण्डा र मुद्दाहरू एनजीओ/आइएनजीओहरूले आफूले ल्याएका स्वतन्त्र एजेण्डाहरू जस्तो गरी जनतामा भ्रम छर्दै लगे।

हाम्रा हातबाट ती नारा र मुद्दाहरू खोसिए पनि। यसका लागि देशी विदेशी प्रतिक्रियावादीहरूले भएभरको ताकत पनि लगाए। यसको निकै नै नकारात्मक छाप जनतामा पर्न गएको छ।

यसले महिला आन्दोलन र महिला नेतृत्वको विकासको प्रक्रियालाई रोकिदिएको पनि थियो। किनकि समग्र वर्गीय आन्दोलन नै धुमिल हुन पुगेपछि यो अवस्थाको सिर्जना हुन गयो। यो भनेको डलरबाट प्रभावित गर्ने र विचार राजनीतिबाट अलग गर्नु रहेको थियो। केही त नारीवादी आन्दोलनको पनि अभ्यास गरिएको थियो।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# स्थानीय बजेटमाथि जनप्रतिनिधिहरूको ब्रम्हलुट

काठमाडौं । पहिलो चरणको स्थानीय तहको निर्वाचनअघिसम्म पर्वतका यामबहादुर मल्ल निर्माण व्यवसायीका रूपमा चिनिन्थे । तर, निर्वाचनले उनको परिचय थपिदियो, उनी नेपाली कांग्रेसबाट जलजला गाउँपालिकाका अध्यक्ष चुनिए । रामकृष्ण निर्माण सेवा र कालीगण्डकी क्रसर उद्योगका सञ्चालक मल्लले ठेक्कापट्टा र क्रसर उद्योगबाट कमाएको सम्पत्तिकै बलमा एकैपटक कांग्रेसको जिल्ला कोषाध्यक्षहुँदै गाउँपालिका अध्यक्षको टिकट हत्याएका थिए । कांग्रेसबाटै निर्वाचित नवलपरासी, सुनवल नगरपालिकाका मेयर भीमबहादुर थापाले पनि ठेक्कापट्टा छाडेका छैनन् । पाल्पाको मस्याममा रहेको चुनढुंगा खानीका सञ्चालक थापाको कम्पनीले बुटवल सिमेन्ट प्रा.लि. र सर्वोत्तम सिमेन्ट उद्योगलाई कच्चा पदार्थ आपूर्ति गर्छ । त्यसबाहेक उनको तिरूपति निर्माण सेवा प्रालि पनि छ । थापाले यज्ञप्रसाद पौडेललाई अख्तियारी हस्तान्तरण गरेका छन् । तर, घुमाउरो तरिकाले थापाले पनि आफ्नै खल्ती भरिरहेका छन् ।

जस्तो कि, सुनवल नगरपालिका ९, स्वाठीस्थित छडेनीमा सडक निर्माणको ठेक्का शुभश्री निर्माण सेवा कम्पनीलाई दिइएको छ । शुभश्री त्यो कम्पनी हो, जसमा मेयर थापा, पौडेल र शंकर चोखाल साझेदार छन् ।

नेपाल निर्माण व्यवसायी महासंघका अनुसार, स्थानीय तह निर्वाचनबाट ३०० भन्दा बढी निर्माण व्यवसायी जनप्रतिनिधि बनेका छन् ।

पर्वतको महाशिला गाउँपालिका ३ का वडाध्यक्ष रोशन गुरुङ 'महाशिला निर्माण सेवा प्रालि' का सञ्चालक हुन् । उनले गाउँपालिकाको विकास निर्माणमा आफ्नै एक्साभेटर भाडामा लगाएका छन् । र्वतकै पैयु गाउँपालिका २ का अध्यक्ष भीमसेन गुरुङ 'गुरुङ निर्माण सेवा' र मोदी गाउँपालिका ७ का वडाध्यक्ष बसन्त गुरुङ सिद्धबाबा निर्माण सेवाका सञ्चालक हुन् । उनीहरू दुवैले कम्पनीको अख्तियारी अरूलाई नै दिएर ठेक्कापट्टा जारी राखेका छन् ।

यस्तै बुटवल उपमहानगरपालिका ८ का वडाध्यक्ष भीमबहादुर श्रेष्ठ अरनिको एण्ड भीम कन्स्ट्रक्सन प्रालिका सञ्चालक हुन् । अहिले बुटवलको देवीनगर-बुद्धनगर पुल निर्माणको काम यही कम्पनीले गरिरहेको छ ।

आफैं डोजर भाडामा लिएर स्थानीय तहका काम जिम्मा लिने वा डोजर भाडामा लगाएर पैसा कमाउने- अर्घाखाँचीका स्थानीय जनप्रतिनिधिहरूको 'व्यवसाय' नै बनेको छ । जिल्लाको सितगंगा नगरपालिकाका उपप्रमुखमा तत्कालीन माओवादी केन्द्रका तर्फबाट निर्वाचित टीका रेश्मी मगरले आफूले डोजर भाडामा लिई नगरपालिकाभित्रको सडक निर्माणमा लगाएका छन् । सितगंगा नगरपालिका १० का वडाध्यक्ष हिम्मत पौडेल, ५ का कमल पौडेल, १२ का बाबुराम गैरे र ९ का भीम केसीले आफैं डोजर किनेर नगरपालिकालाई भाडामा लगाएका छन् । वडा नम्बर ३ का अध्यक्ष हेमनाथ भुसालले डोजर भाडामा लिएर चलाइरहेका छन् ।

विकास बजेटको ठूलो रकम सडक निर्माणमा विनियोजन गर्ने र त्यसपछि काम आफैंले गरेर रकम कुम्ल्याउने ध्याउन्नमा जनप्रतिनिधि नै लागेका छन् । सितगंगा नगरपालिकाले आर्थिक वर्ष २०७४/७५ का लागि रु.६३ करोड १५ लाख ९४ हजार बजेट छुट्याएको थियो । त्यसमध्ये रु.१४ करोड २५ लाख प्रशासनिक खर्च हो भने बाँकी विकास खर्च । नगरपालिकाले आन्तरिकतर्फ रु.२ करोड ४६ लाख उठाउने लक्ष्य राखेको थियो, बाँकी ६१ करोड सरकारी अनुदान । अनुदानतर्फको बजेटबाट नगरस्तरीय ठूला सडक आयोजनाका नाममा रु.५ करोड र साना सडक निर्माणका लागि रु.४ करोड छुट्याइएको छ । त्यस्तै आन्तरिकतर्फको रु.२ करोड ४६ लाखमध्ये रु.५१ लाख ७६ हजार पनि सडक निर्माणमा छुट्याइएको छ । नगरपालिकाले सडक निर्माणमा छुट्याएको बजेट मात्र करीब रु.१० करोड छ ।

अर्घाखाँचीकै छत्रदेव गाउँपालिका १ का वडाध्यक्ष प्रकाश पन्थी, २ का वडाध्यक्ष राजेश पन्थी र ३ का वडाध्यक्ष कमल पौडेलले डोजर किनेर गाउँपालिकाबाट सडक निर्माणको जिम्मा लिएका छन् । जिल्लाकै सन्धिखर्क नगरपालिका १ का वडाध्यक्ष युवराज बञ्जाडेले प्रतीक्षा निर्माण सेवाका नामबाट नगरपालिकाको कृषि भवन निर्माणको ठेक्का लिएका छन् । वडा ८ का अध्यक्ष ईश्वरी पौडेलले डोजर भाडामा लिएर आफैं सञ्चालन गरेका छन् । नेकपा माओवादी केन्द्रका तर्फबाट भूमिकास्थान नगरपालिकाको मेयर बनेका रेशम थापाले भाइ प्रेम थापालाई अगाडि सारेका छन् । वडा ९ का अध्यक्ष नारायण खनालले पनि युवराज श्रेष्ठ र ...बाँकी ७ पेजमा

# प्रम ओलीको जोखाना र विरोधाभाषपूर्ण धरातलीय यथार्थ

काठमाडौं । प्रधानमन्त्री निर्वाचित भएपछि ओलीले आफ्ना पहिला वाचाहरूमा देशबाट तुइनहरू हटाउने भनेका थिए, तर देशभर तुइन जस्ताका तस्तै छन् । जनताले तुइन तर्दै सास्ती खेपिरहेका छन् । त्यसैगरी उनले नेपालमा कम्युनिस्टको शासन आयो, अब कसैले पनि डुवानको पीडा खेप्नुपर्ने छैन भनी चर्को भाषण गरेका थिए । गाउँवस्तीहरू अहिले जलमग्न छन्, उद्दार पनि छैन । कुनै पूर्व तयारी पनि थिएन र छैन । अहिले जम्मा डेढ शय मिलिलिटर वर्षा भएको बताइएको छ । नेपालमा राम्रो वर्षाहुँदा ५०० मिलिलिटरसम्म पानी पर्छ । त्यसको तयारी पनि छैन ।

नेपालको उपल्लो तटीय क्षेत्र अर्थात् पहाडी र हिमाली क्षेत्र सडक खनेर छियाछिया पारिएको छ । त्यहाँको माटो नदीले बगाएर तराइमा पुर्‍याउँदा यस पाला डुवान अकल्पनीय हुने छ । त्यसको सरकारी तयारी केही पनि छैन ।

नेपालमा प्रम ओलीले घरघरमा ग्याँस पाइप लाइन पुर्‍याउने कुरा गर्छन् । तर देशमा डिजल, पेट्रोल र ग्यास सिलिण्डरमा हरेक महिना मूल्य वृद्धि भइरहेको छ ।

ओलीले स्टिमर र पानी जहाजका कुरा गर्छन्, तर नारायणगढ-मुग्लिङ सडक खण्डले नै सरकारको बाह्र बजाएको छ । त्यहाँ सडकमाथि पहिरो गएको छ र सडक आफै भासिएको छ ।

उनले उड्ने कार ल्याउने कुरा गर्छन्, गुड्ने ट्रिप्परले मान्छे मारेको मार्‍यै छ ।

भारत र चीबाट ओलीले रेल ल्याउने कुरा गर्छन्, काठमाडौंमा ट्राफिक जाम छ । बाटो भत्किएकाले देशभर आवत जावत ठप्प छ ।

देशका ग्रामीण इलाकाहरूमा विजुली पुगेको छैन । सहरमा पनि भारतबाट प्रति युनिट ८ रूपैयाँसम्म खरिद गरेर विजुली वितरण गरिएको छ । तिनै ओलीले घरगोठका त के कुरा गरौं, महाकाली भारतलाई दिएपछि नेपालका वनजंगलमा भएका जति पनि रुखविरुवाहरू छन्, तिनका पातपातमा विजुली बाल्न सकिन्छ भनेर सपनाका कुरा गरेका थिए । अचम्मको कुरा के पनि सुनिएको थियो भने नेपालको विजुली सेटेलाइटबाट विदेश निर्यात गरिने छ ।

तर प्रम केपी ओलीले व्यवहारमा भने सन् १९५० देखिका सबै असमान सन्धिसम्झौताहरू कार्यान्वयन गर्ने वाचा दिल्लीसँग गरेर आएका छन् ।

'समृद्ध नेपाल, सुखी नेपाली'का नारा दिएर घाटा बजेट प्रस्तुत गर्न लगाएका छन् । महंगी निम्त्याउने मौद्रिक नीति ल्याएका छन् ।

देशभर वाक स्वतन्त्रता, शान्तिपूर्ण विरोध प्रदर्शनको स्वतन्त्रता आदिमाथि रोक लगाउँदै अघोषित संकटकाल हाबी गराउन निषेधित क्षेत्रहरू घोषणा गरेका छन् ।

डा. गोविन्द केसीसँग पौठेजोरी खेल्न सिंगो राज्यसत्ता नै दुरूपयोग गरेका छन् । दिन दाहाडै देशको संस्कृत विश्वविद्यालयका उपकुलपतिलाई प्रमकै ठाडो आदेशमा अध्यागमन विभागबाट प्रहरी भ्यानमा हालेर बालुवाटार पुर्‍याइन्छ ।

सरकार आन्तरिक पारवाहनमा बस व्यवसायी समितिका एकलौटी सिन्डिकेटका अगाडि लम्पसार परेको छ ।

जनताले केही आशा र भरोसा राखेको छिमेकी मित्र राष्ट्र चीनको भ्रमणमा गई प्रोटोकलमा नै हस्ताक्षर नगरी खाली हात स्वदेश फर्किएका छन् । यसमा उनलाई न त पश्चात्ताप छ, न त गल्ती र हीनताबोध नै । त्यसैले प्रम ओली जोखाना र हात हेराइको अनुमानमा देश हाँक्न गाह्रो छ ।

# पहिचानको आन्दोलनमा क्रान्तिकारी माओवादीको ऐक्यबद्धता

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)ले सरकारको पहिचानविरोधी निर्णयको तीव्र विरोध गर्दै पहिचानको पक्षमा सञ्चालित न्यायपूर्ण आन्दोलनप्रति दृढ समर्थनका साथै त्यसप्रति ऐक्यबद्धतासमेत जाहेर गरेको छ । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले बिहीबार एक वक्तव्य जारी ४ नं. प्रदेशको नामांकनसम्बन्धी पहिचानविरोधी निर्णय खारेज गरी पहिचानलाई आधार बनाई नयाँ ढंगले नामांकन गर्न सरकारसित जोडदार माग गर्नुभएको छ ।

वक्तव्यमा भनिएको छ, "हालै पूर्व नेकपा (माओवादी केन्द्र)को एमालेमा विलय भएपश्चात् बनेको नेकपा नामधारी पार्टीको ४ नं. सरकारको पहलमा सो प्रदेशलाई गण्डकी प्रदेशको रुपमा नामांकन गरिएको छ । कुनै पनि प्रदेशको नामांकन गर्दा त्यसको ऐतिहासिकता, जातीय, क्षेत्रीय तथा भाषिक अवस्थिति, सामाजिक आर्थिक अवस्था, पहिचान जस्ता विषयलाई आधार बनाइनु पर्दथ्यो । परन्तु, त्यसो गरिएन । हामी सर्वहारावर्ग र उत्पीडित जातिहरुको ऐक्यवद्धताको पक्षमा छौं । तसर्थ, हाम्रो पार्टी यस प्रकारको पहिचान विरोधी निर्णयको तीव्र विरोध र पहिचानको पक्षमा सञ्चालित न्यायपूर्ण आन्दोलनको दृढ समर्थनका साथै त्यसप्रति ऐक्यवद्धता समेत जाहेर गर्दछ । साथै। हाम्रो पार्टी ४ नं प्रदेशको नामांकनसम्बन्धी उक्त निर्णयको खारेज गरी पहिचानसमेतलाई आधार बनाई नयाँ ढंगले नामांकन गर्नका लागि सरकारसित जोडदार माग गर्दछ ।"

जनयुद्ध र जनआन्दोलन तथा समग्र जातीय मुक्ति आन्दोलनको मूल मुद्दा पहिचानसहित संघीयतालाई वर्तमान ओली नेतृत्वको सरकारले पूरै उपेक्षा गरेको भन्दै वक्तव्यमा भनिएको छ, "तात्कालिक नेकपा (माओवादी)द्वारा सञ्चालित महान जनयुद्ध, सर्वहारावर्गको नेतृत्व र महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम सहितका उत्पीडित जनसमुदायको सहभागितामा नयाँ जनवादी राज्यसत्ता स्थापना गर्ने उद्देश्यमा आधारित थियो । जनयुद्ध, विभिन्न जनआन्दोलन र समग्र जातीय मुक्ति आन्दोलनको एउटा मूल मुद्दा पहिचानसहितको संघीयता पनि थियो । परन्तु, आज त्यसलाई पूरै उपेक्षा गरिएको छ ।"

# कृषि विश्वविद्यालयले दिएको सम्बन्धन खारेज गर्न माग

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को विध्यार्थी संगठन अखिल (क्रान्तिकारी)ले आर्थिक तथा राजनीतिक चलखेलको आधारमा २१ असार। ०७५ मा कृषि तथा वन विज्ञान विश्वविद्यालयले ८ वटा निजी कलेजहरुलाई दिएको सम्बन्धनप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै शिक्षालाई जनताको पहुँचबाट अलग गराउने उक्त जनविरोधी निर्णय खारेज नगरिए संघर्षका जनुसुकै कदम उठाउन पछि नपर्ने चेतावानी दिएको छ ।

क्रान्तिकारीले राज्य स्वयम् शिक्षा क्षेत्रलाई निजीकरण र व्यापारिकरण गर्न लागेको दावी समेत गरेको छ र भनेको छ, 'शिक्षा क्षेत्र राज्यको दायित्वभित्र राखिनु पर्दछ र जनताको पहुँचमा हुनु पर्छ भन्ने हाम्रो मान्यता रहिआएको छ । तर राज्य र राज्यका निकायहरु शिक्षा क्षेत्रलाई निजीकरण र व्यापारीकरण गर्न अहोरात्र लागिरहेका छन् ।'

अखिल (क्रान्तिकारी)का महासचिव राम नेपालीले शुक्रबार जारी गरेको वक्तव्यमा भनिएको छ, 'कृषि तथा वनविज्ञान विश्वविद्यालयले यति मिति २०७५ असार २१ गते ८ वटा निजी कलेजहरुलाई दिएको सम्बन्धनप्रति हाम्रो संगठन अनेरास्ववियू (क्रान्तिकारी)को गम्भीर ध्यानाकर्षण भएको छ । विश्वविद्यालयले देशव्यापी रुपमा आंगितक कलेजहरु खोली जनताका छोराछोरीलाई शिक्षा दिनुको सट्टा आर्थिक एवं राजनीतिक चलखेलको आधारमा निजी कलेजलाई सम्बन्धन दिई जनताको पहुँचबाट कटाउने खेल सुरु गरेको छ । निजी कलेजलाई दिइएको उक्त सम्बन्धन खारेज गर्न हाम्रो संगठन जोडदार माग गर्दछ । अन्यथा हाम्रो संगठन संघर्षका जनुसुकै कदम उठाउन पछि नपर्ने चेतावानी समेत दिन चाहन्छ ।'

# दोषीमाथि देजमोले गर्‍यो कारवाहीको माग

नवलपरासी । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा - नेपाल पश्चिम नवलपरासीले बर्दघाट २ चिसापानीको बहुमुल्य जग्गा मिलिमतो गरी कौडीको भाउमा बेचिएको भन्दै दोषी माथि कारवाहीको माग गरेको छ । वि.स. २०३४ सालदेखि स्थानीयले संरक्षण गर्दै आएको ८ विगाहा १२ कठ्ठा २ धुर तात्कालिन ग्रिन बेल्टको बहुमुल्य जग्गा कौडीको भाउमा बेचिएको भन्दै आपति जनाउदै दोषी उपर कारवाहीको माग हो । देजमो-नेपालका जिल्ला संयोजक राजु प्रसाद खनालद्वारा शुक्रवार जारी बिज्ञप्तिमा सो जग्गा बिक्री गरिनु स्थानीयवासीको भावनामाथि बज्रप्रहार गर्ने र राजस्व छल्ने हर्कत भएको जनाइएको छ ।

बिज्ञप्तिमा स्मरण गरिएको छ - उक्त जग्गा २०३४ सालमा सुनवलको मच्छरमाराबाट बसाई आएका र सो समयमा पञ्चायती राज्यसत्ताको बिरुद्ध पौठेजोरी खेलेका संर्घषशील भुमिहीन सुकुम्वासी जनताहरुको संर्घषद्वारा संरक्षित जग्गा रहेको ब्यहोरा पुनः स्मरण गराउन चाहन्छौ- उल्लेख गरिएको छ । सो बिज्ञप्तिमा बर्दघाट नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको सार्वजनिक सम्पति बिक्री हुदाँ मौन बस्नु र थाहा छैन भन्नु गैरजिम्मेवारपुर्ण अभिब्यक्ति भएको आरोप लगाइएको छ। बिज्ञप्तिमा थप भनिएको छ- स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र रहेको जग्गा टेण्डर भई बिक्री हुदाँ समेत थाहा छैन भन्नु कतिको जायज हो वा गैर जिम्मेरवारी पुर्ण अभिब्यक्ति हो ? यसको जवाफ खोज्नु आजको आवश्यकता भएको छ। भनि प्रतिप्रश्न गरिएको छ । बिज्ञप्तिमा स्थानीय जनताको भावना माथि खेलवाड भएको र दोषी माथि कारवाही नभए कडा आन्दोलनमा उत्रिन बाध्य हुने जनाइएको छ ।

# सुकुम्बासी समस्या र समाधान

झगेन्द्रबहादुर बुढा 'विजय'



*अब क्रान्तिकारी माओवादीले अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघलाई अगाडि लगाएर देशैभरि सुकुम्बासीहरूका समस्या समाधान गर्न स्थानीय निकायमा ज्ञापन पत्र दिने, दबाबमूलक आन्दोलन गर्नेलगायतका कार्यक्रमहरू गर्ने निश्चित छ*

देशमा आफूलाई 'वामपन्थी' तथा 'कम्युनिष्ट' दावी गर्नेहरूको सरकार छ । पाँचवर्षसम्म एकलौटी सरकार चलाउने सुविधा उनीहरूलाई छ । देशका प्रधानमन्त्रीदेखि मन्त्रीहरू समाजवाद उन्मुख संविधान र व्यवस्थाको वकालत पनि गरिरहेका छन् । ओली नेतृत्वको सरकारले अहिले 'समृद्ध नेपाल, सुखी नेपाली' नारा निकै नै फलाकिरहेको छ । तर ओली सरकारका गतिविधि, स्थनीयदेखि प्रदेश सरकारका कामलाई हेर्ने हो पनि ओली सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली' भनेको आकाशको फल आँखा तरी मर भनेजस्तै हुने देखिन्छ ।

नेपाल कृषि प्रधान देश हो । तर लाजमर्दो स्थिति छ बर्षेनी अर्बौंको धान चामल विदेशबाट किनेर खानुपर्ने स्थितिमा पुगेको नेपाल । क्रान्तिकारी भूमिसुधारको ठूल्ठूला नारा लगाउने तत्कालीन माओवादी नेताहरू पनि अहिले सरकारमा छन् । विगतमा पनि पटक पटक सरकारको नेतृत्व गरे तर उनीहरूले त्यस दिशामा सिन्कोभाँची काम गरेनन् । बरु आफूले विगतमा उठाएका मुद्दा र जनताबीचमा गरेका प्रतिबद्धताविपरीत काम गरे । अहिले पनि भूमिमाथि जनताको हक स्थापित हुन सकेको छैन । आजका दिनमा पनि लाखौं नागरिक देशमा भूमिहीन सुकुम्बासीको रूपमा रहन बाध्य छन् । एकिन तथ्यांक नभएपनि अहिले पनि लाखौं नागरिकहरू ऐलानी, पर्ती तथा गाउँ ब्लक तथा सरकारी स्वामित्वको जग्गामा सुकुम्बासी रूपमा टहरामा बस्न बाध्य छन् । सरकार फेरिन्छन्, सुकुम्बासी आयोग पनि बन्छन्, तर सुकुम्बासीहरूलाई भूमि अधिकार दिलाउने विषयमा सरकार कहिले पनि गम्भीर बन्न सकेको छैन । बरु उल्टै विना विकल्प सुकुम्बासी बस्ती हटाउने आतंक खडा गर्छ । र, बेला बेलामा अनेकौं किसिमका सूचना जारी गरी सुकुम्बासी बस्तीलाई आतंकित बनाउने गर्दछ ।

यस्ता धेरै तथ्यांकहरू छन् कि अहिले पनि भूमि र पूँजीका हिसाबले मुट्ठीभर साभ्रान्त वर्ग नै अभिजात वर्ग बनेको छ । कल, वल र छलको प्रयोग गरी सोझा, सिधा, इमान्दार मेहनतकश जनतालाई भूमिबाट बेदखल गरी उनीहरूलाई हरूवा, चरुवा बनाउँदै आए । काम गर्ने वर्गको जग्गा नहुनु र धनी वर्गको अथाहा सम्पत्ति हुनुले पनि खतीयोग्या जमिन अहिले बाँझो अवस्थामा रहेको छ । गरिब र मजदुरहरू ओत लाग्न खोला किनारमा टहरा बनाएर बस्न बाध्य छन् । उनीहरूलाई त्यहाँबाट पनि बेदखल गर्ने अनेक प्रपञ्च फेरि सुरु हुन थालेको छ । झापामा सुकुम्बासीमाथि गरिएको निर्मम दमन ओली सरकारको सुकुम्बासी विरोधी निर्लज्ज अनुहारको प्रदर्शन हो त्यो ।

देशका विभिन्न ठाउँबाट र लामो समयदेखि काठमाडौंमै रहँदै आएका हजारौं मान्छेहरू अहिले काठमाडौंको विभिन्न नदी किनारमा घर टहरा बनाई बस्दै आएका छन् । गाँस, बास र कपास, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकताबाट बञ्चित हुँदै आएका विभिन्न जात जाति, भाषा तथा धर्म मान्ने समुदायका मान्छेहरू यस्तो ठाउँमा बस्दै आएका छन् । नदीको किनार, ढल र फोहरको असह्य दुर्गन्ध, टिन तथा पालमुनिको बसोबास, खानेपानी, बिजुलीबत्तिबस्ती जस्ता अत्यावश्यक चिजको अभाव, बर्षेनी बर्षायामको डुवान लगायतका समस्याबाट आक्रान्त यो बस्तीमा राज्यले एउटा नागरिकले बाँच्नका लागि चाहिने आधारभूत आवश्यकताको परिपूर्ति गर्नुको साटो उल्टै विभिन्न स्वार्थ समूहहरूको प्रभावमा परी सुकुम्बासी बस्तीमाथि दमन चलाउने अमानवीय कदम चाल्न पछि परेको छैन ।

काठमाडौंको थापाथलीमा २०६९ बैशाख २६ गते बाबुराम भट्टराईको सरकारले २५८ घरधुरीलाई हजारौंको संख्यामा प्रहरी परिचालन गरी डोजर लगाएर आततायी, अमानवीय दमन गर्‍यो । सरकारले मध्यरातमा बस्ती घेराऊ गरी बिचल्ली पारेर भत्कायो । सरकारको घोषित निर्णय विपरीत केही संघसंस्था र दलालीको मिलोमत्तोले गर्दा सरकारले न त सुकुम्बासी छानबिन गर्न सक्यो । न त हटाउन नै सक्यो । अझैसम्म सोही स्थानमा टहरा बनाई सुकुम्बासीहरू बसी रहेका छन् । राज्यले कैले कमलपोखरी, कैले इचन्गू नारायणको सपना देखाए पनि व्यवहारिक र वैज्ञानिक नभएको हुँदा सुकुम्बासी समाधान हुन सकेन । त्यस्तैगरि दाङ, चितवन, झापा, कैलाली लगायतको दर्जनौं जिल्लामा सुकुम्बासी बस्तीमा डोजर चलाएपनि समस्या समाधान हुनुको साटो झन समस्या बल्जिएर गएको छ ।

सुकुम्बासीहरूको वास्तविक समाधान खोज्न फेरी देशभरका सुकुम्बासीहरू एकजुट भएर संघर्षमा उत्रनुपर्ने परिस्थिति विकसित हुँदै गएको छ । पछिल्लो पटक नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघले सुकुम्बासीहरूमाथि भएको दमन र उत्पीडनको विषयमा आवाज उठाउँदै आएको छ । उक्त पार्टीका महासचिव मोहन वैद्य'किरण'ले विगतमा प्रधानमन्त्रीलाई भेटेरै ज्ञापनपत्र समेत बुझाउँदै सुकुम्बासीहरूका समस्या र समाधानका लागि विषयमा गम्भीर रूपमा उठाउनु भएको थियो । क्रान्तिकारी माओवादीको पछिल्लो केन्द्रीय समितिको बैठकले समेत यस विषयमा राम्रै छलफल चलाएको बुझिएको छ । यसको अर्थ अब क्रान्तिकारी माओवादीले अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघलाई अगाडि लगाएर देशैभरि सुकुम्बासीहरूका समस्या समाधान गर्न स्थानीय निकायमा ज्ञापन पत्र दिने, दबाबमूलक आन्दोलन गर्नेलगायतका कार्यक्रमहरू गर्ने निश्चित छ । त्यसका लागि फेरि पनि सुकुम्बासी बस्तीका बासिन्दाहरू नै आफ्नो अधिकारका लागि सचेत र सक्रिय हुन जरुरी छ र संगठित रूपमा आवाज बुलन्द गर्न जरुरी छ । अब सुकुम्बासी समुदायका समस्याको वास्तविक समाधान भनेको भूमि अधिकार हो । त्यसका लागि संघर्षको विकल्प छैन । अधिकार मागेर पाइँदैन, त्यसका लागि लड्न तयार हुनुपर्दछ ।

*(लेखक अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघका काठमाडौं जिल्ला सचिव तथा भूपू जनमुक्ति सेना नेपालका, कम्पनी कमाण्डर हुन् ।)*

## सूचना

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित भएको विचारप्रधान त्रैमासिक

**...वर्गबोध...**

बजारमा उपलब्ध छ, आफ्नौ प्रति बेलैमा सुरक्षित गरौं ।

**प्रकाशन विभाग**

**वर्गबोध त्रैमासिक**

# व्यापारमा एकलौटी अमेरिकी दादागिरी अब चल्दैन– *चीन*

काठमाडौं। चिनियाँ सामानमा पछिल्लोपटक आएर अमेरिकाले फेरि पनि व्यापार कर थोपरेपछि चीनले अब विश्व व्यापार र विशव बजारमा अमेरिकाको एकलौटी दादागिरी नचल्ने चेतावनी दिएको छ । अमेरिकाले लहडी रूपमा पटकै पटक चिनियाँ सामानहरू आयातमा कर थप्दै गएपछि चीनले आधिकारिक रूपमा यो भनाइ सार्वजनिक गरेको हो ।

'अमेरिकी दादागिरी' को संज्ञा दिइएको चिनियाँ प्रतिक्रियापछि चीनले आफ्नो देशमा आयात गरिने अमेरिकी सामानहरूमा पनि चर्को व्यापार कर लगाएर बदला लिने घोषणा गरेको छ । यो घोषणामा भने चीनले आफूले चाल्न थालेको यो कदम बाध्यात्मक कदम मात्र भएको



पनि बताएको छ । चीनका अनुसार अमेरिकाले एकपछि अर्को गरी चिनियाँ सामानहरूमा यसरी कर थोपर्दै गएपछि ऊ पनि चूप लागेर बस्न सक्ने अबस्थामा नरहेको बताएको छ ।

चीनका अनुसार कानुनी रक्षाका लागि उसले यी कदमहरू चाल्ने छ । वासिंगटनले चीनलाई वौद्धिक सम्पत्ति चोरेको भनी वारम्बार आरोप लागाउँदै आएछि उसले यो कानुनी रक्षाको कदम चालिन लागेको बताएको हो ।

हाल एशियाका प्रमुख व्यापारिक केन्द्रहरू टोक्यो, हङकङ र बेइजिङले आफ्नो अर्थतन्त्र र बजार जोखिमबाट बचाउन खोज्दा त्यहाँको सट्टाबजारमा निकै गिरावट आएको छ ।

## हेलसिन्स्की शिखर वार्तामा के गर्दैछन् ट्रम्प-पुटिन ?

काठमाडौं । उत्तरकोरिया र अमेरिकाको सिंगापुर वार्ता जस्तै बनेको छ हाल हुन लागेको अमेरिका र रुस वार्ता पनि । दुवैले अविश्वास पनि व्यक्त गरिरहेका छन् र वार्ताको प्रचार पनि गरिरहेका छन् । शिखर वार्ताको चार दिन अगाडि मात्र क्रेमलिनले वार्ताको बारेमा जानकारी गराएको थियो । जानकारी अनुसार अबका तीन दिनपछि फिनल्याण्डको राजधानी हेलसिन्स्कीस्थित राष्ट्रपति भवनमा ट्रम्प-पुटिन वार्ता हुने भएको छ ।

रसियाको समाचार एजेन्सी तासका अनुसार ट्रम्प एक दिनअघि आइतबार नै त्यहाँ पुग्ने छन् । तर पुटिन भने समयका हिसाबले एक दिनपछि सोमबार मात्रै त्यहाँ पुग्ने छन् । तर कति लामो समय र के के विषयमा वार्ता हुने छ भन्ने कुरा रसियाले सर्वजनिक गरेको छैन । तर जानकारी गराइएअनुसार वार्ताका लागि भने कुनै समयसीमा भने तोकिएको छैन ।

वार्ता समूहमा भन्दा पनि सिंगल सिंगल नै हुने बताइएको छ । तर दुवैले आफ्ना भाषिक सहयोगीहरू वार्तामा राख्ने छन् । वार्तापछि दुवै राष्ट्रपतिहरूले भए गरिएका समझदारीहरूमा संयुक्त हस्ताक्षर गर्ने परम्परालाई कायमै राखिने छ । वार्तापछि पत्रकार सम्मेलन गरी सम्बोधन पनि गरिने पनि बताइएको छ ।

राजनीतिक विश्लेषकका अनुसार रुस र अमेरिकाको यो द्विपक्षीय वार्तामा देशका आन्तरिक मामलासँग जोडिएका व्यापार कर बाहेक सबै कुरा अरु देशका बारेमा हुने छन् । सिरिया, इजरायल, युरोप यी दुवैका वार्ताका प्राथमिकतामा परेका छन् । सिरियामा हाल अमेरिका र रुसबीचमा नाडी छामाछामको अवस्था छ भने, इजरोयलले गरिरहेको मानव नरसंहार पनि रुसले जोडेर उठाउने छ । यसका साथै रुसले युरोपमा प्रवाह गरिरहेको ग्यास पाइपको बारेमा अमेरिका निकै क्रुद्ध बनेर प्रस्तुत भइरहेको छ ।

वर्षौदेखि रुसले युरोपमा गरिरहेको यो ग्यास सप्लाइलाई अमेरिकाले कटाएर अमेरिकी उर्जा त्यहाँ प्रतिस्थापन गर्न चाहन्छ । यो विषय रुसको पहिलो खाँचोको रूपमा वार्ता एजेण्डामा पर्ने निश्चित छ ।

वर्तामा उत्तर कोरिया, पूर्वी युक्रेन तथा इरानका साथै चीनको विषयमा प्रवेश गर्न नछुटाउने देखिएको छ । क्यानडामा भएको जी-७ को वैठकमा ट्रम्पले पुटिनलाई गुहारेपछि अमेरिकी साझेदारहरूमाझ चलेको रडाकोले पनि वार्तामा छुस्स प्रवेश पाउने जनाइएको छ ।

# अमेरिका नयाँ व्यापार साझेदारको खोजीमा

काठमाडौं । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प नयाँ व्यापार साझेदारहरूको खोजीमा छन् । उनी अहिले सबैभन्दा बढी युरोपियन व्यापार ैठकमा ट्रम्पले उनका पुराना साझेदारहरूका अलावा नयाँ साझेदारहरू पनि प्रस्तावित गरेको खुल्न आएको छ । उनले गरेका प्रस्तावित नयाँ साझेदारहरूमा रसियाको चर्चाले क्यानडा सबैभन्दा बढी चिढिएको थियो ।

अमेरिकी राष्ट्रपति जी-७ को वैठक नसकिँदै हस्ताक्षर गर्न पनि नगरेर शिखर सम्मेलन कक्षबाट बहिरिएका थिए । बाहिरिएपछि उनले सार्वजनिक रूपमा आलोचना गर्दै क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोलाई स्यालजस्तो 'धूर्त र कायर' भन्न पनि भ्याएका थिए । जवाफमा जस्टिन ट्रुडोले ट्रम्पलाई 'रङ्ग न ढङ्गका हाउडे' भनी कडा टिप्पणी गरेका थिए ।

ट्रम्प अहिले ल्याटिन अमेरिका तथा एशियाका आफ्ना विरोधीहरूसँग हात मिलाउँदै नयाँ मेलमिलापका कुराहरू लिएर हिंडिरहेका छन् । उनले युरोपेलीहरूले सोचेको र अनुमान गरेको भन्दा अलि बढी नै हिमचिम ल्याटिन अमेरिकी तथा एशियाली देशहरूसँग गर्न थालेपछि भने उनका हालसम्मका युरोपीय व्यापार साझेदाररुले नरम भाषा प्रयोग गर्न थालेका छन् ।

ट्रम्पलाई अलि नजिक ल्याउने बिग्रिएको सम्बन्ध सुधार गर्ने हेतुले ती युरोपेलीहरू भन्छन्- 'ट्रम्पका लागि युरोपीयहरू भन्दा अरु मित्रहरू हुनसक्ने छैनन्, किनकि युरोपीयहरूले अमेरिकासँग सहकार्य र साझेदारी गर्ने क्रममा आफ्नो ज्यानको समेत् आहुति दिएका छन् । एकअर्काका लागि रगत बगाएको यो सम्बन्ध टाढिने सम्भावना निकै कम छ ।'

देख्न र देखाउन लागि मात्र उत्तर कोरियासँग भएको ट्रम्पको वार्ता विशेष गरी आन्तरिक रूपमा चीन र रसियासँग जोडिएको थियो । अमेरिकाका त्यति व्यस्त राष्ट्रपति वार्ता हुनुभन्दा दुई दिन पहिले नै किन हतारमा सिंगापुर पुगेका थिए ? यो लुकाएर लुकाइने विषय पनि त होइन ।

पछिल्लो चरणमा अमेरिकाले आफ्ना साझेदारलाई एक शब्द पनि नसोधी अमेरिका भित्रिने आल्मुनियम तथा स्टिल आयातमा एकलौटी रूपमा व्यापार कर लगाएपछि ट्रम्पका युरोपीय साझेदारहरू जिल्लिएका थिए । यसका साथै व्यापार कर चिनियाँ सामानहरूमा पनि लगाइएपछि चीनले पनि अमेरिकी सामानहरूमा व्यापार कर लगाएको थियो । त्यसपछि सबै पुँजीवादी मुलुकहरू त्यसमा पनि दुई विपरीत ध्रुवका चीन र अमेरिकाबीच व्यापार युद्ध हुनसक्ने सामान्य अनुमान सबैमा थियो ।

सञ्चार माध्यमहरूमा चीन र अमेरिका बीचमा व्यापार युद्ध चल्दै गरेको भनी व्यापक टीकाटिप्पणी गरिए पनि युरोपीयहरू भने चीन, रसिया र अमेरिकाको बीचमा त्रिपक्षीय व्यापार सम्बन्ध बन्न सक्ने संभावना पनि उत्तिकै बलियो भएको बताउन थालेका छन् ।

# बजेट कुम्ल्याउँदै, डोजर व्यवसाय चलाउँदै जनप्रतिनिधिहरू

काठमाडौं । स्थानीय जनप्रनिधि नभएका कारण विकास, निर्माण र समृद्धि नभएको हो भन्ने आम जनतामा प्रचार गराइएको थियो । आम जनताले दुई दशकपछि भएको स्थानीय तहको उत्साहपूर्वक निर्वाचनमा भाग लिए र आफूले चिनेजानेको र केही हुन्छ कि, गर्छ कि भन्ने उम्मेदवारलाई अमूल्य मत दिएर विजयी बनाए । उम्मेदवारले पनि भएसकेको पैसाको खालो बगाएर चुनाव जिते । 'सिहदरबारको अधिकार गाउँ गाउँमा' भन्ने नारा पनि लगाइए । हो कि कसो भन्ने जनतालाई पनि पऱ्यो । तर निर्वाचन सम्पन्न भएको एक वर्ष नवित्तै आम जनतामा जुन जोगी आए पनि कानै चिरेको, सिंहदरबारको अधिकार होइन, भ्रष्टाचार चाहिं गाउँ गाउँमा आयो, सिंहदरबारको अधिकार होइन, सिंह मात्रै गाउँमा आए, के सोचिएको थियो पहिले, के भयो अहिले आदि जनताका गुनासा, भनाइ र अनुभूतिहरू सबैतिर सुनिन थालिएको छ । जनतालाई लाग्यो 'वाम' तथा 'कम्युनिष्ट' नेतृत्वको सरकारले पाँच वर्षसम्म सरकार चलायो भने ओलीले भनेजस्तै 'समृद्ध नेपाल, सुखी नेपाली' भइहाल्छ कि । तर विहानीले दिनको संकेत गर्छ भनेझै ओली नेतृत्वको सरकारको छोटै अवधिमा बढेको मूल्यवृद्धि, महंगी, बेरोजगारी, भ्रष्टाचार, अनियमितता र प्रम ओलीको उखान टुक्के हावादारी कुराबाट जनता छाङ्गाबाट खसेजस्तो भएका छन् र, आफ्नो अमूल्य मत खेर गएको महसुस गर्न थालेका छन् । र, वैकल्पिक राजनीतिक शक्तिको खोजी गर्न थालेका छन् ।

**बजेट जति आफ्नै डोजर व्यवसायलाई**

दैलेखमा ९० जना जनप्रतिनिधिहरूको ९६ वटा डोजर रहेको र उनीहरूले आवश्यकता भन्दा पनि आफ्नो डोजर व्यवसाय सञ्चालनका लागि अनुकूल हुने गरी विकासका योजनाहरू तर्जुमा गर्ने गरेको क्रान्तिकारी माओवादीका दैलेख इन्चार्ज दीपक शाही बताउछन् ।

ओखलढुंगा मानेभन्ज्याङ गाउँपालिकाको पहिलो सभाले सात करोड रूपैयाँभन्दा बढी बजेट सडक निर्माणमा विनियोजन गऱ्यो । गाउँपालिकाको प्रायः सबै वडामा हाल बाटो खन्ने काम तीव्र रूपमा चलिरहेको छ । ती बाटो खन्ने काममा प्रयोग भएका अधिकांश डोजर (एस्काभेटर) व्यवसायमा जनप्रतिनिधिकै प्रत्यक्ष, अप्रत्यक्ष रूपमा लगानी रहेको छ ।

त्यसैगरी चम्पादेवी गाउँपालिकाका केही जनप्रतिनिधि आफैं दिनरात सडक खन्ने काममा डोजरसँगै खटिएका छन् । बाहिरबाट सर्वसाधारणले हेर्दा उनीहरू गाउँको विकासमा दिनरात खटेको देखिन्छ । तर, उनीहरू भने विकासको नाममा नाफाको व्यापार गरिरहेका छन् । लिखु गाउँपालिकामा दर्जनभन्दा बढीको संयुक्त लगानीमा डोजर सञ्चालनमा छन् । त्यसमा गाउँपालिका प्रमुखदेखि वडा अध्यक्षसम्मको सेयर रहेको बताइन्छ । यी तीन स्थानीय तहमा जस्तै जिल्लाभित्रको आठै स्थानीय तहमा निर्वाचित गाउँपालिका प्रमुखदेखि वडा सदस्यसम्मको प्रत्यक्ष/अप्रत्यक्ष संलग्नता डोजर व्यवसायमा दिनदिनै बढिरहेको छ । यसको प्रमुख कारण भनेको योजना छुटयाउनेदेखि फरफारक गर्नेसम्म जनप्रतिनिधिकै हात रहने भएकाले हो । उपभोक्ता समिति गठनमा पनि आफ्नो पार्टी र आफू निकट व्यक्तिहरू छान्ने प्रतिस्पर्धा हुने गरेको छ । प्रत्येक स्थानीय तहले कम्तीमा १ करोड रूपैयाँभन्दा माथि यसै आर्थिक वर्षमा बाटो खन्ने गरी बजेट छुटयाएका थिए । जिल्लाभित्र सञ्चालन हुने डोजरको पारिश्रमिकमा पनि एकरूपता छैन ।

गुल्मीका अधिकांश स्थानीय तहका वडाध्यक्ष र अन्य जनप्रतिनिधिहरू निर्माण व्यवसायको पृष्ठभूमिबाट आएका व्यक्तिहरू रहेका छन् । पालिकाहरूलाई आएको कार्यविधिअनुसार उपप्रमुख गाउँपालिकाको तर्फबाट अनुगम समितिको अध्यक्ष रहने र वडाध्यक्षहरू वडास्तरको विकास निर्माणमा अनुगमन समितिको अध्यक्ष रहने व्यवस्था छ । स्थानीय जनप्रतिनिधिहरू आफैं डोजर सञ्चालक, ठेकेदार तथा अनुगमन समितिको अध्यक्ष हुँदा विकास निर्माणका कार्य कत्तिको पारदर्शिता हुने हो भन्ने बसह चल्न थालेको छ । इस्मा गाउँपालिका पनि यस्तै चिन्ता र चासो रहेको सर्वसाधरणहरू बताउँछन् । कालागीगण्डकी गाउँपालिकामा ठेक्का पट्टामा राजनैतिक दलको आडमा दादागिरी नै चल्ने गरेको सर्वसाधरणले गुनासो गर्छन् । रेसुङ्गा नगरपालिकाभित्र तीन वडामा प्रत्यक्षरूपमा निर्माण व्यवसायको क्षेत्रमा लागेको तीनवटा वडाध्यक्ष देखिन्छन् । वडा नम्बर ८ का अध्यक्ष भरत भलामी, वडा नम्बर ७ का अध्यक्ष मोहनप्रसाद पाण्डे र वडा नम्बर १२ का कुलबहादुर टण्डन पहिलेदेखिका निर्माण व्यवसायीहरू हुन् । टण्डनको भने आफ्नै डोजर छैन ठेक्का मात्रै लिन्छन् । जिल्ला समन्वय समिति प्रमुख लक्ष्मण पराजुलीले अनुगमनका क्रममा केही स्थानीय तहमा जनप्रतिनिधि आफैं ठेकेदार भएर काम गरेका पाएको स्वीकार गरे । स्रोतका अनुसार डोजर सञ्चालक र ठेक्का पट्टामा संलग्नहरूलाई अहिले जनप्रतिनिधि भएपछि काम पाउन निकै सजिलो भएको छ । ठेक्का पट्टाको सूचना आदान-प्रदानमा पनि निकै सजिलो हुँदै गएको छ । निर्माण व्यवसायमा संलग्न धेरै जनप्रतिनीधिहरूको नाममा निर्माण व्यवसाय कम्पनी अरु परिवारका सदस्यको नाममा छ । जिल्लाका कर्मचारीहरूका डोजर र गाडीहरू पनि धमाधम सञ्चालन हुँदै आएका छन् । रेसुङ्गा नगरपालिका वडा नम्बर ७ का अध्यक्ष पाण्डेको निर्माण कम्पनी श्रीमतीको नाममा छ भने पहिल्यैदेखि गर्दै आइरहेका ठूला निर्माण व्यवसायीको सूचीमा पर्ने रेसुङ्गा नगर प्रमुख डिल्लीराज भुसालको पनि छोराको नाममा छ । गत केही वर्ष यता साविकका तीन प्रमुख राजनैतिक दलमध्ये केहीले एक गाउँकमिटीमा कम्तीमा पनि एक डोजरको आन्तरिकरूपमा योजनाबद्ध ढंगले लहर चलाएका थिए । त्यसमा जिम्मेवार नेता कम देखिने गरेका छन् ।

रोल्पाको माडी गाउँपालिकाका अध्यक्ष नन्दबहादुर पुनले आफ्नै लगानीमा डोजर खरिद गरेका छन् । गाउँपालिकामा सडक खन्न होस् वा पुर्न यही डोजरको प्रयोग हुन्छ ।

डडेलधुराको परसुराम नगरपालिकाका मेयर भीमबहादुर साउदको आफ्नै निर्माण कम्पनी छ । राजेन्द्र निर्माण सेवा कम्पनीका मालिक रहेका साउदले नगरपालिकामा हुने सबै विकासका काममा आफ्नै निर्माण कम्पनीका डोजर, एक्साभेटर लगायत उपकरण प्रयोग गर्न लगाउछन् ।

रोल्पाकै सुकिदह गाउँपालिकाका अध्यक्ष वीरबहादुर खत्रीले पनि आफ्नै लगानीमा डोजर किनेर गाउँको सडक निर्माणका लागि भाडामा लगाइरहेका छन् ।

नन्दबहादुर पुन, भीमबहादुर साउद, वीरबहादुर खत्री जस्तै देशका धेरैजसो जनप्रतिनिधि अहिले आफ्नै डोजर र एक्साभेटर खरिद गरेर गाउँ नगरमा हुने निर्माणका काममा लगाइरहेका छन् ।

अहिले देशका अधिकांश गाउँपालिका, नगरपालिकाले बजेटको अधिकांस हिस्सा बाटोघाटो, पुलपुलेसा निर्माणमै लगाइरहेका छन् । चालु खर्चको अधिकांस रकम पनि बाटोघाटो मर्मतमा खर्चिएको भेटिएको छ ।

बाटो खन्न, बाटो ग्राभेल गर्न तथा बाटो मर्मत गर्न र अन्य काममा स्थानीय तहले ठूलो रकम विनियोजन गर्न थालेपछि जनप्रतिनिधिहरू अहिले आफ्नै डोजर किनेर व्यवसाय सञ्चालन गररहेका छन् ।

पछिल्लो समय गरिएको एक अध्ययनले ४० प्रतिशतभन्दा बढी गाउँपालिका र नगरपालिकाका अध्यक्ष/मेयर आफैँले डोजर खरिद गरेका छन् । कतिपय ठाउँमा उनीहरू आफैँ संलग्न नभएपनि कार्यकर्ताबाट काम गराईरहेका छन् ।

कुनै मापदण्ड नै नबनाई र अरु प्रक्रिया नै पूरा नगरी उनीहरू मनपरी सडक खन्ने काम थालेका छन् । जनप्रतिनिधिहरूले अधिकारको दुरूपयोग गर्दै अहिले सिंहदरवार गाउँमा पुगेको नभई भ्रष्टाचार र कमिशनखोरी गाउँमा पुगेको आभास दिन थालेका छन् ।

स्थानीय तहले अहिले जन्मदर्ता बनाउनेदेखि न्याय सम्पादन गर्नेसम्मको जिम्मेवारी पाएको छ । बजेट तर्जुमा गर्ने, खर्च गर्नेदेखि राजश्व उठाउने सम्मको सबै अधिकार छ स्थानीय तहलाई । तर काम गर्ने पुरानै ढर्रा र आफ्नो अधिकारका बारे बुझ्दै नबुझेका प्रतिनिधि स्थानीय तहको जिम्मेवारी सम्हाल्न पुग्नुले समृद्धिको बाटो पहिल्याउनुको सट्टा पहिलेकै रबैयाले निरन्तरता पाएको छ ।

स्थानीय तहको चुनाव भएको वैशाख ३१ मा एक वर्ष पूरा भएको छ । यो अवधिमा स्थानीय तहका प्रतिनिधिले आफ्नो स्थानीय तहलाई नीति निर्माण तथा विकास र समृद्धिमा सक्षम बनाउनुको सट्टा पुलपुलेसा र बाटो मर्मत गर्ने काममै अल्झिरहेका छन् ।

**व्यवसाय बन्यो राजनीति**

राजनीतिलाई पेसा व्यवसाय ठानिएको छ । बाटो ग्राभेल गर्दा कसरी कमिसन खान पाईन्छ । कसरी कार्यकर्तालाई पोस्न सकिन्छ भन्नेमै जनप्रतिनिधिको ध्यान केन्द्रीत छ । आचार्य भन्नुहुन्छ, त्यसैको फलस्वरूप जनप्रतिनिधि र उनकै आसेपासेका डोजर गाउँमा चलेका छन् ।

अहिले जनप्रतिनिधिसँग न कुनै योजना छ, न त कुनै सोंच नै । प्राविधिक क्षमताको आशा राख्नु त झनै परको कुरो । गाउँ बनाउनु पर्ने जरुरी छ, नगर बनाउनु छ । यस्तो अवस्थामा कम्तीमा पनि राजनीतिक दलका शीर्ष नेतृत्वले अध्यक्ष/मेयर प्रविधि बुझेका व्यक्तिलाई बनाउन सकेको भए फलदायी हुने थियो । त्यसो नगरिँदा अहिले उनीहरूले गाउँ विकासलाई ध्यान दिनुको सट्टा आफ्नो जीविकोपार्जनका लागि व्यक्तिगत लाभ लिने कार्यमा केन्द्रीत छन् ।

आफ्नो सेवा सुविधा तोक्ने, गाडी, मोवाईल बाँडेर लिने बाहेक जनप्रतिनिधिबाट अन्य काम नभएको सर्वसाधारणको गुनासो छ ।

# देजमो टोखा नगरको ३ नं. वडा भेला सम्पन्न

● बद्रीहरि नेपाल

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले काठमाण्डौं जिल्ला टोखा नगर ३ नं वडा भेला हालै सम्पन्न गरेको छ । देजमो काठमाडौं जिल्ला उपाध्यक्ष इन्दिरा घिमिरेको प्रमुख आतिथ्यता र देजमो टोखा नगर अध्यक्ष गोपाल कार्कीको अध्यक्षतामा सम्पन्न उक्त भेलाले ११ सदस्यीय टोखा नगर ३ नं वडा कमिटि पनि गठन गरेको छ । जसमा आर.वि. आचार्य-अध्यक्ष, रमा दाहाल-उपाध्यक्ष, पर्वती श्रेष्ठ-सचिव, सिता भूजेल-कोषाध्यक्षमा निर्वाचित भएका छन् भने सदस्यहरुमा नारायण कार्की, बासु महर्जन,शुशिला तामाङ्ग,शर्मिला तामाङ्ग,तारा कपालीलाई चयन गरिएको छ ।

देजमो टोखा नगर सचिव बद्रीहरि नेपालले सञ्चालन गरेको उक्त कार्यक्रममा नेकपा (क्रान्तिकारी माओ वादी) टोखा इन्चार्ज कृपस र सेक्रेटरी वियोगीलगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

## संघर्षका...

विभिन्न रूपका संघर्षको उठान गर्ने बैठकले ठेगान गरेको बताइएको छ ।

बैठकले पार्टी कार्यसम्पादनलाई व्यवस्थित तुल्याउन विभिन्न विभागहरू समेत बनाएको छ भने युवा, विध्यार्थी, मजदुर र किसानलगायतका जनसंगठनहरूका कामलाई विशेष जोड दिने निर्णय गरेको छ । बैठकले पार्टी, देजमो, जवस/मोर्चाका जिल्ला भेला सम्मेलन भाद्र २४ सम्म गरिसक्ने कार्यतालिका बनाएको छ । बैठकले भाद्र २५ देखि असोज २५ सम्म पार्टी तथा जवस मोर्चाको समग्र शक्तिलाई केन्द्रित गरी प्रकाशन अभियान सञ्चालन गर्ने पनि निर्णय गरेको छ । युवा लक्षित वैचारिक राजनीतिक तथा शारीरिक प्रशिक्षणलाई जोड दिने निर्णय गरेको बैठकले पार्टी प्रशिक्षक प्रशिक्षण कार्यक्रम पनि सञ्चालन गर्ने निर्णय गरेको छ ।


पार्टीको केन्द्रीय समितिको बैठकले युवा मोर्चाद्वारा ७ वटै प्रदेशमा प्रदेश सरकारलाई बेरोजगारीका समस्यालाई लिएर ज्ञापन पत्र दिने र ४, ६ र ७ नं. प्रदेशमा प्रदेशस्तरीय युवा प्रशिक्षण कार्यक्रम सम्पन्न गर्ने निर्णय गरेको थियो । ओली सरकारको चौतर्फी रूपमा आलोचना बढेर गएको र अविश्वास जनतामा चुलिदै गएको स्थितिमा वैकल्पिक राजनीतिक शक्तिको रूपमा अगाडि बढिरहेको क्रान्तिकारी माओवादीको सक्रियता र गतिशिलताको माग आमूल परिवर्तनका पक्षधर जनताले गरिरहेका छन् । विचार, राजनीति, संगठन र संघर्षलाई क्रमबद्ध रूपमा सेट मिलाई क्रान्तिका तीन जादुगरी हतियारहरू : क्रान्तिकारी पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेनाको आवश्यकतालाई गहिरोगरी बोध गरी नयाँ जनवादी क्रान्तिकारी तयारीमा जुटिरहेको क्रान्तिकारी माओवादीप्रति छरिएर रहेका सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू र जनता बढी आशावादी देखिएका छन् । ओली नेतृत्वको सरकारको अलोकप्रियताको गतिसँगै जनतामा क्रान्तिकारी माओवादीप्रतिको आकर्षण बढेर जाने देखिएको छ । जनता 'वाम' तथा 'कम्युनिष्ट' सरकारले छरेको भ्रमबाट मुक्त हुँदै गर्दा क्रान्तिकारी माओवादीको खोजी बाक्लिएर गएको छ ।

## अखिल (क्रान्तिकारी)...

अस्मिता श्रेष्ठ, लक्ष्मण मगर, तिलक तामाङ्ग, सुनिता राई, विना चौधरी, करुणा वि.क., सुशान्त थापा,कृष्ण मिश्र, पेसल फुयाँल, निरञ्जन अधिकारी, लक्ष्मी घोरासैनी, सुजन खतिवडा, साजन तामाङ्ग, किचुङ भोटे सदस्यहरू रहेका छन् भने ३ सदस्य पछि थपिने बताइएको छ ।

काठमाडौ जिल्लामा संगठनलाई अरु थप विस्तार गर्दै शिक्षा क्षेत्रमा भैरहेका नीजिकरण, व्यापारिकरण र माफियाकरणको विरुद्ध संघर्ष गर्दै आगामी १ वर्ष भित्र जिल्ला सम्मेलन गर्ने निर्णय भेलाले गरेको छ ।

# पार्टी स्कुलिङ सञ्चालन किन आवश्यक छ ?



हस्तबहादुर केसी

**_यस परिघटनाले नेपाली नयाँ जनवादी क्रान्तिको यो महान् अभियानमा नकारात्मक प्रभाव पारेको छ । जनता र कार्यकर्ताको बीचमा ठूलो भ्रम पैदा गरिएको छ । नेतृत्व प्रति र क्रान्तिको भविष्यप्रति विश्वासको संकट पैदा गरिएको छ। यसले गर्दा क्रान्तिकारी शक्ति रक्षात्मक स्थितिमा पुगेको छ । क्रान्तिका लागि वस्तुगत परि स्थिति परिपक्व हुँदाहुँदै पनि आत्मगत शक्ति कमजोर हुन पुगेको छ। यस परिघटनाले पार्टीका कार्यकर्ता र जनताका बीचमा सैद्धान्तिक भ्रमहरूको पैदा गरेको छ_**

एउटा महान् क्रान्तिको लक्ष्य पूरा गर्नका लागि एउटा क्रान्तिकारी पार्टी र अब्बल दर्जाका धेरै कार्यकर्ताहरूको खाँचो पर्छ । करीब ३ करोड जनसंख्या भएको नेपालमा क्रान्तिको नेतृत्व गर्न एउटा विशाल संख्यामा पार्टीका नेता, कार्यकर्ताहरू हुनु आवश्यक छ । योग्य, जुझारु तथा लडाकू तथा अनुशासित कार्यकर्ताहरूको आवश्यक पर्छ । पार्टी स्कुल असल र योग्य तथा क्रान्तिकारी नेता कार्यकर्ताहरू उत्पादन गर्ने कारखाना हो । अतः यो लेखमा पार्टी स्कुलिङ सञ्चाल र त्यसको महत्वको बारेमा चर्चा गर्ने प्रयत्न गरिएको छ ।

हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) एउटा क्रान्तिकारी पार्टी हो । यस पार्टीले नयाँ जनवादलाई न्यूनतम कार्यक्रम र वैज्ञानिक समाजवाद तथा साम्यवादलाई अधिकतम कार्यक्रम बनाउँदै आएको छ । यो मार्क्सवाद-लेनिनवाद-माओवादको सैद्धान्तिक पथप्रदर्शन र मार्गदर्शनमा निर्देशित र सञ्चालित पार्टी हो ।

नेपाल अझैसम्म पनि एक अर्धसामन्ती र नवऔपनिवेशिक अवस्थामा रहदै आएको छ । यस प्रकारको देशमा गरिने क्रान्ति नयाँ जनवादी क्रान्ति हो । त्यस पछि मात्र नेपाल वैज्ञानिक समाजवादहुँदै साम्यवादमा पुग्ने बाटो तय गर्ने छ । त्यसो भएर हामी अहिले नेपाली नयाँ जनवादी क्रान्तिकै चरणमा छौं । महान् नेपाली नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्ने ऐतिहासिक कार्यभार हाम्रो पार्टीको काँधमा आएको छ । नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नु हाम्रो पार्टीको मुख्य दायित्व र कर्तव्य बन्न पुगेको छ ।

दलाल तथा नोकरशाही पुँजीपतिवर्ग र सामन्तवर्ग नेपाली नयाँ जनवादी क्रान्तिको प्रधान (घरेलु) दुश्मन हो भने अमेरिकी साम्राज्यवाद, भारतेली विस्तारवाद तथा सबैखाले प्रभुत्ववाद बाह्य (आधारभूत) दुश्मन हुन् । अजंगका रूपमा खडा यी दुईवटा पहाडहरूलाई नपल्टाइकन महान् नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न संभव छैन ।

यस महान् लक्ष्य प्राप्तिका निम्ति पहिलो नम्बरमा हामीलाई क्रान्तिकारी सिद्धान्तको आवश्यकता पर्दछ भने दोस्रो नम्बरमा नयाँ ढंगको मालेमावादले लैस भएको क्रान्तिकारी कम्युनिष्ट पार्टीको आवश्यकता पर्दछ ।

हामीसित क्रान्तिकारी सिद्धान्त मालेमावाद साथमा छ । हामीले क्रान्तिकारी कम्युनिष्ट पार्टी नेकपा (क्रान्तिकारी माओवादी) गठन गरेर देश तथा भारत प्रवास र विदेशमा समेत सञ्चालन गरिरहेका छौ । जनवर्गीय संगठनहरू निर्माण गरेका छौं । वर्गीय मोर्चाहरू पनि निर्माण गरेर सञ्चालन गरिरहेका छौं । जुझारु क्रान्तिकारी शक्तिको निर्माण र परिचालन भइरहेको छ । क्रान्तिका लागि आवश्यक पर्ने संयुक्त राजनीतिक मोर्चा निर्माणको पहलकदमी पनि हामीले गरिरहेका छौं ।

क्रान्तिको निम्ति यतिले मात्रै पुग्दैन । त्यसका लागि हामीभन्दा बाहिर रहेका अन्य क्रान्तिकारी कम्युनिष्ट पार्टीहरू, समुहहरूलाई नीति, विचार, सिद्धान्त, कार्यक्रम, कार्यदिशामा सहमत भएमा अर्थात् विचारमा सहमत हुनेहरूसित पार्टी एकता गर्दै जाने र क्रान्तिकारी ध्रुवीकरणको प्रक्रियालाई पनि तीव्रगतिमा अगाडि बढाउँदै अगाडि बढ्ने नीति ठोस गरेका छौं । यो दायित्व क्रान्तिकारी कम्युनिष्ट पार्टीको कर्तव्यभित्र पनि पर्दछ । हामीले राष्ट्रियता, जनतन्त्र, जनजीविका र राष्ट्रिय स्वाधिनता तथा साझा सवालहरूमा विप्लब नेतृत्वको नेकपा, ऋषि कट्टेल नेतृत्वको नेकपा र नेकपा (मसाल) का बीचमा कार्यगत एकता कायम गरेर जनसंघर्ष पनि सञ्चालन गर्दै आइरहेका छौं । यो आजको आवश्यकता पनि हो ।

हाम्रो पार्टी कार्यकर्ता आधारित जनतावेश पार्टी हो । माथि पनि उल्लेख गरिएको छ । नेपाली नयाँ जनवादी क्रान्तिको नेतृत्व गर्नु भनेको वैज्ञानिक समाजको विजयको लागि पूर्व सर्त हो । हामी वैज्ञानिक समाजवादको लागि लड्दै आएका छौं र यस दृष्टिबाट हामी त्यस्ता मानिसहरूबाट भिन्न छौं, जो आफूलाई क्रान्तिकारी भन्ने र कम्युनिष्ट पार्टीको दोसल्ला ओढेर प्रतिक्रियावादी सत्ताको नेतृत्व गर्न पुगेका छन् ।

भविष्यको त्यस महान् लक्ष्यतर्फ हाम्रो वर्तमान प्रयत्न निर्देशित रहेको छ, र यदि हामी यो लक्ष्यलाई आफ्नो दृष्टिबाट ओझेल हुन दिन्छौ भने हामी कम्युनिष्ट रहने छैनौं । हामी समाजवादको प्राप्तिको निम्ति पुलको रूपमा रहेको नयाँ जनवादी क्रान्तिको तयारी गर्ने पक्षमा छौं । हामीलाई थाह छ र लक्ष्य-उद्देश्यसमेत किटान गरिसकेका छौं । हामीले वर्तमान नेपाली समाजको वर्ग-विश्लेषण पनि वैज्ञानिक ढंगले गरिसकेका छौं । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति अनुरूप हामीले सशस्त्र जनविद्रोहको फौजी कार्यदिशा पनि ठोस गरिसकेका छौं । हामीले महान् दश वर्षे जनयुद्धको प्रक्रिया अन्तरगत गाउँ देखि शहर घेर्ने र अन्तिममा केन्द्रीय सत्ता कब्जा गर्ने अभ्यास पनि गरेर आएका छौं । अहिले हामीले शहरबाट सत्ता कब्जा गरेर त्यसपछि गाउँतिर क्रान्तिलाई लैजाने सशस्त्र जनविद्रोहको कार्यदिशा पनि राष्ट्रिय सम्मेलनबाट पारित गरेका छौं । यो नै हाम्रो महान् नेपाली नयाँ ज नवादी क्रान्तिको सामरिक योजना हो ।

नेपाली नयाँ जनवादी क्रान्ति जनवादी गणराज्यको नारा अन्तर्गत अनेक चरणबाट विकसित हुनेछ । पुँजीपतिवर्गको अधिनायकत्वलाई पल्टाएर सर्वहारा वर्गको अधिनायकत्व खडा गर्न संघर्षको एउटा लामो सिलसिला रहने छ । नेतृत्वको लागि संघर्षको एउटा सिलसिला भएकाले यस संघर्षमा सफलता कुन कुरामा निर्भर रहन्छ भने कम्युनिष्ट पार्टीले सर्वहारा वर्ग र साथै किसान वर्ग तथा शहरी निम्न पुँजीपतिवर्गको राजनीतिक चेतना तथा संगठनको स्तरलाई माथि उठाउनु अनिवार्य हुन जान्छ ।

हाम्रो पार्टी मुख्यतः कार्यकर्ता आधारित पार्टी भएकाले हजारौं कार्यकर्ताहरूलाई पार्टीमा भर्ति गरेर राजनीतिक रूपले, सैद्धान्तिक रूपले, दार्शनिक रूपले, वैचारिक रूपले, सांगठनिक रूपले सुसज्जित हजारौ कार्यकर्ताहरू पार्टीमा भर्ति गरेर तिनलाई पार्टी स्कुलिङ मार्फत् थप सशक्त, जुझारु र क्रान्तिकारी बनिरहन, देश, जनता र क्रान्तिप्रति समर्पित भइरहन, चेतनाले युक्त बनाई राख्न जरुरी हुन्छ । किनभने, कार्यकर्ता भनेका पार्टीका सम्पत्ति हुन् । त्यसैले यस विषयमा कमरेड माओत्सेतुङले भन्नु भएको छ, - “एकचोटी राजनैतिक दिशा निश्चित भएपछि कार्यकर्ताहरू निर्णायक तत्व हुन्छन् । अतः योजनाबद्ध तरिकाले ठूलो संख्यामा नया कार्यकर्ताहरूलाई तालिम दिनु हाम्रो संघर्षमय कार्य हो ।”- माओत्सेतुङ, “राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिष्ट पार्टीको भूमिका” (अक्टुबर १९३८)

कमरेड माओका कार्यकर्ता नीति सम्बन्धि यी भनाइहरू हाम्रो निम्ति पनि उत्तिकै मार्मिक र सान्दर्भिक छन् । किनकि, नेपाली नयाँ जनवादी क्रान्तिका निम्ति हामीले सही क्रान्तिकारी नीति अंगीकार गरिसकेका छौं । यसलाई सफलतामा पुऱ्याउनका लागि हामीलाई ठूलो संख्यामा क्रान्तिकारी कार्यकर्ताहरूको आवश्यकता छ । र कार्यकर्ताहरूलाई क्रान्तिको निम्ति हामीले कसरी प्रयोग गर्ने भन्ने प्रश्न एउटा मूलभूत प्रश्न हो । यस विषयमा कमरेड माओले पुनः अगाडि भन्नु हुन्छ, - “हामीलाई कार्यकर्ताहरूको कसरी राम्ररी प्रयोग गर्ने भन्ने कुरा थाह हुनै पर्छ । अन्तिम विश्लेषणमा, नेतृत्वका दुई मुख्य जिम्मेवारी हुन्छन् : विचारहरूलाई कार्यरूप दिनु र कार्यकर्ताहरूको राम्ररी प्रयोग गर्नु । “विचारहरूलाई कार्यरूप दिनु” मा योजना बनाउनु, निर्णय लिनु र आदेश तथा निर्देशनहरू दिनु जस्ता जम्मै कुरा पर्दछन् । विचारलाई व्यवहारमा परिणत गर्न हामीले कार्यकर्ताहरूलाई एकगठ तुल्याउनुपर्छ र कार्यक्षेत्रमा जान उनीहरूलाई हौसला दिनुपर्छ । यो कुरा “कार्यकर्ताहरूको राम्ररी प्रयोग गर्नु” भन्ने विभागमा पर्दछ ।” - माओत्सेतुङ, “राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिष्ट पार्टीको भूमिका” अक्टुबर १९३८) ।

जुन कुरा कमरेड माओले माथि प्रस्तुत गर्नु भएको छ, यी कुराहरू हाम्रो निम्ति पनि उत्तिकै लाभदायक छन् । हामीले हाम्रा कार्यकर्ताहरूलाई कसरी प्रयोग गर्ने भन्ने कुरालाई गंभीरतापूर्वक लिनै पर्छ ।

कमरेड माओ फेरि अगाडि थप्नु हुन्छ, - “सारा देशभरि हाम्रा पार्टी-संगठनहरूलाई विस्तारित गरिनुपर्छ र हामीले सचेत रूपमा दशौं हजार कार्यकर्ताहरू र अब्बल दर्जाका सयौं नेताहरूलाई प्रशिक्षित पार्नुपर्छ । यी कार्यकर्ता र नेताहरू मार्क्सवाद-लेनिनवादमा पोख्त, राजनैतिक दृष्टिले दूरदर्शी, काममा दक्ष, आत्म-बलिदानको भावनाले परिपूर्ण, स्वतन्त्र रूपले समस्याहरू हल गर्न समर्थ, कठिनाइ आइपर्दा अडिग, र राष्ट्र, वर्ग तथा पार्टीको सेवामा समर्पित तथा इमान्दार हुनुपर्छ । यस्ता कार्यकर्ता र नेताहरूमाथि भरोसा राखेर नै पार्टीले आफ्ना सदस्यहरू र आम जनतासित सम्बन्ध स्थापना गर्छ, र आम जनतामा उनीहरूको दरो नेतृत्वमाथि भरोसा राखेर नै पार्टीले शत्रुलाई पराजित गर्न सक्छ । यस्ता कार्यकर्ता र नेताहरू स्वार्थीपना, व्यक्तिवादी वीरता, आडम्बर, अल्छिपना, निस्क्रियता र संकीर्ण हठीपनाबाट मुक्त रहनुपर्छ, र उनीहरू निःस्वार्थ राष्ट्रिय वीर र वर्गवीर बन्नुपर्छ; हाम्रो पार्टीका सदस्य, कार्यकर्ता र नेताहरूबाट यस्ता गुणहरू र यस्तो कार्यशैलीको माग गरिन्छ । यो नै त्यस्तो मानसिक उत्तरदान हो, जसलाई लक्ष्यमा राखेर आफ्नो जीवन अर्पण गरेका दशौं हजार सदस्य, हजारौं कार्यकर्ता र अब्बल दर्जाका बीसौं नेताहरूले हामीलाई छाडेर गएका छन् । निसन्देह रूपमा, हामीले उपर्युक्त गुणहरूलाई प्राप्त गर्नुपर्छ, आफूलाई नयाँ ढाँचामा अझ राम्ररी फेर्नुपर्छ र आफूलाई अझ उच्च क्रान्तिकारी स्तरमा उठाउनुपर्छ । तर यति मात्र पर्याप्त छैन । हामीले पार्टी र मुलुकमा धेरै नयाँ कार्यकर्ता र नेताहरू पत्तालाउने कुरालाई पनि आफ्नो कर्तव्य ठान्नु पर्छ । हाम्रो क्रान्ति कार्यकर्ताहरूमाथि निर्भर रहन्छ ।”- माओत्सेतुङ, माओत्सेतुङका चुनिएका रचनाहरू भाग १ अनुवादक कृष्णदास श्रेष्ठ, प्रकाशक विविध पुस्तक भण्डार, अद्वैतमार्ग, काठमाडौं, पृष्ठ २३१ ।

अतः कमरेड माओले उल्लेख गर्नु भएका माथिका भनाइहरू हाम्रो पार्टी, पङ्क्तिभित्र र क्रान्तिका निम्ति अत्यन्त नै अनुकरणीय र शिक्षाप्रद छ । हामीले व्यवहारमा लागु गर्न प्रतिबद्धता व्यक्त गर्नै पर्दछ ।

यस विषयमा कमरेड स्टालिनले अगाडि थप्नु हुन्छ- “कार्यकर्ताहरूले सब कुराको फैसला गर्छन् ।” स्टालिन, “लालसेना प्रज्ञा प्रतिष्ठानका स्नातकहरूको क्रेमलिन दरबारमा गरिएको संबोधन” मई १९३५ ।

क्रान्तिकारी कम्युनिष्ट पार्टीले आफ्ना कार्यकर्ताहरूलाई वैज्ञानिक ढंगले राम्ररी प्रयोग गर्ने एउटा महत्वपूर्ण शर्तमा भनेको पार्टी स्कुलिङ मार्फत् दार्शनिक, सैद्धान्तिक वैचारिक प्रशिक्षणद्वारा क्रान्तिकारी चेतनाको स्तरमाथि उकास्ने हो । यही तथ्यलाई मध्यनजर गरेर नै हाम्रो पार्टीले केन्द्रीय स्तरमा, प्रदेशस्तरमा र जिल्ला स्तरमा गरी तीन तहको पार्टी स्कुलको व्यवस्था गरेको छ । जस्तै जिल्ला तहका लागि आधारभूत तह प्रदेश तहका लागि विस्तृत तह र केन्द्रीय स्तरका लागि विशिष्ट तहको व्यवस्था गरिएको छ भने केन्द्रीय स्तरमै अनुसन्धानात्मक तहको पनि व्यवस्था गरिएको छ । र, सबै तहका लागि पाठ्यक्रम पनि निर्धारण गरिएको छ । यी ४ वटै तहमा व्यवस्थित रूपले स्कुलिङ चलाउने पार्टीको योजना रहेको छ ।

हामीले पूर्व राज्यस्तरमा र अहिले प्रदेश स्तरमा केन्द्रीय स्कुल विभागको तर्फबाट स्कुलिङ (प्रशिक्षण) कार्यक्रम संचालन गर्दै आएका छौं । यतिबेला पाँच महिना पहिलेदेखि पार्टीले राष्ट्रिय अभियान संचालन गर्दै आएको छ र यो जारी नै । यस अन्तरगत क्रान्तिकारी युवा लिग, नेपालले प्रदेश नं. १, २, ३ र ५ मा प्रदेशस्तरीय युवा जागरण तथा शारीरिक व्यायामसम्बन्धि ५/५ दिने प्रशिक्षणको आयोजना गरेका थिए । हामीले केन्द्रीय पार्टी स्कुलको तर्फबाट प्रशिक्षकहरू खटाएर प्रशिक्षण दिलाउने काम सम्पन्न गरेका छौं । ती युवा प्रशिक्षण कार्यक्रमहरूले पार्टी पंक्ति र आम नेपाली जनताको बीचमा सकारात्मक प्रभाव छोडेको छ । पार्टी केन्द्रीय समितिले पनि यसको सही समिक्षा तथा मूल्याङ्कन समेत गरि सकेको छ ।

हाम्रो पार्टी २०६२।०६३ यताबाट जनयुद्धको कार्यक्रम स्थगित गरेर शान्ति प्रक्रिया प्रवेश गरे पश्चात् यसको मुख्य नेतृत्वले वर्गीय रूपमा र राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा प्रतिक्रियावादी तथा साम्राज्यवादी एवम् विस्तारवादीहरूका सामु लम्पसार परी आत्मसमर्पण गर्न पुग्यो । सैद्धान्तिक रूपमा विचलित हुन पुग्यो । त्यसले आफ्नो वर्गप्रति गद्दारी गऱ्यो । क्रान्तिप्रति गद्दारी गऱ्यो र आज आएर त्यसले पहिले नै दक्षिणपन्थी संशोधनवादी लाइनहुँदै प्रतिक्रियावादमा परिणत भइसकेको नेकपा (एमाले) मा विलय मात्र हुन पुगेन कि प्रतिक्रियावादी सत्तामा समेत सामेल हुन पुग्यो ।

यस परिघटनाले नेपाली नयाँ जनवादी क्रान्तिको यो महान् अभियानमा नकारात्मक प्रभाव पारेको छ । जनता र कार्यकर्ताको बीचमा ठूलो भ्रम पैदा गरिएको छ । नेतृत्व प्रति र क्रान्तिको भविष्यप्रति विश्वासको संकट पैदा गरिएको छ । यसले गर्दा क्रान्तिकारी शक्ति रक्षात्मक स्थितिमा पुगेको छ । क्रान्तिका लागि वस्तुगत परिस्थिति परिपक्व हुँदाहुँदै पनि आत्मगत शक्ति कमजोर हुन पुगेको छ । यस परिघटनाले पार्टीका कार्यकर्ता र जनताका बीचमा सैद्धान्तिक भ्रमहरूको पैदा गरेको छ ।

महान् नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने ऐतिहासिक कार्यभार बहन गरिरहेको हाम्रो पार्टी आफ्नो लक्ष्य हासिल गर्नका लागि आफ्ना कार्यकर्ताहरूमा भर पर्नै पर्छ । हामीले क्रान्तिकारी ढंगले पार्टी पुनर्गठन गरेको लामै अवधिमा कार्यकर्ताहरूलाई सही ढंगले मार्क्सवादका आधारभूत सिद्धान्त र मान्यताहरूका बारेमा योजनाबद्ध ढंगले प्रशिक्षित तुल्याउन सकिरहेका छैनौं । बीच बीचमा पार्टीभित्र फूट पैदा हुनु, दुई पार्टीका बीचमा पार्टी एकता पनि हुनु जस्ता नकारात्मक तथा सकारात्मक अनुभव पनि प्राप्त भएका छन् । तर ती परिघटनाले परेका असर र बाध्यताका कारण हामीले आम पार्टी पंक्तिलाई प्रशिक्षित तुल्याउन सकिरहेका छैनौं ।

हामीले पार्टी स्कुलको तर्फबाट मार्क्सवादको तीन संघटक अंगहरू, दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका विषयहरूलाई समावेश गराएर स्कुलिङका लागि पाठ्यक्रम तर्जुमा गरिसकेका छौं । यस अतिरिक्त नेपाली समाजको इतिहासका बारेमा, नेपाली समाजको वर्ग विश्लेषणका बारेमा, नेपाली क्रान्तिको रणनीति र कार्यनीति तथा कार्यदिशाका बारेमा समेत स्कुलिङको कोर्षमा समावेश गरेका छौं ।

स्कुलिङ भनेको कार्यकर्ताहरूलाई वैज्ञानिक ढंगले अध्ययन गराउनु पनि हो । अध्ययन भनेको ज्ञान आर्जन गर्नु हो । अध्ययन ज्ञान प्राप्तिको साधन हो ।

मार्क्सवाद अर्थात्, मार्क्सवादीहरूको अध्ययनको आफ्नै वैज्ञानिक पद्धति हुन्छ । संसारमा अहिले अध्ययनका दुई विपरित अध्ययन पद्धति रहेका छन् : १) अधिभूतवादी अध्ययन पद्धति र २) वैज्ञानिक (द्वन्द्वात्मक) अध्ययन पद्धति ।

हामीले वैज्ञानिक (द्वन्द्वात्मक) अध्ययन पद्धतिलाई अध्ययनको जीवन पद्धतिको रूपमा ग्रहण गर्दछौं । अध्ययनका दुईवटा तरिका रहेका छन् : १) स्वअध्ययनको तरिका, २) पार्टी स्कुलिङको तरिका ।

हामीले दुवै तरिकालाई अपनाउँदै आएका छौं । अध्ययनको मुख्य तरिका स्वअध्ययन नै हो भने सहायकका रूपमा क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूलाई पार्टी स्कुलहरू खडा गरेर पार्टी स्कुलिङको व्यवस्था गरेर आफ्ना कार्यकर्ताहरूलाई प्रशिक्षित तुल्याउँदै ल्याएका छन् । हामीले पनि त्यही पद्धति तरिकाबाट शिक्षा लिन जरुरी छ ।

आम पार्टी पंक्तिभित्र, देशभित्र र भारत प्रवास तथा विदेशमा समेत मालेमावादका आधारभूत सिद्धान्तहरूका बीचमा बुझाइमा एकरूपता ल्याउन ल्याउनका निम्ति हाम्रो पार्टीले आम पार्टी पक्तिभित्र, सबै स्तरमा व्यवस्थित एवम् योजनाबद्ध रूपमा स्कुलिङ सञ्चालन गर्न अति जरुरी छ । यस महत्वपूर्ण भाग र कार्यभारलाई हामीले पूरा गर्नै पर्दछ । महान् नेपाली नयाँ जनवादी क्रान्तिका निम्ति यो हाम्रो कर्तव्य पनि हो ।

*(लेखक : नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय पार्टी (स् कुल विभागका सचिव हुन्)*

---

कविता

## अधिकार



*● हिरामणि दुःखी*

*भो चाहिएन मलाई*
*तिम्रा बाहुलीबाट बक्सिसमा*
*एक मुठी अधिकार ।*
*छैन मलाई*
*तिम्रो बक्सिसको चाह*
*निरीह र ‘अवला’को विनित स्वरमा*
*अञ्जुली पसारेर*
*जसरी पसार्छ श्रमसँग भागेर*
*प्रत्येक दैलो दैलोमा*
*हर दिन हर मौसम*
*एकथान कमण्डलु बोकेको*
*एउटा सन्यासी ।*
*तिम्रै व्याख्या थियो ‘प्रजातन्त्र’*
*तिम्रै न्वारान थियो ‘लोकतन्त्र’*
*र, तिम्रा विशेष दुःखले आर्ज्याको*
*सम्पत्ती हो ‘गणतन्त्र’*
*मैले यसको हकभोग गर्ने*
*दुश्साहस कसरी गर्न सक्थैं ?!*
*भन्दै छु त*
*भो चाहिएन मलाई*
*तिम्रा बाहुलीबाट बक्सिसमा*
*एक मुठी अधिकार ।*
*मैले के गरैं*
*अधिकार पाउन योग्य काम ?*
*मेरो मूल्य नै के छ*
*तिम्रो तराजुमा जोख्न लाएक ?*
*चुलोचौको गर्नु*
*पानी पँधेरो गर्नु*
*घाँस दाउरा खेप्नु*
*सँगसँगै तिम्रो प्यास मेटाउँदै*
*तिम्रै वंश उत्पादन गर्नु*
*र, तिनका गुहुमुत सोहर्नु,*
*त्यसपछि सुरु हुन्छ*
*नित्य दिन*
*घरदेखि स्कुलसम्म*
*स्कूलदेखि घरसम्म*
*ओहोर दोहोर गराउनु*
*बस यति भए पुग्छ मलाई*
*मेरो कर्तव्य, अधिकार र दायित्व*
*अन्तरघुलित छ यसैमा*
*भो चाहिँदैन मलाई*
*तिम्रो वाहुलीबाट बक्सिसमा*
*एक मुठी अधिकार ।*
*तिमीले भनेका थियौ क्यारे*
*धुरी खाँबोमा तेत्तीस प्रतिशतको थुन्से*
*छुट्ट्याएको छु भनेर,*
*भो भो त्यो तिमी नै राख*
*डरल फल्दा*
*थाप्ने भाँडो हो, काम लाग्छ*
*जतन गरी राख खुबसित ।*
*पाटी होस् या पार्टी*
*संसद होस् या सरकार*
*या कानूनको अभिषेक गर्ने मण्डप*
*जहाँ तहीं*
*जबजब तिमीलाई*
*हालहुकुम चलाउन*
*किञ्चित असहजता महसुस हुन्छ*
*फट्के किनारामा राख्न सक्छौ*
*मेरै लिङ्ग जनित*
*दुइचार थान नामहरू*
*किनकि,*
*डलरका रुखतिर नियाल्दा*
*कसैले प्रश्नको पेटारो खोल्दै*
*तिमीलाई औंला ठड्यायो भने*
*कोटको खल्तीबाट झिकेर*
*देखाउन सक्छौ ती नामहरू ।*
*ओ महासय !*
*भो नदेखाऊ संविधानको भित्री पाना*
*के नै फरक भो र फाटेको तमसुक*
*आनि तिम्रो संविधानमा*
*चाहिएन मलाई*
*तिम्रा बाहुलीबाट बक्सिस पाएको*
*एक मुठी अधिकार*
*म मेरै पाखुरीमा बाँच्न सिक्दैछु*
*र, एकदिन म आफैं कोर्नेछु*
*मेरो अधिकारको घोषणापत्र ।*

**१६ जेठ २०७५, घट्टेकुलो, काठमाडौं**

## प्रतिरोध...

उपसमिति, पेशल दाहालको नेतृत्वमा कार्यालय व्यवस्थापन उपसमिति र सेवन्त राज भण्डारीको नेतृत्वमा प्रतिवेदन लेखन उपसमिति निर्माण गरिएको छ ।

बैठकले भेलाको तयारीलाई मध्यनजर गरेर जिम्मेवारी समेत हेरफेर गरेको छ । हेरफेर गरिएको जिममेवारीअनुसार ललितजंग थापालाई ४ नं. प्रदेशको इन्चार्ज तथा प्रदेश नं. ६ को इन्चार्ज संयोजक तोकिएको छ । अन्य प्रदेशहरूमा पहिलेकै कार्यविभाजनलाई कायम राख्दै १ नं. प्रदेशमा ज्ञानु खतिवडा, २ मा किरण थारु, ३ मा राम नेपाली, ५ नं. प्रदेशमा विष्णु नेम्वाङ, ७ नं. प्रदेशमा रामबहादुर महरा र ८ नं. प्रदेश (गैरभौगोलिक)मा पेशल दाहाल जिम्मेवारी रहेको छ । संगठनको मुखपत्र अखिल निकाल्ने र अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने निर्णय गरेको छ ।

## नयाँ मापदण्ड...

नामधारी पुँजीवादी सरकारले गठन गरेको सो समितिमा सरकारपक्षीय सिण्डीकेटधारी पुँजीपतिका कठ्पुतली ट्रेड युनियनहरूको मात्र प्रतिनिधित्व र प्रभावमा परी अन्य श्रमिकपक्षीय ट्रेड युनियनको प्रतिनिधित्व नगराई गरिएको निर्णय श्रमिकविरोधी रहेको छ । सरकारले दलाल पुँजीपतिवर्ग र उनीहरूका कठ्पुतली ट्रेड युनियनको सहमतिमा प्रचलित बजार मूल्य, महंगी, श्रमिकको जीवनस्तर, अन्तर्राष्ट्रिय श्रम मापदण्ड, छिमेकी देशहरूको वेतनको अवस्था, नेपाल सरकारको सरकारी तथा निजामती कर्मचारीको तलव भत्ताको समेत ख्याल नगरी उनीहरूकै दवावमा निर्णय गर्नु खेदपूर्ण छ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ- 'अतः देशमा कम्युनिस्ट नामधारी समाजवाद उन्मुख भनिएको सरकारलाई श्रमिकहरूको गास, बास, स्वस्थ्य र शिक्षा जस्ता आधारभूत आवश्यकताहरू पूरा गर्न आग्रह गर्दछौं । यसका साथै सरकार, रोजगारदाता र अन्य सरोकारवाला संघसंस्थाहरूलाई आफ्ना कमजोरी सच्याई सबै श्रमिकपक्षीय ट्रेड युनियनको सर्वपक्षीय सहमतिबाट नयाँ वेतन निर्धारण गर्न अपील गर्दछौ । श्रमिकहरूको मौलिक अधिकारको समेत ख्याल गर्दै नयाँ मापदण्डका आधारमा वेतन निर्धारण गर्न जोडदार माग गर्दछौ । अन्यथा, हामी राष्ट्र्व्यपी संघर्षका कार्यक्रम अगाडि बढाउन बाध्य हुनेछौं । जसबाट निस्कने परिणामको भागिदार सम्बन्धित पक्ष हुने समेत चेतावनी दिन चाहन्छौ ।'

## डा.केसीको...

छ । अनशनरत डा. गोविन्द केसीको स्वास्थ्य स्थिति जटिल बन्दै गएको अवस्थामा उनका मागहरूप्रति गम्भीर र संवेदनशील बन्दै ओली सरकारले तत्काल वार्ता गरी जायज मागहरूको सम्बोधन गरोस् भनी हामी जोडदार माग गर्दछौं ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'धेरै अगाडिदेखि डा. केसीले चिकित्सा क्षेत्र सुधारका लागि पटक पटक राखेका मागहरूप्रति सरकारले गर्दै आएको बेवास्ता र माफियाहरूसँगको साँठगाँठले ओली सरकारको कथित वाम अनुहार उदांगिएको छ । हामी अनशनरत डा. केसीसँग तत्काल वार्ता गरी जायज मागहरू पूरा गर्न र केसीको जीवन रक्षा गर्न पुनः माग गर्दछौं ।'

## प्राज्ञिक..

सरकारको ठूलो भूल भएको भन्दै प्रा.डा. भण्डारीले उपकुलपतिलाई विदेश जान दिएर फर्किएपछि स्पस्टीकरण लिएको भए पनि हुने थियो । तर थोरै पनि धैर्यता नराखी सरकारले जे काम गऱ्यो, त्यो भनेको धेरै नराम्रो र सरकारले गर्न सुहाउने काम नै होइन ।

उनी थप भन्छन्- मैले सुनेअनुसार शिक्षा मन्त्री गिरिराजमणि पोखरेलले एघारजना उपकूलपतिहरूलाई बोलाएर 'सरकार फेरिएको छ , अब तपाईहरू सबै भीसीहरूले राजीनामा दिएर हामीहरूलाई बाटो सहज बनाइदिनोस् भनेका पनि थिए रे । तर भीसीहरूले राजीनामा आएको पनि देखिएन । शैक्षिक र प्राज्ञिक क्षेत्रमा सरकारको यस्तोखाले प्रशासनिक दबाब उचित पनि हुँदैन ।

उनले जोड दिंदै भन्छन्- कुरा जे होओस् तापनि राज्यको तर्फबाट यदि यस्ता खालका क्रियाकलापहरू एकपछि अर्को गरी निरन्तर अघि बढ्दै जाँदा राज्य र सरकार निसन्देह फासिवादको दिशामा अघि बढ्ने खतरापूर्ण संकेत देखा परेको छ ।

## संसदीय व्यवस्था...

लेनिनले भनेका कुराहरू आज नेपालमा प्रष्टसँग देखा परेको छ । एगेल्स र लेनिनले 'अप्रत्यक्ष' र 'पर्दापछाडि'बाट भन्नुभएको थियो । तर नेपालमा एगेल्स र लेनिनले भनेका कुराहरू प्रत्यक्ष र स्पष्ट देखिने गरी भएको छ । आज नेपाल कम्युनिष्ट पार्टी (ने क पा) नाम गरेको पार्टीको सरकार छ । संसदमा झण्डै दुईतिहाई बहुमत उसैको छ । उसको कामहरू हेरौं गृहमन्त्रीले काम नगर्ने ठेकेदारहरूलाई कारबाही गर्छु भनेर घोषणा गरे । त्यसलगत्तै प्रचण्डले गृहमन्त्रीलाई आफ्नो निवासमा बोलाएर यस्तो नगर्न चेतावनी दिए भन्ने समाचार आयो । त्यसपछि प्रचण्ड बस्ने घरका मालिक काठमाडौं, कलंकीदेखि नागढुंगासम्मको सडक फराकिलो पार्ने ठेक्का लिएका ठेकेदार जसले सम्झौताअनुसार काम गरेका छैनन् उनको ठेक्कापट्टाको समय अवधि थपियो भन्ने समाचारहरू प्रकाशित भए । यो एउटा उदाहरण मात्र हो । यसप्रकारको काम हजारौंको संख्यामा भएको छ ।

प्रधानमन्त्री केपी ओली र प्रचण्ड ठूला ठेकेदारहरू र पुँजीपतिहरू र व्यापारीहरूको घरमा गएर बैठक बस्ने, भोज खाने गरेका कुरा टेलिभिजनहरूले प्रशारण गरिरहेका छन् । आज मजदुरहरू, किसानहरूको अवस्था ठीक छैन । उनीहरू आन्दोलनमा आउने सम्भावना छ । सरकारले धर्ना जुलुस विरोध प्रदर्शन गर्न नपाइने भनेर उर्दी जारी गरेको छ । ठूला ठेकेदार पुँजीपति र व्यापारीहरूको पक्षमा कति काम गरेका छन् भनेर फेहरिस्त लिने हो भने एउटा ठूलो ठेली नै बन्दछ । अहिलेको सरकार र त्यसका मन्त्रीहरू, सांसदहरूको गतिविधिलाई राम्ररी नियाल्ने हो भने एगेल्स र लेनिनले भनेझैं अप्रत्यक्ष र पर्दा पछाडिबाट होइन कि प्रत्यक्ष र खुल्ला रूपमा दलाल तथा नोकरशाही पुँजीपति, ठूला ठेकेदारहरूबाट परिचालित भएको दिनको घामझैं छर्लङ्ग छ । सरकारका मन्त्रीहरू ठूला कर्पोरेट कम्पनी र ठेकेदारहरूको कारिन्दा बनेका छन् ।

कम्युनिष्ट भनाउँदा नेकपा (ने क पा)का नेताहरू, मन्त्रीहरू र सांसदहरूले मार्क्सवादलाई भद्दा रूपमा विकृत पार्ने र भ्रष्टीकरण गर्दा पनि यहाँको आफूलाई मार्क्सवादी वामपन्थी भन्ने अधिकांश बुद्धिजीवीहरू, पत्रकारहरूले तिनको भण्डाफोर नगर्नुले क्रान्तिकारी जनतामा ठूला भ्रम पैदा भएको छ । त्यसकारण सच्चा मार्क्सवादी बुद्धिजीवीहरू, पत्रकारहरू र लेखकहरूले संशोधनवादीहरूको भण्डाफोरको लागि सशक्त अभियान चलाउन जरुरी छ ।

आज नेकपा (ने क पा)ले संसदीय व्यवस्थाबाटै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्दछौं भनेर घोषणा गरेता पनि उसको सरकारको नीति कार्यक्रम र बजेटले दलाल तथा नोकरशाही पुँजीपतिवर्गको सेवा गरेका कुरा प्रष्ट नै छ । यसकारण उनीहरूले गरेका विकास र समृद्धिको कुरा लेनिनले भनेझैं 'सर्वसाधारण जनताको आँखामा छारो हाल्ने विशेष उद्देश्य नै राखेर' ल्याएको गफ मात्र हो । त्यो कुरालाई जनताको बीचमा प्रष्ट पार्नका लागि क्रान्तिकारी कम्युनिष्टहरूको अथक प्रयत्न गर्नु पर्दछ । क्रान्तिकारी आन्दोलनले मात्र तिनीहरूको भ्रमलाई जनताको बीचमा प्रष्ट पार्न सकिने छ ।

त्यसैले सबै क्रान्तिकारी कम्युनिष्टहरूले संशोधनवादी अवसरवादीहरूको जनतालाई भ्रम दिने खालका अनेक षड्यन्त्रहरूको भण्डाफोर गर्दै सुधारवादी आन्दोलनको घेरालाई तोडेर क्रान्तिकारी आन्दोलनलाई विकास गर्नु पर्दछ । यसका निम्ति क्रान्तिकारी कम्युनिष्टहरूले वर्गसंघर्षलाई विकास गर्ने कुरामा आफ्नो शक्ति केन्द्रित गर्नु पर्दछ । मजदुर र गरीब किसानहरूलाई संगठित गर्ने, उनीहरूको मागलाई लिएर आन्दोलन गर्ने र त्यो आन्दोलनलाई संसदीय व्यवस्था ध्वस्त पारी आमशोषित पीडित वर्गको राज्यसत्ता प्राप्त गर्ने तहमा पुऱ्याउनु पर्दछ । यसरी मात्र संशोधनवादीहरूको सर्वसाधारण जनताको आँखामा छारो हाल्न ल्याइएको विकास र समृद्धिको षड्यन्त्रकारी नारालाई पर्दाफास गर्न सकिन्छ ।

## स्थानीय...

मणि पौडेलसँगको साझेदारीमा डोजर सञ्चालन गरेका छन् भने वडा १० का अध्यक्ष खगेश्वर पन्थीले पनि डोजर भाडामा लिएका छन् ।

**देशभर उस्तै रोग**

कांग्रेसबाट निर्वाचित बाजुराको बूढीनन्दा नगरपालिकाका मेयर पदमकुमार गिरी आशिष निर्माण सेवा प्रालिका सञ्चालक हुन् । स्थानीय तह निर्वाचनबाट जनप्रतिनिधि बनेपछि पनि उनको ठेक्कापट्टा व्यवसाय निर्वाध चलिरहेको छ । जिल्ला प्रहरी कार्यालय, बाजुराको भवन निर्माणमा आशिष निर्माण सेवाकै उपकरण प्रयोग भइरहेको छ, तर ठेक्का सम्झैता चाहिं जालपा निर्माण सेवाको नाममा छ । त्यसैगरी भारतको सहयोगमा बन्दै गरेका कोल्टीस्थित जनप्रकाश उच्च मावि भवन तथा जडांगा, ब्रह्मतोला, आटीचौर र जगन्नाथका स्वास्थ्य चौकी भवन निर्माणको ठेक्का 'जालपा निर्माण सेवा'को नाममा भए पनि गिरीकै कम्पनीका उपकरण र जनशक्ति लागेका छन् ।

डडेल्धुराको परशुराम नगरपालिकाको मेयरमा कांग्रेसको तर्फबाट निर्वाचित भीमबहादुर साउद पनि चल्तीका ठेकेदार हुन् । सुदूरपश्चिममा हुने विकास निर्माण आयोजनाका ठेक्का हत्तपत्त उनको राजेन्द्र निर्माण सेवा प्रालिको हातबाट फुत्किंदैनन् । तर, यो कम्पनीले ठेक्का पाएका अधिकांश योजना अलपत्र छन् । डेढ वर्षभित्र सक्ने गरी सम्झैता गरेको बाजुराको खप्तड छेडेदह गाउँपालिका १ को काँडा स्वास्थ्य चौकी भवन ६ वर्ष बितिसक्दासम्म पनि निर्माण नहुनु र दुई वर्षभित्र सक्ने भनिएको अछाम, साँफेबगरबाट बाजुराको मार्तडी जोड्ने सडकको गुइगाड खोलाको पुल ६ वर्षसम्म बन्न नसक्नु त्यसका उदाहरण हुन् । सम्बद्ध सरकारी कार्यालयले यो कम्पनीलाई पटकपटक काम सक्न ताकेता पनि गर्दै आएका छन् ।

नगरपालिकाका मेयर र गाउँपालिका अध्यक्ष मात्र होइन, वडाध्यक्ष र सदस्यमा समेत ठूलो संख्यामा ठेकेदार निर्वाचित भएका छन् । डोटीको गैरागाउँ पूर्वीचौकी गाउँपालिका ३ का वडाध्यक्ष अमरबहादुर चेयडा चन्द्रलक्ष्मी निर्माण सेवा प्रालिका सञ्चालक हुन् । चिण्डीगाड सिंचाइ योजनाको ठेक्का पाएको चेयडा पनि समयमा काम नसक्ने कम्पनीको रूपमा परिचित छन् ।

प्रदेश-७ का नौ जिल्लाका स्थानीय तहमा ३० जना निर्माण व्यवसायी निर्वाचित भएका छन् । निर्माण व्यवसायी संघको धनगढीस्थित क्षेत्रीय कार्यालयका अनुसार, डडेल्धुरा र दार्चुलाका मेयर र अछाममा जिल्ला समन्वय समितिका प्रमुख नै निर्माण व्यवसायी छन् ।

एमालेको तर्फबाट निर्वाचित संखुवासभाको खाँदबारी नगरपालिकाका मेयर मुरारी खतिवडा, एमालेको तर्फबाटै मादी नगरपालिकाको मेयरमा विदुर लिङ्थेप र कांग्रेसबाट निर्वाचित चिचिला गाउँपालिका अध्यक्ष पासाङ नुर्बु शेर्पालाई निर्माण व्यवसायी संघले 'संघका सदस्य' भन्दै स्थानीय साप्ताहिक पत्रिकामार्फत बधाई नै दियो । संघको बधाई नपाए पनि धर्मदेवी नगरपालिकाका मेयर रमेश जिमी पनि निर्माण व्यवसायी नै हुन् ।

कांग्रेसबाट मोरङको केराबारी गाउँपालिकाको अध्यक्षमा निर्वाचित रोहित कार्की क्रसर उद्योगका सञ्चालक हुन् । कांग्रेसकै तर्फबाट जिल्लाकै सुनवर्सी नगरपालिकाका मेयर रविन राई, कांग्रेसको तर्फबाट लेटाङ नगरपालिकाको मेयरमा निर्वाचित शंकर राई पनि ढुङ्गा र गिट्टीकै कारोबार गर्छन् । उर्लाबारी नगरपालिकाका मेयर खड्गबहादुर फागो आफैं ठेकेदार होइनन्, तर त्यस क्षेत्रका प्रायः ठेक्कापट्टा मिलाउन उनकै हात हुने गर्छ ।

सुनसरीको कोशी गाउँपालिका अध्यक्ष अयुब अन्सारीको 'जोया एण्ड ब्रदर्स' नामक निर्माण कम्पनी छ । धनकुटाको सागुरीगढी गाउँपालिका अध्यक्ष कुमारजंग याक्खा निर्माण व्यवसायी नै हुन् ।

ठेक्कापट्टाको काम गर्दागर्दै कांग्रेसबाट गोरखा, चुमनुब्री गाउँपालिकाको अध्यक्षमा निर्वाचित धनबहादुर गुरुङले व्यवसाय छाडेका छैनन् । आफ्नो मनास्लु कन्स्ट्रक्सन प्रालिमार्फत उनले रु.१३ करोड लागतमा बारपाकमा बन्ने भूकम्प स्मृति स्मारक निर्माणको ठेक्का लिएका छन् । स्थानीयवासी गुरुङमा गाउँपालिकाभित्रका योजनामा भन्दा ठूला बजेटका बाहिरका ठेक्कामा बढी रुचि भएको बताउँछन् । गोरखाकै पालुङटार नगरपालिकाका प्रमुख दीपकबाबु कँडेलको इन्जिनियरिङ कन्सल्टेन्सी छ । उनी पनि आफ्नो कन्सल्टेन्सीलाई नै काम दिलाउन सक्रिय छन् ।


एमालेबाट निर्वाचित तनहुँको भिमाद नगरपालिका मेयर मेखबहादुर थापाको ठेक्कापट्टा अहिले पनि जारी छ । आफू मेयर भइसकेपछि उनले नगरपालिकाका ठेक्कापट्टा आफैंले नलिई निकटका व्यवसायीलाई दिंदै आएका छन् । नगरपालिकाका उपप्रमुख शारदा खनालका छोरा निरोज खनाल र वडा ६ का वडाध्यक्ष सुन्दर जोशी पनि निर्माण व्यवसायी हुन् ।

तनहुँकै ऋषिङ गाउँपालिका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठ निर्माण र यातायात व्यवसायी दुवै हुन् । उनको आफ्नै 'जेसीबी एक्साभेटर' छ । कांग्रेसका तनहुँ २ का क्षेत्रीय सभापतिसमेत रहेका श्रेष्ठले गाउँपालिका अध्यक्ष बनेयता आफ्ना नजिककालाई ठेक्का दिइरहेका छन् । ठेक्का पाउने कम्पनीले उनकै एक्साभेटर प्रयोग गर्छन् ।

जिल्लाकै शुक्लागण्डकी नगरपालिका प्रमुख किसान गुरुङको व्यवसाय पनि ठेक्कापट्टा नै हो । तनहुँ ३ का कांग्रेस सभापति गुरुङले निकटस्थमार्फत आफ्नै नगरपालिकाभित्र ठेक्कापट्टाको काम गराउँदै आएका छन् ।

रुकुम (पूर्व) को पुथा-उत्तरगंगा गाउँपालिकाले रु.१ करोड ३० लाखमा डोजर र ४१ लाखमा एक्साभेटर खरीद गरेको छ । भूमे गाउँपालिकाले पनि भर्खरै डोजर किनेको छ ।

रुकुम (पूर्व)कै सिस्ने गाउँपालिकाले पनि एक्साभेटर किनेको छ । रुकुम (पश्चिम) को बाँफिकोट गाउँपालिकाले पनि रु.१ करोड २८ लाखमा 'दोसान २२५ पिसी' डोजर खरीदको सम्झैता गरेको सह-लेखापाल थलविर कसेरा बताउँछन् । जनप्रतिनिधिले जथाभावी गरिरहेका यस्ता निर्णयको साक्षी बस्न नमान्ने कर्मचारी भने निशानामा पर्न थालेका छन् । गएको ४ भदौमा सोलुखुम्बुको नेचा-सल्यान गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत भएर गएका शमशेरबहादुर राई चार महीना पनि टिक्न सकेनन् । कारण थियो, गाउँपालिका अध्यक्ष डुफकुमार बास्तोलाले सडक निर्माणका पुराना बिलहरूको भुक्तानी दिन लगाउनु । तर, बास्तोलासँग सम्झैताका कागजात थिएनन् । गाउँपालिकाको गाउँ सभाले ६ वटा वडामा १३ वटा सडक निर्माण प्रस्ताव पारित गरेको थियो । जसका लागि छुट्टाछुट्टै उपभोक्ता समिति बनाउनुपर्थ्यो । तर, बास्तोलाले सबैका लागि एउटा मात्रै उपभोक्ता समिति बनाउने प्रस्ताव गरे र सोही अनुसार गर्न कर्मचारीलाई दबाब दिए । यस्तो समस्या देशभर देखिन्छ ।



दुर्वाच्य

रामचन्द्र हुमागाई



# नेकपा पनि जनताका सामु खुइलिदै

सपनादेख्न पाईन्छ, देखेन भने अगाडि बढ्न सकिंदैन । विश्वमा धेरै नेताहरूले सपना देखेर सत्तामा जाने हो । यस्ता मानिस सन्सारमा विरलै पाइन्छन्, जसले सपना देखेर सत्तामा पुगेको होस् । नेपाल त यस्तो एउटा देश बनेको छ, जसले जनताको होइन, नेताको पालनपोषण गरोस् । नेपाली जनता बि.पी कोइरालाई महान मान्थे तर उनले नेपाल र नेपालीका लागि देखेको सपना एक हल गोरू, साँझ, विहान पेटभरी दालभात तरकारी । एउटा सानो छाप्रो, त्यो पनि रातोमाटोले पोतेको होस्, भन्नेदेखेका थिए । यही सपनालाई नेपाली काँग्रेसका अहिलेका नेताहरू समाजवाद भन्छन् । के यत्ति हो त ? समाजवादको नक्साँकन ? अवश्य पनि होइन होला । विपी र अहिलेको समय निकै अगाडि गैसकेको छ । उनको पालामा वेलायतमा तानले कपडा बुन्थे, अहिले कम्प्युटरले कपडा बुन्छ । वीपी को पालामा पानी जहाज थियो, जो नेपालको नजिकको बन्दरगाह भनेको कोलकाता बन्दगाह थियो । कोलकाता पुग्न १२सय किमि कुद्नुपर्छ । अहिले एकै घण्टामा दिल्लीबाट काठमाडौं आइन्छ, अमेरिका १५ घण्टामा पुगिन्छ । सन्सारको जुनसुकै कुनामा पनि एक सेकेण्डमा सूचना पुग्छ र आउँछ । विश्व सञ्चारको हिसावले निकै अगाडि गैसकेको छ । वीपीको जमाना भनेको ५० वर्षको हाराहारी मात्रै हो । जावो पचास वर्ष पछिको दृष्टिकोण नराख्ने नेता के नेता । पचास वर्ष भित्रै यति महान काम हुन्छन्, विज्ञानले फड्को मार्छ र हाम्रा उत्तर र दक्षिणका देशहरू उफ्रिएर फड्को मारेर अगाडि गैरहेका छन्, हामी बामे सरेर पछाडि धकेलिइरहेका छौं, हामीलाई के पुगेको छैन ? कार्लमार्क्सले त दुइहजार वर्ष पछिको सपना देखेका थिए ।

नेपालको विकास कसरी होस् । हिजोआज निकैचर्चामा आएको निर्वित्तभरणको मात्रै चर्चा गरौं । दशवर्षको अवधिमा बीस अर्बबाट बढेर ४५ अर्ब भन्दा माथि सरकारको थाप्लोमा भार थपियो'रे । किन थपिंदैन त ? निजामती सेवा, प्रहरी सेवा, शिक्षण सेवा र निजामती सेवामा १८ वर्ष काम गर्छ र पेन्शन लिएर जागिर छोड्रे अर्को काममा लाग्छन्, जुन नागरिकले नोकरी गर्ने बेला ३५/४० देखि हो । उसले दुवैतिरबाट पेन्शन खान्छ । सकेसम्म श्रीमान श्रीमती दुबैले पेन्शस पाउँछन् । यसरी पेन्शन पाएको रकमको खिल्ली उडाएको होइन, सरकारमा बसेर नीति निर्धारण गर्ने नागरिकले यस्ता कुरामा किन ध्यान दिदैनन् । आखिर किन दिंदैनन् भने त्यो नीति निर्धारण गर्ने स्वयँ त्यस्तो पेन्शन खाने सूचीमा हुन्छ ।

यता नोकरी गर्नेको सम्पत्ती हेर्ने हो भने पियन देखि मूख्य सचिवसम्मको अथाह सम्पत्ती देखाउँदैनन् । यता सरकारको ढुकुटी दिनप्रतिदिन खाली हुदै गएको छ । आम्दानी थप्तै जान सकेन भने केही समयमै त्यो ढुकुटी रित्तीन वेर छैन । त्यसपछि जनताको थाप्लोमा थोपरिदियो, सम्पत्ती कुम्याएर बाटालाग्ने भन्दा अरु उपाए छैन ।

राजनीतिज्ञको पनि यही हालत छ । कुनै पनि नेपाली नेताले देश र जनताका लागि राजनीति गरेन् । निर्वाचन नजिन्जेल भन्छन्, म यसो गर्छु, उसो गर्छु । सिंहदरवार छिरेपछि सबै भन्दा पहिले उनीहरूलाईं पैसाको कुम्लो चाहिन्छ । उपचार गर्न नेपालीलाई स्वदेशमा होइन विदेशमा सरकारी पैसाले जानुपर्छ । जनताले् उपचार गर्ने अस्पताल उनीहरूलाई घृणास्थल बन्छ यो वा त्यो होइन, कसैले पनि नेपालमा उपचार गराउँदैन । आफूलाई कूशल नेताको रूपमा प्रस्तुत गर्ने मातृका यादवले समेत पछिल्लो पटक सरकारी पैसाले बैंककमा उपचार गराए ।

व्यापारको ढाँचा हर्ने हो भने उस्तैछ । खुला सीमाना भएकाकारण खुलेआम हिस्दुस्थानबाट नेपाल सामान आउँछ । भन्सार कसैले तिर्दैन । राजश्व विना देश चल्दैन । तर, वजारमा सामान आउँदा भन्सार तिरेको भन्दा वढी मूल्यमा उपभोक्ताले खरिद गर्नुपर्छ । दाल रोटी र चेलिवेटीको नाममा दक्षिण तिरको छिमेकीले देखाएको गैह्रजिम्मेवारीको शिकार नेपाली जनता भैरहेका छन् । बिस्तारै उत्तरतिरबाट आउँन थालेका व्यापारीहरू पनि प्रायः तस्करी धन्दामा सँलग्न रहेको पाइन्छ ।

नेपाललाई प्रकृतिले दिएको वरदान पनि समाप्त हुन थालिसकेको छ । हिमालयको पानी नेपालको अमुल्य र अथाह सम्पत्ती थियो । त्यो पनि वातावरणिय सभ्यताले समाप्त पारिसकेको छ । अवका पचास वर्षमा नेपालीले ए नेपालमा पनि हिमालय थियो ? भन्नु पर्ने अवस्था आउँने छ । हिउँ पर्न छाडिसकेको छ । हिउँनै नभएपछि पग्लिएर पानी कहाँबाट आउँछ ? अर्को नेपालको सम्पत्ती भनेको जडिबुटी हो । अमूल्य जडिबुटी पनि खुलेआप सीमाना काटेर अन्तै गैरहेको छ ।

मानिसहरू राजनीतिक परिवर्तनलाई सम्पन्नताको प्रतिक मानिरहेका छन् । यो केवल बच्चालाई कोक्रोमा राखेर गरिने चाचाछैया जस्तो मात्रै हो । श्रोत र साधन भएन भने कहाँबाट खनियोस् समृद्धिका पोका ? राणाशाही, राजाशाही, पञ्चशाही जस्ता अनेकशाही तन्त्रले नेपालाई खोक्रो वनाइसकेको छ । बहुदलीय लोकतन्त्रशाहीले त झन नाँङ्गो रूपमा सरकारी ढुकुटीमा आहाल खेलिरहेको छ । भोकास्यालहरूको बथानलाई मरेको सिनोमाथि छाढिए झैं भैरहेको छ नेपालको राजनीतिक अवस्था ।

राजनीतिक परिवर्तन भएका दिनहरूको ओरिपरि केही वेथिति हुन सक्छन् । राजाले पनि विना नोक्सानी सत्ता त्यागेर हिडेकै हो । केही समय अल्पमतको सरकारले केही गरेन, गर्ने आशा पनि थिएन तर अब सरकार बलियो छ, यो बेलामा पनि जनताका लागि केही हुन्न भने आशा कोबाट गर्ने ? अरु कसैले गरेनन् गरेनन् यो सरकारले त केही गरोस् ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रानपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस





गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७११६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४४०३१५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३१९२८४३०

## आलोपालो

# केन्द्रीय समितिको बैठक र त्यसको महत्व



● दिनेश शर्मा

**१. विषय प्रवेश**

नेपालमा कम्युनिस्ट आन्दोलन संगठित तबरबाट सुरुआत भएको ६९ वर्ष भयो । यस अवधिमा वर्ग संघर्ष विभिन्न उतार चढाबमा गुज्रदै आएको छ । ०२८ सालको झापाको वर्ग संघर्ष एउटा तरङ्ग थियो भने ०५२-०६३ सम्मको महान् जनयुद्ध वास्तवमा वर्ग संघर्षको एउटा उत्कर्ष थियो । तर उक्त वर्ग संघर्षका मुख्य नेतृत्वकर्ता सर्वहारा वर्गलाई धोखाधडी गर्दै यतिवेला साम्राज्यवादका अगाडि घुँडा टेक्न पुगेको छ । खड्गप्रसाद ओली जस्ता गद्दारहरूले सर्वहारा वर्गको घाँटी रेटेर दुश्मनसँग हातेमालो गर्दै दश वर्षको जनयुद्धका क्रममा सर्वहारा वर्गको महान क्रान्ति प्रति कुनै न कुनै तरबरबाट हमला गर्दै आएको तीतो यथार्थ हाम्रासामु छँदैछ, तर आज दश वर्षको जनयुद्धको मुख्य नेतृत्व गर्दै आएको प्रचण्ड स्वयम्ले महान् शहीदहरू, वेपत्ता योद्धाहरू र घाइते योद्धाहरूको रगतमा होली खेल्दै यति बेला आफूलाई वर्ग दुश्मनको कित्तामा उभ्याएको छ । या, भनौ वर्ग दुश्मनको कित्तामा पुगेको छ ।

त्यतिमात्र होइन, विगतको क्रान्तिप्रति पश्चताप गर्दै अगामी दिनमा साम्राज्यवाद, पुँजीवाद र अझ मुख्यतः विस्तारवादको निर्देशन मुताविक सर्वहारा वर्गको वर्ग संघर्ष दबाउन फासीवादमा जाने संकल्प गरेका छन् । दुःखको कुरा यो छ कि सर्वहारा वर्गीय आन्दोलनमा लागेर ठूलै त्याग गरेका कतिपय व्यक्तिहरू समेत लाचार बनेर प्रचण्डसँगै घुँडा टेक्न पुग्नु भनेको नेपालको कम्युनिस्ट आन्दोलनभित्र चेतना स्तरको न्यूनता कति खतरनाक रहेछ भन्ने पनि हो । विचार शुन्य, नेतामुखी र दब्बु मानसिकता कति खतरनाक हुँदो रहेछ भन्ने यतिबेला सहजै बुझ्न सकिन्छ ।

एकातिर नेपाली क्रान्तिको घाँटी रेटेर महान् शहीदहरू, बेपत्ता योद्धा र घाइते योद्धाहरूको रगतको होलीखेल्दै अन्तिम पटक दुश्मनका अगाडि घुँडा टेक्न पुगेका प्रचण्ड मण्डली आगामी दिनमा हुने सर्वहारा वर्गको वर्ग संघर्ष दबाउन दुश्मनसँग मिलेर फासीवादी तबरबाट आउने कसम खाएका छन् । त्यसको संकेत सतहमा देखिदै पनि छ । एकातिर दुश्मनको यो अवस्था छ भने अर्कोतिर सच्चा क्रान्तिकारी आन्दोलन कमजोर बनाउन कथित क्रान्तिकारिताको नाममा स्पष्ट कार्यदिशाविना क्रान्तिका कुरा गरेर इमान्दार जनता कार्यकर्तालाई भ्रमित बनाउने काम समेत बजारमा हुँदै आइरहेका छन् । यस विषयमा पनि क्रान्तिकारीहरूलाई क्रान्तिको बाटोमा डोहोऱ्याउन आवश्यक छ । जनताले यतिबेला क्रान्तिकारी शक्तिमाथि नै आशा, भरोसा र विश्वास गरेका छन् ।

वर्ग दुश्मनहरूको साम, दाम, दण्ड, भेदको नीतिअनुसार सत्ताको दुरूपयोग गरेर जतिसुकै प्रचार गरे तापनि यथार्थमा उत्पीडनमा परेका मजदुर, किसान लगायतका समुदायहरूको जीवनमा सकारात्मक तबरबाट कुनै पनि परिवर्तन आएको छैन र आउने वाला पनि छैन । त्यसैले क्रान्तिका निम्ति बलियो आधारभूमि तयार हुँदैछ । यति बेलाको आवश्यकता भनेको बुझाइको एक रूपताको आवश्यकता हो । नीति, योजना, कार्यक्रमलाई व्यवहारमा उतार्ने कार्यदक्षताको आवश्यकता हो । वर्ग प्रति त्याग र समपर्ण भावको आवश्यकता हो । निष्ठा, इमान्दारिता र इच्छा शक्तिको आवश्यकता हो ।

**पार्टी केन्द्रीय समितिको बैठकको महत्व**

नेपालको राष्ट्रिय राजनीतिमा देखिएको प्रतिक्रियावादसँग संशोधनवादीहरूको गठजोड र अझ वर्ग आत्मसमपर्णवादी गतिविधि र त्यसले पैदा गरेका सकारात्मक तथा नकारात्मक अवस्थालाई मध्य नजर गर्दै आएको सर्वहारा वर्गको एक मात्र क्रान्तिकारी पार्टी नेकपा (क्रान्तिकारी माओवादी) को यहि ०७५ आषाढ १२-१६ सम्म पार्टीको केन्द्रीय कार्यालय बुद्धनगरमा बैठक बस्यो । पार्टीको महासचिव क. किरणले पेश गर्नुभएको दस्तावेजमाथि उपस्थित सबै कमरेडहरूले अत्यन्तै गहनतापूर्वक छलफलमा भाग लिनु भएको थियो । सर्वहारा वर्गको मुक्ति र समानताका साथै राष्ट्रिय स्वाधिनताको प्राप्ति र रक्षाका खातिर केन्द्रित भएर छलफल अगाडि बढ्यो ।

पार्टीको पोखरा राष्ट्रिय सम्मेलनले पारित गरेको दस्तावेजको मूल मर्म तथा चितवनको बैठकले तय गरेको नीति, योजना, कार्यक्रम मूलत ५ महिने संगठन सुदृढीकरण तथा विस्तार अभियानदेखि राष्ट्रिय स्वाधिनताको पक्षमा पार्टीले गरेका संघर्ष कमी तथा उपलब्धिका सम्बन्धमा अत्यन्तै उचाईबाट छलफलहरू भए । सबै संसदीय पार्टी तथा अन्य कतिपय पार्टीहरू समेत सर्वहारा वर्गको कार्यभार पूरा गर्ने ठाउँबाट पतन हुँदै र पछि हट्दै गैराखेको वर्तमान अवस्थामा यो पार्टीलाई कसरी धारिलो बनाउने र सर्वहारा वर्गीय कार्यभार पूरा गर्ने भन्ने चिन्ता र चासोका साथ छलफलका मूल विषयहरू कोन्द्रित बन्न पुगे । वर्ग संघर्ष उठाउन र क्रान्तिका कार्यभार पूरा गर्न आफूले जस्तो त्याग र बलिदान गर्न पछि नपर्ने उच्च मनोबलका साथ एकता, संघर्ष रूपान्तरण मुख्यतः यतिबेलाको आवश्यकता भनेको उदासिनता, अकर्मण्यता जस्ता विषयहरूप्रति कडा प्रहारगर्दै आफै समृद्ध बनाउन सुझाव ग्रहण गर्नुका साथै आगामी दिनमा त्यसलाई कार्यान्वयन गर्न र पार्टीलाई साँच्चिकै क्रान्तिकारी र क्रियाशील पार्टी बनाउने प्रतिवद्धता सबैले जाहेर गर्दै पारित गरियो ।

बैठकले लिएका यिनै महत्वपूर्ण विषयलाई आगामी दिनमा कार्यान्वयन गरेको खण्डमा वास्तवमा वर्ग दुश्मनले खडा गरेका सबै खाले पर्खालहरूलाई ढाल्दै सर्वहारा वर्गको क्रान्तिको ढोका खोल्न सम्भव छ भन्ने कुरा देखाएको छ । त्यसैले विगतका दिनहरूका सम्पन्न भएका बैठक, सम्मेलन, भेलाभन्दा भर्खरै सम्पन्न बैठकको अत्यन्तै महत्व रहन पुगेको छ ।

**निर्णयहरूको कार्यान्वयन**

हाम्रो पार्टीले लिएको निर्णय वस्तुवादी मात्र होइन, क्रान्तिकारी पनि हो र छ भन्ने कुरा त आज सम्मका घटना क्रमले प्रष्ट पारिसकेको छ । तर त्यसलाई कार्यान्वयन गर्नमा एउटा प्रतिक्रियावादी वर्गमा पतन हुँदै गएको विगतको माओवादी केन्द्रले बाह्य रूपमा अवरोध पैदा गरेको छ भने आन्तरिक रूपमा आफै भित्रको उदासिनता, आक्रमण्यता, ढिलासुस्ती, बुझाइमा अनेकता जस्ता विषयहरू बाधकका रूपमा रहँदै आएका थिए र छन् । तर

आज क्रान्तिकारीहरूको निरन्तर भण्डाफोर तथा उसको आफ्नै बैचारिक टाटपल्टाइ तथा वर्ग आत्मसमपर्णवादको अनिवार्य परिणामस्वरूप प्रतिकृयावादमा पतनको कारण एउटा कालखण्डको अन्त्य हुन गएको छ । अब कसैले पनि र कसैलाई पनि बीचमा रहेर ढाट्ने छलछाम गर्ने स्थान बाँकी छैन । किनकि सिद्धान्तमा मात्र होइन, व्यवहारतः नै उसको अवसान भएको छ ।

दोस्रो, सबै जिम्मेवारी नेताहरूले आफैप्रति निर्मम बनेर आफ्ना विचारहरू राखेर बैठकलाई शानदार बनाउनु भएको छ । यसकारण आगामी दिनमा पार्टीले तय गरेका योजनाहरू शानदार ढंगबाट कार्यान्वयन हुने कुरामा दुई मत रहँदैन । जनताले हामीबाट गरेको आशा, भरोसा र विश्वासप्रति प्रतिवद्ध भएर एक रूपताका साथ जनतामा जानु उनीहरूलाई संगठित गर्नु र संघर्षमा ल्याउनु हो । कथित वामका नाममा देखा परिरहेको फासिवादका विरुद्धको संघर्षलाई उठाउनु आजको टडकारो आवश्यकता बनिसकेको छ । किनकि कालाबजारी, तस्करी, भ्रष्टचार, महंगी, घुसखोरी जस्ता विषयहरूले जनता आक्रान्त बनिरहेका छन् र राष्ट्रिय स्वाधिनता एकपछि अर्को गर्दै समाप्त हुँदैछ । राज्यले गर्दै आएको आपराधिक क्रियाकलापविरुद्ध एक प्रकारको चोटिलो संघर्षको आवश्यकता छ । जन प्रतिरोधको आवश्यकता छ । राज्यसत्ता नै सर्वहारा वर्गको हातमा लिन जनविद्रोहको आवश्यकता छ । यो काम सर्वहारा वर्गको पार्टीले मात्र पूरा गर्न सक्दछ ।

त्यसैले, यति बेलाको आवश्यकता अथवा पार्टीले लिएको कदम भनेको व्यापक जनताको बीचमा जानु जनतासँग एकाकार हुनु हो । उनीहरूलाई जनसंगठनमा गोल बन्द गर्नु र माथि उल्लेखित जन सरोकारका विषयहरूलाई लिएर जनप्रतिरोधात्मक कार्यवाहीहरू संचालन गर्नु हो । यसका निमित्त व्यापक मात्रामा जानु नै यस बैठकको सार हो । यसले संगठन विस्तार मात्र होइन, संगठनलाई सुदृढ गर्न त्यत्तिकै मद्दत गर्छ भने केन्द्रबाट शुद्धीकृत गर्ने प्रक्रियाको थालनी पनि गर्छ । पार्टीको यही मर्मलाई पकडौं । बैठकको सार कुरा यसैमा छ ।

## जनाधार...

क्रान्तिकारी अखबार भनेको जनाधार निर्माणको भरपर्दो पूर्वाधार हो । र यो कहिल्यै र कुनै बेला चल्ने ( आउने) कुनै पनि प्रकारको हावाहुरीले जताजता बहकायो, उतैउतै बहकिने यो त्यस्तो अखवार होइन । हो त यो क्रान्तिकारी पत्रकारिताभित्रको क्रान्तिकारी अखवार हो । यो अखबार क्रान्तिकारी सम्वाहक मात्र नभई क्रान्तिकारी संगठनकर्ता पनि हो भन्ने कुरो भित्रैदेखि मनन् गर्न गराउन सक्नुपर्छ ।

अखवार सञ्चालन गर्न गराउन आर्थिक स्रोतको ठूलो भूमिका रहेको हुन्छ । आर्थिक स्रोत जुटाउनु भनेको फेरि कुनै ब्यक्तिविशेष, संघ/संस्था वा पार्टीले दिने सहयोग र अनुदान होइन । यसो सहयोग जुट्नु अवश्य पनि नराम्रो होइन, राम्रै हो । तर यसलाई अखवारको मूल आर्थिक स्रोत गनिन्न र होइन । यस प्रकारको सहयोग र अनुदानबाट प्राप्त धनराशीमा आधारित रहेर अखबार नियमित रूपले प्रकाशन हुन र गर्न सम्भव हुन्न । अखबारको मूल आर्थिक स्रोत भनेको अखबारको आफ्नै ग्राहक, रिडर्स र विज्ञापन हो । यस प्रकारको नियमित (मूल) आर्थिक स्रोत जुटाउन अखबारको मूल मकसद (उद्देश्य) अनुरूप मालेवादको भरपूर ब्याख्या र विश्लेषणसहित क्रान्तिकारिताको विश्वनियता सगरमाथा झैं अटल हुनु र व्यवस्थापन पनि चुस्त, दुरुस्त हुनु नितान्त जरुरी छ ।

अखबारको ग्राहक बनाउने अभियानमा, सर्वप्रथम हाम्रो पार्टी सदस्यहरूमा विशेष जोड गर्नुको सँगै अरु हितैषी विशेष र सामान्य जनसमुदाय माझ पनि ग्राहक बनाउने काममा, सम्वन्धित निकायले निरन्तर सक्रियता अपनाउँदै रहनु जरुरी छ । ब्यवस्थापन शाखाले पनि अखबार प्रकाशन भएकै दिन सकभर बिहानै सबै ग्राहकहरूको घरदैलोमा पुऱ्याउने व्यवस्था मिलाउनुको सँगै सामान्य जनमानसको पहुँचमा अखबार पुऱ्याउन, हकरको व्यवस्था र बजार व्यवस्थापकहरूले अभियानकै रूपमा, देशव्यापी सहरबजारमा रहेका पत्रपत्रिकाको प्रत्येक पसलहरूमा सुरुमा दुईप्रति अखबार सबैको नजर पर्ने ठाउँमा झुन्ड्याइ राख्न उत्प्रेरित गर्नुपर्छ ।

यसो गर्नाले देश विदेशको क्रान्तिकारी वस्तुस्थिति जान्न इच्छुक व्यक्तिहरू अखबार किन्न आउँदा वा त्यस बाटोबाट आउने जाने गर्दा, झुन्ड्याइराखेको अखबारहरूको लाइनमा एउटा नयाँ भने जस्तो गरी "वगदृष्टि"मा पनि आँखा पर्छ । यसरी बिस्तारबिस्तारै जनमानसमा भिज्दै जान्छ र यसरी नै विज्ञापनको श्रोत पनि जुट्न आउँछ ।

"मार्क्सवाद-लेनिनवाद-माओवादको झण्डामुनि" अखबार वर्गदृष्टिको वरिपरि अहिलेसम्म जे जति मानिसहरू एकतृत भएका छन् । ती सबै मानिसहरू कम्युनिष्ट होइनन्, तर ती सबै पक्का स्वाभिमानी राष्ट्रवादी नेपालीहरू हुन् । मलाई लाग्छ, कम्युनिष्टहरू गैरकम्युनिष्टहरूको यो एकप्रकारको एकता र आवश्यक कुरा हो र यसले अखबारको उद्देश्यहरूलाई ठीक किसिमले निरूपण गरेको छ । यहाँ कतिपय आफूलाई क्रान्तिकारी कम्युनिष्ट भन्नेहरूले वडो प्रफुल्लित मुद्रामा भन्ने गरेको सुनिन्छ, देशमा क्रान्ति सम्पन्न गर्ने कुरो क्रान्तिकारीहरूको हातबाट मात्र क्रान्ति सम्पन्न हुन सक्तछ । वास्तवमा यो धारणा नै ती आफूलाई क्रान्तिकारी कम्युनिष्ट भन्न रुचाउनेहरूको ठूलो र खतरनाक गल्ती हो । ठीक यसको उल्टो जुनसुकै प्रकारको गम्भीर क्रान्तिकारी कार्यको लागि क्रान्तिकारी सफलताको लागि क्रान्तकारी कम्युनिष्टहरूले वास्तवमा नै सजीव र प्रगतिशील वर्गको अग्रदलको लागि भूमिका मात्रै खेल्न सक्दछ । भन्ने कुरा बुझ्नु र यस कुरालाई जीवनमा लागु गर्नु आवश्यक छ । अग्रदलले फेरि त्यस वेला मात्र अग्रदलको भूमिका निभाउन सक्छ, जब ऊ आफूले नेतृत्व गरेको जनसमुदायबाट नअलगिकन अगाडि बढ्न सक्छ र वास्तवमा नै जनसमुदायलाई अगाडि बढाउने क्षमता राख्दछ ।

दुनियाँमा आफूलाई क्रान्तिकारी कम्युनिष्ट भन्न र भनाउन रुचाउने कुनै पनि कम्युनिष्ट गम्भीर, कठीन र ठूलो परिश्रम नगरिकनै, आलोचनात्मक ढङ्गले जाँची हेर्नुपर्ने तथ्यहरूलाई नबुझिकनै आफूले थाह पाएका तैयार निष्कर्षहरूको आधारमा जनवाद, समाजवाद र साम्यवादको गफ हाँक्न थाल्दछ भने त्यो ज्यादै दयनीय कम्युनिष्ट हुने छ । यस्तो अधकल्चोपना अवश्य नै घातकसिद्ध हुन्छ । मलाई थोरै ज्ञान भन्ने बोध छ भने, म धेरैजनाको निम्ति प्रयत्न गर्ने छु । तर कोही मानिस आफू कम्युनिष्ट भएको दाबा गर्दछ र उसले अब जान्नु पर्ने कुरा केही पनि छैन भन्ने कुरा गर्दछ भने त्यसमा कम्युनिष्ट बन्न लायकको कुनै पनि गुण हुँदैन ।

नेपाली आम जनसमुदायमा सुस्तरी फैलिन लागेको सशस्त्र जनविद्रोह (क्रान्तिकारी युद्ध) को तयारी अभियान, त्यसको एक महत्वपूर्ण क्षणलाई हाम्रो बैधानिक क्रान्तिकारी साप्ताहिक "वर्गदृष्टि" ले अत्यन्तै चनाखोपन अपनाई बडो सजीव तरिकाले अभिव्यक्त गर्नु जरुरी छ । विक्रम सम्वत २०६२ -२०६३ का वर्षहरूमा दलाल नोकरशाही पुँजीवादी तथा सामन्तवादी त्यो प्रतिक्रियावादी राज्यसत्ता सामु, जनयुद्धका प्रमुख नेतृत्व गद्दार प्रचण्ड लगायत अन्य दक्षिणपन्थी अवसरवादी नेता तथा कार्यकर्ताहरूले आत्मसम्पर्ण गरी सामुहिक रूपले क्रान्तिलाई कुल्चिदिएको थियो, नामेट पारिदिए जस्तो लाग्थो । केही वर्ष पछि नेकपा (क्रान्तिकारी माओवादी ) अर्कै रूपले, अर्कै किसिमले शत्रु शिविरभित्र र बाहिरबाट अभिशप्त दलाल नोकरशाही पूँजीवादी तथा सामन्तवादी त्यो प्रतिक्रियावादी शासनलाई प्रतिदिन खुल्लमखुल्ला वैध तरिकाले भत्काउने काम हुँदै आइरहेको छ ।

क्रान्तिकारी कम्युनिष्टहरूको दिलो दिमागमा वर्गसंघर्षको अभिप्राय के हो भन्ने कुराको ज्ञान स्पष्ट हुन जरुरी छ । वर्ग संघर्षको अभिप्राय, दलाल नोकरशाही प्रतिक्रियाकादी सत्ता ढाल्नु हो । दलाल नोकरशाही पुँजीपति र समान्तीहरूलाई सत्ताबाट गलहत्याउनु हो, बुर्जुवा वर्गलाई निर्मूल पार्नु हो । वर्तमान देशको राजनैतिक वस्तुस्थिति क्रान्तिकारीहरूको निमित्त यो एक प्रकारको चुनौती हो र सँगसँगै यो शुभअवसर पनि हो । क्रान्तिकारीहरूको काम केवल दुनियाँलाई बुझ्न मात्र होइन । अपितु दुनियाँलाई आजको आवश्यकता अनुरूप बदल्नु पनि हो । वर्तमान स्थितिको यो चुनौती र शुभअवसरलाई विश्वका तमाम् शोषित पीडित जनसमुदाय तथा सर्वहारावर्गको ज्यानी दुश्मन साम्राज्यवाद, विस्तारवाद, प्रतिक्रियावाद, घरेलु प्रतिक्रियावाद, दलाल पुँजीपति तथा सामन्तवादीहरूविरुद्ध, देशको आवश्यकता र जनचाहनाअनुरूप हाम्रो देश नेपालमा अधुरो रहेको नयाँ जनवादी क्रान्तिलाई पूर्णतामा ढाल्न पार्टीको आत्मगत स्थिति सुदृढ र सुसंगठित पारी, क्रान्तिको ज्वाला दन्काई नयाँ जनगणतान्त्रिक राज्य व्यवस्था कायम् गर्नु आजको यो क्रान्तिकारी राजनीतिक दायित्व हो ।







**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।